# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

वि.सं १९७५ जेठ १८ गते वागमती अञ्चल अन्तर्गत काठमाडौँको लगनटोलमा जन्मेका गोपालप्रसाद रिमाल एक सफल कविका रूपमा सुपरिचित छन् । प्रगतिवादी तथा गद्य कवितापरम्परामा सफल मानिने रिमालले वि.सं. १९९२ सालको शारदा पत्रिकामा प्रकाशित **कविको गान** कविताबाट नेपाली कविताको इतिहासमा पहिलो पटक गद्य कविताको सुरुवात गरेका हुन् । उनका **मसान** (२००३) र **यो प्रेम** (२०१५) दुई उत्कृष्ट यथार्थवादी नाटक पनि रहेका छन् । क्रान्ति एवं विद्रोहको स्वर घन्काउने रिमालका कविताहरुको एक मात्र सङ्ग्रह **आमाको सपना** (२०१९) बहु चर्चित कवितात्मक कृति हो । नेपाली कविताका क्षेत्रमा महत्त्वपूर्ण स्थान ओगट्न सफल यस कविता सङ्ग्रहमा नेपाली समाज, राजनीति, प्रकृति र नारीसँग सम्बन्धित वैचारिक गम्भीरता पाइन्छ । झर्रा र विशुद्ध नेपाली शब्दहरू छोटा, छरिता आन्तरिक लयात्मक कवितात्मक उक्ति विभिन्न विम्ब, प्रतीक, अलङ्कार तथा मिथकको सटीक प्रयोगले यस कृतिको भाषाशैली रोचक र आकर्षक बन्न पुगेको छ ।

'सहित' शब्दमा 'यत्' प्रत्यय लागेर बनेको 'साहित्य' शब्द भाषिक प्रयोगको विशिष्ट कलात्मक रूप हो । साहित्यलाई पहिले पूर्वीय साहित्यमा काव्यको पर्यायका रूपमा लिइन्थ्यो (थापा, २०३६, पृ. १) । पूर्वीय साहित्यमा प्रयोग गरिने 'काव्य' शब्द अहिले साहित्यका रूपमा प्रयोग गरिन्छ । विशिष्ट, अनुभवात्मक र सिर्जनात्मक लेखनको प्रचलित नाम साहित्य हो र यसलाई समस्त सिर्जनात्मक लेखनको समुच्चय पनि मानिन्छ (शर्मा, २०६३, पृ. ३६२) । साहित्यमा शब्द र अर्थको मिलन हुन्छ, भाव र विचारको सम्मिलन हुन्छ, कल्पना र भावनाको योग हुन्छ, अनुभूति र अभिव्यक्तिको संयोग हुन्छ । त्यसैले साहित्यमा सहितको भाव हुन्छ (थापा, २०३६, पृ. २) । साहित्यमा शब्द र अर्थको, कल्पना र भावनाको, भाव र विचारको, अनुभूति र अभिव्यक्तिको सहभाव भएर मात्र हुँदैन । त्यस सहभावले अथवा सहितले हित वा कल्याणकारी भावनाको सम्पादन पनि गरेको हुनुपर्छ अर्थात् हितेन सह सहित । त्यसैले शब्द र अर्थको सहभाव भए मात्र त्यसले सार्थकता पाउँछ र साहित्य जन्मन सक्छ ।

अङ्ग्रेजी भाषामा साहित्यलाई लिटरेचर भनिन्छ । 'लेटर्स' शब्दको उत्पत्तिबाट 'लिटरेचर' शब्द बनेको हो । 'लेटर'को अर्थ 'अक्षर' हो । सोझो अर्थमा विभिन्न अक्षरहरुको सम्मिश्रणलाई साहित्य मान्न सकिन्छ । भाषिक सौन्दर्यका माध्यमबाट मानवीय संवेदनाको अभिव्यक्ति दिनु साहित्य हो जसमा भावना र अनुभूतिले युक्त रागात्मक पक्षहरूको संयोजन हुन्छ । यो काल्पनिकता र सौन्दर्य पक्षलाई जोड दिने मनोरञ्जनपूर्ण त्यस्तो सिर्जना हो जसमा जीवनजगत अभिव्यक्त हुन्छ । साहित्यमा कविता, नाटक, आख्यान र निबन्ध गरी चार विधा छन् । यी विधाका आ-आफ्नै पहिचान र वैशिष्ट्य छन् । यिनै विधाहरूमा प्रयोग गरिने शैलीलाई गद्य र पद्य गरी दुई भागमा विभाजन गर्न सकिन्छ । गद्यशैली सामान्य बोलचालमा प्रयुक्त हुन्छ भने पद्यशैली विशिष्ट र कृतिम प्रकृतिको हुन्छ (शर्मा, २०६३, पृ. ९१) । सिर्जनात्मक लेखनका क्रममा सर्जक आफ्ना कलात्मक अभिव्यक्तिका माध्यमबाट व्याकरणिक वा मानक व्यवस्थामाथि अतिक्रमण गर्न पुग्दछ । अझ साहित्यका अन्य विधाभन्दा कवितामा सर्जकले आफ्नो अभिव्यक्ति सोद्देश्यपूर्ण र सार्थक एवं गहन बनाउन भाषाको व्याकरणिक वा मानक रूपमाथि अतिक्रमण गरी नवीनतम शैलीको प्रयोग गर्दछ र भाषाको यही प्रयोगलाई नै विचलन भनिन्छ ।

व्याकरणिक नियमको उल्लङ्घन अर्थात् लिङ्ग, वचन, पुरुष, काल, भाव, पक्ष, वाच्य आदिमा रहेको व्यवस्थालाई उल्लङ्घन गर्ने कार्यलाई व्याकरणिक विचलन भनिन्छ । प्रत्येक भाषामा आफ्नो स्वरूप र संरचना अनुरूपको निश्चित व्याकरणिक व्यवस्था रहेको हुन्छ । साहित्यिक कृतिको रचनाका क्रममा सर्जकले सधैँभरि आफ्नो निश्चित भाषा वा व्याकरणिक व्यवस्थामा सीमित हुन चाँहदैन त्यसैले सर्जकले आफ्नो अभिव्यक्तिलाई प्रभावकारी बनाउन पदवर्ग, व्याकरणिक कोटि, पदक्रम आदि भाषिक एकाइको नियमसम्मत व्यवस्थामाथि अतिक्रमण गर्छ । लिङ्ग, वचन, पुरुष, काल, पक्ष, पदक्रम आदि व्याकरणिक कोटिमा हुने विचलनलाई व्याकरणिक विचलन भनिन्छ (शर्मा, २०५९, पृ. २१) । साहित्यका अन्य विधामाभन्दा कवितामा अभिव्यक्तिलाई प्रभावकारी तुल्याउन सर्जकले व्याकरणिक विचलनको प्रयोग गर्दछ । कवितामा अनुभूतिलाई गतिशील र जीवन्त तुल्याउन छन्द र लयको प्रादुर्भाव गर्न, विभिन्न अलङ्कृत अभिव्यक्तिद्वारा सौन्दर्यवोध गराउन र संरचनात्मक एवं कथ्य ढाँचालाई निजत्व प्रदान गर्न सर्जक व्याकरणिक विचलनतर्फ अभिप्रेरित हुन्छ । स्रष्टाले आफ्नो विशिष्ट अभिव्यक्तिका क्रममा लिङ्ग, वचन, पुरुष, भाव, काल, पक्ष, वाच्य आदि व्याकरणिक कोटि र वाक्य, उपवाक्य,

पदसङ्गति, पदक्रम आदि एकाइहरुको नियमितता र नियमसम्मत व्यवस्थामाथि अतिक्रमण गर्छ । वास्तवमा त्यही अतिक्रमण नै व्याकरणिक विचलन हो । काव्यमा सौन्दर्य प्रदान गर्न व्याकरणिक यान्त्रिकता तोडेर भाषिक अभिव्यक्ति प्रभावकारी बनाउन सर्जक सधैँ जहाँ तयार हुन्छ त्यहाँ व्याकरणिक विचलन हुन्छ । व्याकरणिक पक्षहरुको विविध सङ्गतिहरुमा देखिने विचलन विशेषतः लिङ्ग, वचन, पुरुष, काल, भाव, वाच्य, पक्ष, पदक्रम आदिको बीचमा देखिन्छ (ढुङ्गेल र अन्य, २०५८, पृ. १३८) । साहित्यिक कृतिको रचनाका क्रममा अभिव्यक्तिलाई नवीनता, सुन्दरता, लयात्मकता र गहनता प्रदान गर्नका लागि मानकबाट विचलित भएको काव्य भाषाको अध्ययन यस शोधकार्यमा गरिएको छ ।

## १.२ समस्या कथन

यो अनुसन्धान निम्नलिखित समस्याहरुमा केन्द्रित रहेको छ :

(क) **आमाको सपना** कविता सङ्ग्रहमा के कस्ता व्याकरणिक कोटि विचलन रहेका छन्?

(ख) के विचलनको सार्थकता ठिक छ ?

## १.३ शोधको उद्देश्य

प्रस्तुत शोधकार्यको प्रमुख उद्देश्य गोपालप्रसाद रिमालद्वारा रचित आमाको सपना कविता सङ्ग्रहको व्याकरणिक विचलनका दृष्टिले अध्ययन गर्नु हो । यही मूल उद्देश्यसँग सम्बन्धित भएर प्रस्तुत कृतिको वस्तुनिष्ट अध्ययन गर्न शोधकार्यका उद्देश्यहरु निम्नानुसार रहेका छन् :

(क) आमाको सपना कविता सङ्ग्रहमा प्रयुक्त व्याकरणिक कोटि विचलनका पहिचान गर्नु,

(ख) व्याकरणिक कोटि विचलनका आधारमा कृतिको विश्लेषण र मूल्याङ्कन गर्नु ।

## १.४ अध्ययनको औचित्य

रिमालको **आमाको सपना** जस्तो नेपाली आधुनिक नेपाली कविताको महत्त्वपूर्ण कृतिको व्याकरणिक कोटि विचलन अध्ययन अनुसन्धानात्मक ढङ्गले गर्नु यस शोधको शोधपरक औचित्य स्पष्ट छ । छोटा-छरिता पङ्क्तिपुञ्ज, झर्रा नेपाली शब्द, आत्मपरक अभिव्यक्ति, साङ्केतिक आशय, आलङ्कारिक अभिव्यक्ति, विचलनयुक्त उक्ति, विभिन्न विम्ब, प्रतीक एवम् मिथकको सटीक प्रयोग, अनेकानेक विषय, विसङ्गति, संवेग आवेग तथा

अलङ्कारको सम्मिश्रण नै **आमाको सपना** कविता सङ्गहको विशेषता हो । यस्तो महत्त्वपूर्ण कृतिको बाह्य र आन्तरिक तहमा वैज्ञानिक, वस्तुपरक, वर्णनात्मक र विश्लेषणात्मक ढङ्गले अनुसन्धान गर्न शैलीविज्ञानको सहयोग लिन आवश्यक छ । शैलीवैज्ञानिक पद्धति अवलम्बन गरी यस कवितात्मक कृतिको साहित्यिक तथा भाषिक शिल्पको विश्लेषणका क्रममा एकरूपता ल्याउन सकिने देखिन्छ ।

यसपूर्व नेपाली साहित्यमा आधुनिक नवीनतम शैलीवैज्ञानिक अध्ययन भएका कृतिहरुको सङ्ख्या निकै कम रहेका छन् । अध्ययन भएका केही कृतिहरुमा पनि उपन्यास, कथा, गीतिनाटक, नाटक र निबन्धमा मात्र बढी भएको तर कवितामा ज्यादै न्यून भएकाले यस कृतिको शैलीवैज्ञानिक अध्ययन गर्नु आफैमा औचित्यपूर्ण ठहरिएको छ । व्याकरणिक विचलनका दृष्टिले आमाको सपना कवितासङ्ग्रहलाई शैलीवैज्ञानिक अध्ययन पद्धति अपनाएर आजसम्म अध्ययन नभएकाले यस्ता कविताको वस्तुपरक ढङ्गले अनुसन्धान गर्न मार्गनिर्देश गराउन पनि सकिएको छ ।

अतः शैलीवैज्ञानिक अध्ययन पद्धतिका क्षेत्रमा चाख लिने पाठक, समीक्षक, अध्यापक, शिक्षक, विद्यार्थी, लेखक तथा विश्लेषकलाई यस शोधकार्यले कुनै पनि साहित्यिक कृतिको शैलीवैज्ञानिक अध्ययन गर्न तथा **आमाको सपना** कवितासङ्ग्रहका कविताका बारेमा स्पष्ट जानकारी दिई प्राज्ञिक ज्ञान अभिबृद्धिमा सहयोग पुऱ्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने हुँदा यसको औचित्य स्पष्ट हुन जान्छ ।

## १.५ अध्ययनको सीमा

गोपालप्रसाद रिमालको एक मात्र चर्चित कवितासङ्ग्रह **आमाको सपना**को शैलीवैज्ञानिक दृष्टिकोणबाट अध्ययन गर्ने क्रममा उनका अन्य कृति, विषय, स्रोत, दार्शनिक पक्ष, प्रवृत्ति, कवितात्मक योगदान, नाट्यकारिता आदिको अध्ययन नगरी केवल व्याकरणात्मक कोटी विचलनका दृष्टिले 'आमाको सपना' मा रहेका कवितामा विचलन र समानान्तरताको अध्ययन गरिएको छ । कृतिमा निहित विचलनले सिर्जना गरेका साहित्यिक तथा भाषिक सौन्दर्यको शैलीवैज्ञानिक अध्ययनमा मात्र यो शोध सीमित रहेको छ । यो नै यस शोधकार्यको सीमा हो । यो अध्ययन मूलतः ध्वनिप्रक्रियात्मक, भाषिका, अर्थ, व्याकरणिक र कोशीय विचलन विश्लेषणमा मात्र सीमित रहेको छ ।

## १.६ अध्ययनको रूपरेखा

यस शोधपत्रलाई क्रमबद्ध एवं व्यवस्थित तवरले अध्ययन गर्नका लागि निम्न उल्लेखित किसिमको रूपरेखामा विभाजन गरिएको छ :

अध्याय एक : परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अध्ययन

अध्याय तिन : अनुसन्धान विधि

अध्याय चार : अध्ययनको व्याख्या - विश्लेषण

अध्याय पाँच : सारांश, निस्कर्ष र उपयोगिता

# अध्याय दुई
# पूर्वकार्यको समीक्षा

## २.१ पूर्वकार्यको समीक्षा

अनुसन्धान सदैव नव नव विषय, तथ्य एवं वादहरुमा केन्द्रित रहेको हुन्छ । नौलो ज्ञान प्राप्त गर्नका लागि अनुसन्धान प्रभावकारी सिद्ध हुन्छ । यसरी शोधार्थीले छनौट गरेको विषयमा अघिल्लो समयमा के कति खोज अनुसन्धान भए भन्ने कुराको जानकारीका लागि पनि पूर्वकार्यको अध्ययन अपरिहार्य देखिन्छ । पूर्वकार्यको समीक्षाले हालसम्म कस्ता कस्ता विषयमा केके खोज भए ? र त्यो खोज समाधानका निम्ति विकल्पहरू केके हुन सक्छन् भन्ने वास्तविक कुराको जानकारी अनुसन्धान कर्तालाई मिल्छ । जसले गर्दा शोध बढी व्यवहारिक, वस्तुनिष्ठ एवं सुन्दर बन्न पुग्छ । अतः शोधकर्ताका लागि पूर्वकार्यको समीक्षा गर्न अत्यावस्यक हुन्छ ।

कविता साहित्यको सबैभन्दा प्राचीन र लोकप्रिय विधा हो । आफ्नो सीमित आयतन र खिरिलो संरचना एवं प्रभावोत्पादक शैलीका कारण साहित्यका क्षेत्रमा यसको आफ्नो विशिष्ट स्थान कायम छ । कविताले आफूलाई स्वतन्त्र र सानो भइकन पनि पूर्ण विधाका रूपमा स्थापित गरेको छ । आधुनिक नेपाली कविता साहित्यमा खासगरी वि.सं १९९० पछि र २०२० अगि गुणात्मक दृष्टिले गोपालप्रसाद रिमालका कविताहरु निकै प्रसिद्ध छन् । उनको एकमात्र कवितात्मक कृति **आमाको सपना** (२०१९) हो । यो अभिव्यक्तिमा निजीकरण भएको, नेपाली झर्रा र मौलिक शब्दले भरिएको गद्य कवितात्मक कृति हो । यस कृतिका बारेमा छुट्टै अध्ययन र समालोचना यथेष्ट रूपमा हालसम्म नभए तापनि विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरुमा विभिन्न विद्वान्हरूले गोपालप्रसाद रिमाल र उनको कविताका बारेमा समीक्षा तथा टिप्पणी भने गरेको पाइन्छ । यिनै समीक्षात्मक सूचनाहरु पूर्वकार्यका रूपमा यहाँ कालक्रमिक आधारमा निम्नानुसार प्रस्तुत गरिएको छ :

जोशी (२०२१) द्वारा लिखित नयाँ जीवन र नयाँ कविता लेखमा भनिएको छ :

अमेरिकाली कवि वाल्ट ह्विटमनको गद्य शैलीलाई नेपाली काव्य संसारमा भित्र्याएर नेपाली काव्यको पाठकलाई नितान्त नौलो स्वरूपसँग परिचित गराई यिनी पश्चिमेली र नेपाली काव्यजगतको मितेरी साँघु बने । गद्य कविताको प्रवर्तन एवं प्रवर्धन गर्न गोपालप्रसाद

रिमालले वाल्ट ह्विटमनको धारणा ग्रहण गरी पूर्ववर्ती कविहरुको भाषा-शैलीमाथि ठूलो प्रश्न चिह्न खडा गरे ।

त्रिपाठी (२०२८) ले **आधुनिक नेपाली कविता** कृतिको भूमिका लेखमा रिमालका बारेमा भनेका छन् : रिमाल सहज-संवेद्य कवि हुन् । सरल-मधुर पदावलीद्वारा कोमल-कोमल भावलाई व्यक्त गर्नमा उनी प्रवीण छन् । तर प्रतीकवादी काव्यधाराबाट प्रभावित रिमालको प्रतीकात्मकताले यस सहज- संवेद्यतालाई विशेष गरिमा दिएको छ । नारी र प्रेमसम्बन्धी जीवनमूलक र सोद्देश्य स्वरमा चिरबिराउने रिमालले प्रकृति विम्बद्वारा कलात्मकता प्रदान गरेका मात्र होइनन्, प्रेम र दाम्पत्य अनि वात्सल्यका प्रतीकद्वारा क्रान्तिको रागिनी सुसेलेका छन् । ... जुन सहज-संवेद्यता, कलात्मकता, प्रतीकात्मकता र केन्द्रीयताद्वारा कवि रिमालले क्रान्तिको स्वर प्रस्तुत गरेका छन् , त्यसैबाट उनको कवित्त्वले चरमोत्कर्ष प्राप्त गरेको छ ।

त्रिपाठी (२०३२) द्वारा लिखित कवि गोपालप्रसाद रिमालको कविता यात्रा, **नौलो नेपाली** लेखमा रिमाललाई चिनाउने क्रममा भनिएको छ : रिमालको क्रान्तिचेतना तीखो छ र व्यङ्ग्यप्रहार धारिलो छ अनि अस्वस्थतामूलक विशृङ्खलता मै पनि उनको कवित्व जागृत नै प्रतीत हुन्छ, तैपनि रिमालको कवित्वको स्वर्णकाल भन्नु २०००-४ सालकै समय हो र उत्तरवर्ती समय रिमालको महान् प्रतिभाको क्षत-विक्षत सुषमाको दिग्दर्शन हो भन्नु सहजै प्रासङ्गिक देखापर्छ ।

शर्मा (२०३२) द्वारा लिखित रिमालको क्रान्तिकारिता पीरो आँसु, तातो जीवन,**नौलो नेपाली** लेखमा प्रजातन्त्र र स्वतन्त्रताका सेनानीका रूपमा चित्रण गर्दै भनिएको छ : आमाको सपना रिमालको विशिष्ट काव्य कृति हो । फुटकर कविताहरुको सँगालो भए पनि यसले हाम्रो जातीय इतिहासको संक्रमण कालीन मूल्यलाई संश्लिष्ट गरेको छ । रिमाललाई प्रजातन्त्रोत्तर र प्रजातन्त्र-पूर्व नेपालको इतिहाससँग खण्डित गरेर बुझिँदैन । इतिहासको समप्रेक्षमा रिमालको आमाको सपना पढ्ने हो भने मात्र समय चेतनाको परिवर्तित स्वरूपलाई रिमालले कसरी आत्मसात् गरेछन् भन्ने कुरा थाहा हुन्छ । जातीय मूल्यलाई उत्खनन् गर्दै त्यसप्रति नेपालीलाई सजक बनाउन कवितालाई हतियारको रूपमा प्रयोग गर्ने कविहरुमा रिमाल निसन्देह जेठा रहेका छन् ।

श्रेष्ठ (२०३२) ले कवि रिमालको शब्द-कोषमा 'नारी' - 'क्रान्ति'**, नौलो नेपाली** लेखमा भनेका छन् : कवि रिमालको नारी अल्छी सपना देख्ने र विलासितामा आफूलाई

समर्पित गर्ने नारी होइन, उनको नारी त हुरी जन्माउन सक्ने औ जडतालाई पनि सग्बगाइदिन सक्ने छोरोकी आमा हो । आमाको पवित्रता, न कि बेश्याको अनैतिकता कवि रिमालका कविताको सर्बोपरिता हो । त्यसैले उनको 'सारा सृजन शक्तिको मुख' भएर देशको निम्ति, राष्ट्रिय स्वार्थको निम्ति क्रान्तिको पुत्र जन्माएर नेपाली जीवनको औसीँलाई पूर्णेमा परिवर्तन गरिदिन चाहन्छ ।

उपाध्याय (२०३२) ले साहित्यकार गोपालप्रसाद रिमाल र नेपाली साहित्यमा नयाँ मोड, **नौलो नेपाली** लेखमा रिमाललाई क्रान्तिकारी कविका रूपमा चित्रण गर्दै भनेका छन् :रिमालसित देवकोटा र समको जस्तो उच्च कल्पना, विशाल भाव सामाग्री र गहन दार्शनिक चिन्तन त थिएन, तर आफूले ओगटेको भाव- क्षेत्रलाई कलात्मक पोशाक पहिल्याएर तीखो र टड्कारो रूपमा प्रस्तुत गर्ने प्रतिभा अवश्य थियो । उनको दृष्टि यथार्थकेन्द्री थियो र स्वभाव क्रान्तिकारी । यी दुई कारणले नै उनको साहित्यलाई परम्परादेखि हटेर नयँ मोडको रूपमा उपस्थित हुने गौरव प्राप्त भयो ।

प्रधान (२०३२) ले फ्रायडवादी साहित्यकारको रूपमा रिमाल, **नौलो नेपाली** लेखमा रिमाललाई यौनवादी कविका रूपमा चित्रण गर्दै भनेका छन् : अश्लीलतालाई लुकाउनु नै कवि रिमालको यौनवादी धारणाको विशेषता झल्कन्छ । यसैकारण निष्कर्षमा भन्न खोज्दा रिमाल इब्सेन र चेखोबका साहित्यिक प्रयोग र प्रवृत्तिदेखि मात्र प्रभावित र प्रेरित नभएर फ्रायडका यौन मनोवैज्ञानिक धारणा र सिद्धान्तदेखि पनि उत्तिकै निकट छन् । त्यसैले आधुनिक नेपाली साहित्यको प्रवर्तनमा रिमाल पनि अग्रगन्य व्यक्तिका रूपमा प्रज्वलित हुनाका साथै स्वीकार्य पनि छन् ।"

प्रधान (२०३२) द्वारा लिखित सपना-आगो-रिमाल, **नौलो नेपाली** लेखमा भनेका छन् : उनीलाई उनको सपनाले विक्षिप्त पार्‍यो, उनकै आकाङ्क्षाले बौलाहा बनायो । जुन समाजमा आकाङ्क्षाहरु जन्मन्छन् र निरर्थक हुन्छन्, उनीहरुलाई तिनका उनै विवशताहरुले बौलाहा बनाएका हुन् । भट्टराई (२०३२) ले अध्यात्मवाद र राजनीतिका सङ्गमका रूपमा रिमाल**, नौलो नेपाली** लेखमा भनेका छन् : उनको कवितामा मनुष्यभन्दा श्रेष्ठ कोही छैन । हरेक मान्छेमा ईश्वरको सर्वशक्तिमत्ता छ भन्ने विश्वास उनले दिन खोजे । आमाको सपनाले उनको कवितामा एक दार्शनिक सिद्धान्तको प्रतिपादन गर्छ र क्रान्तिको सूत्र बन्छ ।

यात्री (२०३२) ले आमाको सपनामा दार्शनिकता, **नौलो नेपाली** लेखमा भनेका छन् : गोपालप्रसाद रिमालको आमाको सपना प्रसिद्ध कविता हो । यो गद्य कविता रिमालका

उत्कृष्ट र अमर कविताहरुमध्ये सर्वश्रेष्ठ हो । दुई दशकभन्दा अघि राणा शासनका बखतमा लेखिएको यो कविता आज पढ्दा पनि हामीलाई प्रभावित नपारी  छोड्दैन । यसको विषयको गहनता  र अभिव्यक्तिको चमत्कारले हामीलाई छुन्छ एवं यसको ध्वनि हाम्रो अन्तस्करणमा गुन्जिरहन्छ ।

वन्धु(२०३२) ले गोपाल प्रसाद रिमालले बोलिरहेको खस कुरा, **नौलो नेपाली** लेखमा भनेका छन् :आफ्ना कुराहरु सरल शब्द र वाक्यावलीमा प्रस्तुत गरेर रिमालले आफ्ना कवितामा ध्वन्यात्मकता ल्याए । साँच्ची नै भन्ने हो भने उनको ठूलो विशेषता यही हो - अत्यन्त सरल भइकन पनि अत्यन्त प्रभावकारी भाषाको प्रयोग गर्नु । तुलनावादीहरु भन्नेछन् उनले नाटकमा इब्सेनेली पारा र ह्विटम्यानेली शैली ल्याए ।

भट्ट(२०३२) ले कवि रिमाल प्रगतिवादीको रूपमा, **नौलो नेपाली** लेखमा भनेका छन् :कवि रिमालका कविता अन्याय, अत्याचार, अज्ञान, गरिबी, दासत्व कसैका अगिल्तिर पनि निउरन भनेको ठ्याम्मै जान्दैनन् । यी कविता आज पनि देशाभिमानी, स्वतन्त्रताप्रेमी, न्यायप्रेमी र समानता खोज्ने नेपालीलाई अनेक किसिमका अल्छ्याइँ र आत्मलघुता र घुँडा टेकाइबाट जुरुक्क जुरुक्क उभ्भिन प्रेरित गर्दछन् । जसरी मानवता प्रकृतिको लाख थप्पड खाएर पनि हार नखाई कत्ति नहडबडाई अघि बढ्दै गरेको हुन्छ, त्यस्तै किसिमले रिमालजीका कविताले पाठक भित्रका कायरता र सङ्कुचिततालाई कुरीकुरी गर्दै लखेट्न सघाउँछन् ।

'भावुक'(२०३२) ले  विद्रोही साहित्यकार : रिमाल, **नौलो नेपाली**  लेखमा भनेका छन् : रिमाल विद्रोहात्मक साहित्य लिएर देखापर्दछन् । विचार, भाव र शिल्प कौशलता सबै क्षेत्रमा समानता पाइन्छ - रिमालका कवितामा ।

अर्याल (२०३२) ले  **व्यङ्ग्यकार रिमाल : एक दृष्टि, नौलो नेपाली** लेखमा भनेका छन् : मलाई तिम्रो बाहिरी आकार प्रकारसित कुनै सरोकार छैन । कवितामा तिमी देखिन्छौ - प्रीति र मुक्तिका तीव्र तीखोबन्धन र उत्पीडन प्रतिका उग्र प्रहार । त्यसैले पारखीहरू भन्छन् - रिमालका कवितामा मायाका सुसेली र क्रान्तिका रागसँगसँगै सुनिन्छन् :- रिमालका नाटकमा उन्मुक्तिका छटपटी र उन्नयनका ध्वनिहरू भित्रभित्रै गुन्जिन्छन् । खरेल (२०३२) ले विद्रोही प्रतिभा रिमाल, **नौलो नेपाली** लेखमा भनेका छन् : विद्रोही प्रतिभा रिमाल एउटा वेगवान नदी अथवा विस्पोटक एउटा ज्वालामुखी थिए आफैंमा । त्यसैले २००७ साल अघिको नेपाली इतिहासको विरोधमा शंखनाद गरे ।

व्यथित (२०३२) ले  रिमाल एक अभिव्यक्ति, **नौलो नेपाली** लेखमा भनेका छन् : भैरवले ताप्ने गरेको फिलुङ्गो भने हुन्छ रिमालका रचनालाई । हुन त फिलुङ्गो सानो देखिन्छ तर अन्तरनिहित हुन्छ - दावाग्निको विराटवीर्य । यदि त्यसो नभएको भए समय समयमा क्रान्तिकारी रुद्रले खोजी खोजी त्यस्तो फिलुङ्गो आफ्नो तेस्रो आँखामा अवश्य पनि धारणा गर्ने थिएनन् । भट्टराई (२०३२) ले कवि र राजनीतिका सङ्गम रिमाल, **नौलो नेपाली** लेखमा भनेका छन् : समाजका बेथिति, शोषण, अन्याय, अत्याचार, दमन जस्ता दुश्चक्र उपर कवि प्रहार गर्छ खुकुरीले होइन- कविता वाणले । यो कविको स्वाभाविक कर्तव्य हो । कवि रिमाल त्यसैले एक विद्रोही र क्रान्तिकारी कविको रूपमा पनि उभिनु भएको छ ।

उपाध्याय (२०३२) ले रिमालका मौलिक पक्ष, **नौलो नेपाली** लेखमा भनेका छन् : वहाँका कविताहरुको भाषा ज्यादै सरल, सुन्दर शैली, पूर्ण प्रगतिवादी, संघर्षशील र जोशिला पाइन्छन् । रिमालज्यूका कविता कलात्मक दृष्टिले उत्कृष्ट छन् । वहाँ प्रेमको संसारमा पनि क्रान्तिको सम्भावना देख्नुहुन्छ ।

पोखरेल (२०५९) ले **सिद्धान्त र साहित्य** ले  कवि रिमालका बारेमा भनेका छन् : गद्यमा सफल कविता लेख्ने प्रथम कवि मानिएका गोपालप्रसाद रिमालको योगदान बडो महत्त्वपूर्ण छ । रिमालका गाद्यिक फुटकर कविताहरू यस क्षेत्रका रत्नै हुन । रिमालका फुटकर कविताको सँगालो आमाको सपना हो ।

बन्धु (२०६२) ले **नेपाली कविता भाग - ३** मा रिमालका सम्बन्धमा अध्ययन गर्दै यसो भनेका छन् : रिमालका कवितामा संवेदनशील युवाहरूको स्वस्थ सिर्जनात्मक इच्छा, आशा, क्रान्ति, विद्रोह र परिवर्तनका स्वर गुञ्जित छन् । ... नेपाली गद्य कविताका महारथी र युगलाई इमान्दारीसाथ डोऱ्याउन चाहने रिमाललाई शङ्कर लामिछानेले नेपालका वाल्ट हिटम्यान भन्न खोजेकोमा अतिशयोक्ति छैन । नेपाली आलोचकहरु उनलाई प्रथम सफल गद्यकवि र नेपाली कवितामा नवीन परम्पराका प्रवर्तक भन्दछन् ।

## २.२ अध्ययनको उपयोगिता

रिमालको **आमाको सपना** जस्तो नेपाली आधुनिक नेपाली कविताको महत्त्वपूर्ण कृतिको शैलीवैज्ञानिक अध्ययन अनुसन्धानात्मक ढङ्गले गर्नु यस शोधको शोधपरक उपयोगिता रहेको छ । छोटा-छरिता पङ्क्तिपुञ्ज, झर्रा नेपाली शब्द, आत्मपरक अभिव्यक्ति,

साङ्केतिक आशय, आलङ्कारिक अभिव्यक्ति, विचलनयुक्त उक्ति, विभिन्न बिम्ब, प्रतीक एवम् मिथकको सटिक प्रयोग, अनेकानेक विषय, विसङ्गति, संवेग र आवेग तथा अलङ्कारको सम्मिश्रण नै **आमाको सपना** हो । यस्तो महत्त्वपूर्ण कृतिको बाह्य र आन्तरिक तहमा वैज्ञानिक, वस्तुपरक, वर्णनात्मक र विश्लेषणात्मक ढङ्गले अनुसन्धान गर्न शैलीविज्ञानको सहयोग लिन आवश्यक छ । शैलीवैज्ञानिक पद्धति अवलम्बन गरी यस कवितात्मक कृतिको साहित्यिक तथा भाषिक शील्पको विश्लेषणका क्रममा एकरूपता ल्याउने प्रयास गरिएको छ ।

यसपूर्व नेपाली साहित्यमा आधुनिक नवीनतम शैलीवैज्ञानिक अध्ययन भएका कृतिहरुको सङ्ख्या निकै कम रहेका छन् । अध्ययन भएका केही कृतिहरुमा पनि उपन्यास, कथा, गीतिनाटक, नाटक र निबन्धमा मात्र बढी भएको तर कवितामा ज्यादै न्यून भएकाले यस कृतिको शैलीवैज्ञानिक अध्ययन गर्नु आफैमा उपयोगी ठहरिएको छ । व्याकरणिक कोटी विचलनका दृष्टिले आमाको सपना कवितासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन पद्धति अपनाएर आजसम्म अध्ययन नभएकाले यस कृतिको वस्तुपरक ढङ्गले अनुसन्धान गरिएको छ ।

अतः शैलीवैज्ञानिक अध्ययन पद्धतिका क्षेत्रमा चाख लिने पाठक, समीक्षक, अध्यापक, शिक्षक, विद्यार्थी, लेखक तथा विश्लेषकलाई यस शोधकार्यले कुनै पनि साहित्यिक कृतिको शैलीवैज्ञानिक अध्ययन गर्न तथा **आमाको सपना** कवितासङ्ग्रहका कविताका बारेमा स्पष्ट जानकारी दिई प्राज्ञिक ज्ञान अभिबृद्धिमा सहयोग पुऱ्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने हुँदा यसको उपयोगिता स्पष्ट हुने देखिन्छ ।

यो शोध गोपालप्रसाद रिमालले रचना गरेको आमाको सपना कविता सङ्ग्रहको व्याकरणिक कोटि विचलनमा सीमित रहेकाले अघिल्ला अध्ययनमा केकस्ता खोज कार्य भए त्यसबाट जानकारी हाँसिल गर्दै प्राप्त निश्कर्षलाई विश्लेषण गरी कोटी विचलनमा मात्र केन्द्रित रहन उपयोगी सावित हुने देखिन्छ । पूर्वकार्यमा आइसकेका विषयहरू यस अध्ययनमा कतै नदेहोऱ्याउन पनि समीक्षाको उपयोगिता प्रष्ट हुन आउँछ ।

## २.३ सैद्धान्तिक अवधारणा

### २.३.१ परिचय

'सहित' शब्दमा 'यत्' प्रत्यय लागेर बनेको 'साहित्य' शब्द भाषिक प्रयोगको विशिष्ट कलात्मक रूप हो । साहित्यलाई पहिले पूर्वीय साहित्यमा काव्यको पर्यायको रूपमा लिइन्थ्यो (थापा, २०३६, पृ. १) । पूर्वीय साहित्यमा प्रयोग गरिने 'काव्य' शब्द अहिले साहित्यका रूपमा प्रयोग गरिन्छ । विशिष्ट, अनुभवात्मक र सिर्जनात्मक लेखनको प्रचलित नाम साहित्य हो र यसलाई समस्त सिर्जनात्मक लेखनको समुच्चय पनि मानिन्छ (शर्मा, २०६३, पृ. ३६२) । साहित्यमा शब्द र अर्थको मिलन हुन्छ, भाव र विचारको सम्मिलन हुन्छ, कल्पना र भावनाको योग हुन्छ, अनुभूति र अभिव्यक्तिको संयोग हुन्छ । त्यसैले साहित्यमा सहितको भाव हुन्छ (थापा, २०३६, पृ. २) । साहित्यमा शब्द र अर्थको, कल्पना र भावनाको, भाव र विचारको, अनुभूति र अभिव्यक्तिको सहभाव भएर मात्र हुँदैन । त्यस सहभावले अथवा सहितले हित वा कल्याणकारी भावनाको सम्पादन पनि गरेको हुनुपर्छ अर्थात् हितेन सह सहित । त्यसैले शब्द र अर्थको सहभाव भए मात्र त्यसले सार्थकता पाउँछ र साहित्य जन्मन सक्छ ।

अङ्ग्रेजी भाषामा साहित्यलाई लिटरेचर भनिन्छ । 'लेटर्स' शब्दको उत्पत्तिबाट 'लिटरेचर' शब्द बनेको हो । 'लेटर'को अर्थ 'अक्षर' हो । सोझो अर्थमा विभिन्न अक्षरहरूको सम्मिश्रणलाई साहित्य मान्न सकिन्छ । भाषिक सौन्दर्यका माध्यमबाट मानवीय संवेदनाको अभिव्यक्ति दिनु साहित्य हो जसमा भावना र अनुभूतिले युक्त रागात्मक पक्षहरुको संयोजन हुन्छ । यो काल्पनिकता र सौन्दर्य पक्षलाई जोड दिने मनोरञ्जनपूर्ण त्यस्तो सिर्जना हो जसमा जीवनजगत अभिव्यक्त हुन्छ । साहित्यमा कविता, नाटक, आख्यान र निबन्ध गरी चार विधा छन् । यी विधाका आ-आफ्नै पहिचान र वैशिष्ट्य छन् । यिनै विधाहरुमा प्रयोग गरिने शैलीलाई गद्य र पद्य गरी दुई भागमा विभाजन गर्न सकिन्छ । गद्यशैली सामान्य बोलचालमा प्रयुक्त हुन्छ भने पद्यशैली विशिष्ट र कृतिम प्रकृतिको हुन्छ (शर्मा, २०५९, पृ. ९१) । सिर्जनात्मक लेखनका क्रममा सर्जक आफ्ना कलात्मक अभिव्यक्तिका माध्यमबाट व्याकरणिक वा मानक व्यवस्थामाथि अतिक्रमण गर्न पुग्दछ । अझ साहित्यका अन्य विधाभन्दा कवितामा सर्जकले आफ्नो अभिव्यक्ति सोद्देश्यपूर्ण र सार्थक एवं गहन बनाउन भाषाको व्याकरणिक वा मानक रूपमाथि अतिक्रमण गरी नवीनतम शैलीको प्रयोग गर्दछ र भाषाको यही प्रयोगलाई नै विचलन भनिन्छ । साहित्यिक कृतिको रचनाका क्रममा

अभिव्यक्तिलाई नवीनता, सुन्दरता, लयात्मकता र गहनता प्रदान गर्नका लागि मानकबाट विचलित भएको काव्य भाषाको अध्ययन यस शोधकार्यमा गरिएको छ ।

## २.३.२ शैली

'शैली' शब्द संस्कृतको 'शील' मा 'ई' प्रत्यय लागी बनेको हो । शीलका अनेक अर्थ छन् जसमध्ये स्वभाव, लक्षण, बानी र चरित्र आदि मुख्य छन् । यद्यपि साहित्यिक समालोचनाको फाँटमा निकै प्रचलित शैली शब्द अङ्ग्रेजीको स्टाइल शब्दको नेपाली रूपान्तरण हो । अङ्ग्रेजीको स्टाइल शब्दको व्युत्पत्ति ल्याटिन भाषाको स्टिल्युस् शब्दबाट भएको मानिन्छ । यस शब्दको उपस्थितिमा अवेस्तामा स्टार्क (चुली) का रूपमा र ग्रिसेलीमा स्टोलस् (स्तम्भ) का रूपमा प्रयोग भएको पाइन्छ । पश्चिमा ल्याटिन शब्द स्टोलस्को सबैभन्दा पुरानो प्रयोग 'मइनमाथि बनाइएको हाड वा धातुको कलम' भन्ने अर्थमा गरिएको छ । पछि अर्थ परिवर्तन भई स्टाइल शब्दले वर्तमान अर्थ ग्रहण गरेको छ (शर्मा, २०५९, पृ. २) । शैलीलाई विभिन्न विषयगत क्षेत्रअनुसार भिन्नाभिन्नै अर्थमा प्रयोग गरिएको पाइन्छ । नेपाली बृहत् शब्दकोश (पोखरेल, २०६७, पृ. ११९६) ले शैलीको अर्थलाई यसरी परिभाषित गरेको छ :

शैली ना. (सं)

१. विशेष किसिमको कुनै काम गर्ने प्रणाली वा पद्धति , काम गराइको ढाँचा , परिपाटि , छाँटछन्द ।
२. असल शील स्वभाव भएका व्यक्तिबाट हुने कुरो ।
३. कुनै सिद्धान्तजस्तै भएर आएका रीति वा चलन ।
४. साहित्यिक रचनाका लेखकका व्यक्तित्वगत विशेषताको छाप दिने वा विषयवस्तुको अनुकूल भाव अभिव्यक्ति हुने खास ढाँचा । (सरल शैली, तार्किक शैली, आलङ्कारिक शैली आदि) ।

साहित्यिक कृतिको रचनाका क्रममा प्रत्येक सर्जकको अभिव्यक्ति गर्ने शैली आ-आफ्नै हुन्छ । शैली व्यक्तिपिच्छे फरकफरक हुने भएकाले यसमा सर्जकको व्यक्तिगत प्रभाव प्रत्यक्ष वा परोक्षरूपमा परेको हुन्छ । शैलीलाई भाषिक अभिव्यक्तिको विशिष्ट प्रयोग मानिन्छ । रचनाकारको यस्तो विशिष्ट रचनाप्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ, जसमा भाषिक एकाइको सौन्दर्यबोधक समुच्चय हुन्छ र भाषा एवं विषयका दृष्टिबाट विचलित

हुन्छ (शर्मा, २०५९, पृ. ३) । सामान्य अर्थमा शैलीलाई बाह्य गतिविधिको ढङ्गढाँचा वा तौरतरिकाको रूपमा बुझ्न सकिन्छ । त्यसैगरी भाषिक अर्थमा अभिव्यक्तिको तरिकाका रूपमा बुझ्न सकिन्छ भने भाषावैज्ञानिक अर्थमा विविध अभिव्यक्तिमा प्रयुक्त शिल्पको अध्ययन गर्ने शास्त्रका रूपमा उल्लेख गर्न सकिन्छ (भण्डारी र अन्य, २०६७, पृ. २३) । शैलीलाई परिभाषित गर्ने क्रममा मुख्यतया तिन किसिमका देखापरेका छन् (शर्मा, २०५९, पृ. २) ।

१. शैली त्यसलाई भनिन्छ, जसले सामान्य भाषाको संरचनालाई अतिक्रमण गर्छ वा गर्न सक्छ ।

२. शैली एकभन्दा बढी भाषिक एकाइको सौन्दर्यबोधक समुच्चय हो ।

३. शैली कुनै रचनाकारको विशिष्ट रचना प्रकार हो ।

रचनाकारको त्यस्तो विशिष्ट रचनाप्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ, जसमा भाषिक एकाइको सौन्दर्यबोधक समुच्चय हुन्छ र भाषा एवं विषयका दृष्टिबाट विचलित हुन्छ । समग्रमा अभिव्यक्तिको शारीरिक गठन शैली हो । साहित्यिक अभिव्यक्तिका दुई पक्ष छन् - भावपक्ष र कलापक्ष (पोखरेल, २०५९, पृ. १०८) । भाव अभिव्यक्तिको प्राण भएकाले भाव पक्ष विचारसित सम्बन्धित छ र कला अभिव्यक्तिको रूप भएकाले कलापक्ष शैलीसित सम्बन्धित छ । प्राणबिना शरीर लाश भएझैँ भावबिना अभिव्यक्ति निर्जीव हुन्छ भने शरीरबिना प्राण अर्थात् रूपबिना आकृति प्रभावशाली र क्रियाशील बनेर अस्तित्वमा आउन नसकेझैँ शैलीबिना भाव गतिशील हुन सक्दैन यसरी भाव र शैलीमा अन्योन्याश्रिय सम्बन्ध छ (ऐजन) । त्यसैले शैली भनेको भाषाका माध्यमबाट गरिने वस्तुनिष्ट एवं वैज्ञानिक अध्ययन तथा विश्लेषण पद्धति हो भन्ने मानिन्छ ।

काव्य वा साहित्य सिर्जनाका क्रममा स्रष्टाले आफ्ना कलात्मक अभिव्यक्तिहरू प्रस्तुत गर्न विभिन्न वैयक्तिक आधारमा भिन्न शैलीको निर्माण गर्न सक्छ । साहित्यिक रचनामा महत्त्वपूर्ण भाव वा विचारलाई सम्प्रेषण गर्न सर्जकले विशेष किसिमको शैलीको निर्माण गरेको हुन्छ । शैली विचार वा भावलाई अभिव्यक्त गर्ने ढङ्गढाँचा, तरिका वा पद्धति हो । प्रत्येक सर्जकले आफ्नो रचनामा आफ्नो व्यक्तिगत प्रभाव र प्रवृत्तिअनुरूप कलाकौशलता अभिव्यक्त गर्न विभिन्न प्रकारका शैलीको अवलम्वन गर्दछ । त्यसैले शैलीबाट सर्जकको व्यक्तित्व झल्किएको हुन्छ । हरेक सर्जकका आ-आफ्नै सिर्जनात्मक शैलीले साहित्यलाई कलात्मक बनाएको हुन्छ ।

## २.३.३ शैलीविज्ञान

शैलीविज्ञान अंग्रेजी शब्द स्टाइलिस्टिक्सको नेपाली रूपान्तरण हो । स्टाइलिस्टिक्स को प्रथम प्रयोक्ता चाल्स बेली (सन् १८६५) हुन् । उनले आफ्ना गुरु फर्डिनान्ड डी. सस्युरको भाषिक अवधारणाबाट प्रभावित भएर शैलीविज्ञानका क्षेत्रमा महत्त्वपूर्ण योगदान पुर्याएका थिए । १९ औँ शताव्दीको सुरुमा जर्मनीमा स्टाइलिस्टिक् शब्दको प्रयोग भएको पाइन्छ भने फ्रेन्चमा सन् १८७२ मा स्टाइलिस्टिक् शब्दको प्रयोग भएको उल्लेख छ । अङ्ग्रेजीमा चाहिँ स्टाइलिस्टिक शब्दको प्रयोग सन् १८८२ मा भएको उल्लेख छ (शर्मा, २०५९, पृ. ४) । आधुनिक युगमा शैलीविज्ञानको शुभारम्भ प्रसिद्ध भाषावैज्ञानिक फर्डिन्यान्ड डी. सस्युरका भाषा र सङ्केत व्यवस्था, सङ्केतित र सङ्केतक, वस्तु र रूप, भाषा र वाक्, विन्यासक्रमिक तथा सहचारक्रमिक सम्बन्ध,समकालिक र कालक्रमिक अध्ययन जस्ता भाषिक अवधारणाबाट प्रारम्भ भएको हो (शर्मा, २०५९, पृ. ४) । नेपालीमा भने शैलीविज्ञान शब्दको प्रयोग केही दशक अघिबाट भएको देखिन्छ । नेपाली भाषामा प्रयुक्त शैलीविज्ञान शैलीको विज्ञान भन्ने शब्दहरुबीच समास भएर निर्माण भएको छ । जसको सामान्य अर्थ शैलीको अध्ययन गर्ने विज्ञान हुन्छ भने विशिष्ट रूपमा शैलीविज्ञानले 'भाषाको माध्यमबाट गरिने वस्तुनिष्ठ आलोचना प्रणाली' लाई बुझाउँछ (ढुङ्गेल र अन्य, २०५८, पृ. १२९) ।

शैलीविज्ञानको विकासमा विभिन्न भाषिक सम्प्रदायको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । ती मध्ये रसियाली सम्प्रदाय, बेनेडिट्टो क्रोचेको सौन्दर्य शास्त्रीय सिद्धान्त, ज्याक डेरिडाको विनिर्माणवाद वा उत्तरसंरचनावाद आदिको  महत्त्वपूर्ण स्थान रहेको छ । यी भाषिक सम्प्रदायको जगमा टेकेर शैलीविज्ञानले हुर्कने तथा झाँगिने अवसर प्राप्त गरेको पाइन्छ ।

एक्काइसौँ शताब्दीमा शैलीविज्ञान साहित्य समालोचनाको नवीनतम, पूर्ण एवं स्वतन्त्र विधाका रूपमा स्थापित भएको छ । भाषाविज्ञानका प्रायशः सबै सिद्धान्तहरुका आधारमा शैलीवैज्ञानिक अध्ययनहरु हुन थालेका छन् । सिद्धान्तः भाषाविज्ञान र साहित्यशास्त्रको समन्वयबाट निर्मित शैलीविज्ञानले विज्ञान वा शास्त्रको रूपमा पूर्णता चाहिँ चिह्नविज्ञान र प्रतीकविज्ञानसँग हातेमालो गरेपछि पाएको हो (शर्मा, २०५९, पृ. ४) । अभिव्यक्तिको विश्लेषण गर्दा भाषापरक दृष्टिले हेर्ने भएकाले यसको प्रवृत्ति नै कलापरक, भाषावादी, वस्तुवादी तथा सौन्दर्यवादी रहेको हुन्छ तर आत्मवादी भने होइन (भण्डारी र अन्य, २०६७, पृ. २३) । यसका भाषातात्त्विक, साहित्यिक, दार्शनिक, मनोवैज्ञानिक, साङ्ख्रीय

आदि थुप्रै शाखाहरु छन् (ढुङ्गेल र अन्य, २०५८, पृ. १३५) । समालोचना गर्दा आत्मवादीभन्दा वैज्ञानिक वस्तुगत तथ्यलाई आधार मानी अध्ययन गर्ने हुनाले यो व्यवस्थित, वस्तुनिष्ठ र वैज्ञानिक हुन्छ । प्रायोगिक भाषाविज्ञानको एक शाखाका रूपमा परिचित भएको यो विधा भाषा प्रयोगको तरिका तथा भाषाको विश्लेषणमा भाषावैज्ञानिक मान्यता उपयोग गर्ने विषयमा केन्द्रित भएको हुन्छ ।

## २.३.३.१ शैलीवैज्ञानिक अध्ययनका चरणहरु

प्रायोगिक भाषाविज्ञानका क्षेत्रमा शैलीविज्ञान त्यस्तो भाषावैज्ञानिक अध्ययन पद्धति हो, जसले अभिव्यक्तिको शैलीगत अध्ययन विश्लेषण गर्दछ । ढुङ्गेल र अन्य (२०५८, पृ. १३६) का अनुसार शैलीविज्ञानले निम्न पक्षमाथि शैलीगत अध्ययन गर्दछ :

(क) एउटा वाक्य विभिन्न स्तरका भाषिक एकाइहरू तथा उपश्रेणीहरुबाट निर्माण हुन्छ । वाक्यमा ती विभिन्न स्तरका भाषिक एकाइहरु तथा उपश्रेणीहरुले विभिन्न शैलीगत प्रभावहरु पार्दछन् । ती शैलीगत प्रभावहरुको अध्ययन शैली विज्ञान अन्तर्गत गरिन्छ ।

(ख) साहित्यिक भाषा, शास्त्रीय भाषा, विज्ञापनको भाषा, कानुनको भाषा, विज्ञान एवं प्रविधिको क्षेत्रमा प्रयोग हुने भाषा, सञ्चार माध्यमको भाषा आदि जस्ता विशिष्ट भाषाभेदको भाषा शैलीवैज्ञानिक वर्णन आदि पनि शैलीविज्ञान अन्तर्गत गरिन्छ ।

(ग) कविता, आख्यान, निबन्ध र नाटक जस्ता साहित्यिक रचनाहरुको अध्ययन शैलीविज्ञान अन्तर्गत गरिन्छ ।

माथि प्रस्तुत गरिएको पहिलो र दोस्रो दुई प्रकारका अध्ययन सामान्य शैलीविज्ञान अन्तर्गत पर्दछन् भने तेस्रो चाँहि साहित्यिक शैलीविज्ञानअन्तर्गत पर्दछ । शैलीविज्ञानका भाषागत र साहित्यिक गरी दुई भेद छन् । यसलाई क्रमशः सामान्य शैलीविज्ञान र साहित्यिक शैलीविज्ञानको रूपमा प्रस्तुत गर्न सकिन्छ :

## २.३.३.१.१ सामान्य शैलीविज्ञान

साहित्येतर सङ्कथनको भाषावैज्ञानिक अध्ययन गर्ने शैलीविज्ञान नै सामान्य शैलीविज्ञान हो । यसलाई भाषावैज्ञानिक शैलीविज्ञान पनि भनिन्छ । यसले सामान्य भाषावैज्ञानिक सिद्धान्तहरुबाट निर्मित पद्धतिद्वारा निर्मित रूप भाषाको वर्णनका लागि कोटिहरूको व्यवहार गरेर, एउटा रचनाकार अथवा अलगअलग रचनाकारहरूद्वारा लिखित

एक वा विभिन्न विधाहरुको विभिन्न पाठहरूको परस्पर तुलना गरेर साहित्यिक पाठको विवरण प्रस्तुत गर्दछ (ढुङ्गेल र अन्य २०५८, पृ. १३६) । यसमा साहित्यिक रचनाबाहेकका सङ्कथनहरुको अध्ययन  गरिन्छ । ज्ञानविज्ञानका विविध क्षेत्रमा इतिहास, भूगोल, राजनीति शास्त्र, धर्म शास्त्र, अर्थशास्त्र, विज्ञानजस्ता विषयका प्रकटीकरणमा प्रयुक्त शैलीको विश्लेषण हुन्छ । त्यस्ता रचनाहरुका निर्माणमा प्रयुक्त वर्ण, रूप, शब्द, पदावली, वाक्यांश, वाक्य, अनुच्छेद र समग्रकथनका साथै तिनीहरूको छनोट र संरचना, ढङ्गढाँचा र शैलीगत समग्रताको अध्ययन हुन्छ भने जुनसुकै परिवेशमा सम्पन्न भएका संवाद, छलफल, प्रश्नोत्तर, विज्ञापन, निमन्त्रणा, पत्राचार, पत्राचार अन्तरक्रियाका मौखिक र लिखित भेद, भाषाका क्षेत्रीय भेद र सामाजिक भेदको व्याख्या र विश्लेषण हुन्छ (ढकाल, २०६७, पृ. ३६) । यसअन्तर्गत वर्ण, रूप, शब्द, पदावली, वाक्यांश, वाक्य आदिका स्तरमा ध्वन्यात्मक, वार्णिक र व्याकरणिक पक्षको अध्ययन विश्लेषण गरिन्छ अर्थात् सामान्य शैलीविज्ञानले कुनै रचना वा पाठको भाषावैज्ञानिक विश्लेषण गर्दछ । सामान्य सन्दर्भको अनौपचारिक भेटघाटका कुराकानी, छलफल तथा विज्ञापन, चिठी-पत्र, सूचना, समाचार आदिको अध्ययन गर्ने भएकाले सामान्य शैलीविज्ञानले सामान्य र स्तरीय भेद, औपचारिक र अनौपचारिक भेद, मौखिक र लिखित भेद, स्थानीय र सामाजिक भाषिकागत अभिव्यक्तिलाई अध्ययनको विषय बनाउँछ (भण्डारी र अन्य २०६७, पृ. २४) ।

यसरी भाषाका वर्णदेखि संरचनातहसम्मको छनोट तथा बनोटका साथै तिनीहरुमार्फत् गरिने अभिव्यक्तिको तरिकाको समग्रतालाई सामान्य शैलीविज्ञानको अध्ययन क्षेत्रभित्र राख्ने गरिन्छ ।

## २.३.३.१.२ साहित्यिक शैलीविज्ञान

भाषाको विशिष्ट प्रयोग नै साहित्य हो । साहित्यको भाषावैज्ञानिक दृष्टिले अध्ययन, विश्लेषण हुन्छ (ढकाल २०६७, पृ. ३६) । भाषाका खास भेदको (साहित्य) अध्ययन गर्ने शैलीविज्ञान साहित्यिक शैलीविज्ञानका नामले चिनिएको पाइन्छ (भण्डारी र अन्य, २०६७, पृ. २४) । साहित्यिक शैलीवैज्ञानिक अध्ययन साहित्यिक प्रसङ्गहरूको प्रकृति तथा साहित्यिक भाषाको उद्देश्यमूलक नियमहरुबाट अनुशासित हुन्छ । साहित्यिक शैलीविज्ञानमा प्रबल र प्रभावी भाषिक संरचनाहरूको रेखाङ्कन विश्लेषण गर्दा केवल रूप पक्षसम्म मात्र सीमित रहदैन, बरु संकेतित निर्दिष्ट हुने पाठको अर्थ अथवा कथ्यसँग पनि सम्बन्धित हुन्छ ।

साहित्यिक शैलीविज्ञानमा भाषिक एकाइको शैलीवैज्ञानिक अध्ययन र भाषाभेदहरुमा प्रयोग गरिने साहित्यको साथसाथै सहित्येतर पक्षको भाषाशैलीवैज्ञानिक वर्णन गरिन्छ (ढुङ्गेल र अन्य, २०५८, पृ. १३६) । भाषिक रूपबाट व्यक्त हुने प्रत्येक रूपलाई  साहित्यका रूपमा मात्र लिन नसकिने भएकाले मनुष्यको भावसंसारसित सम्बन्धित भाषिक कलालाई  मात्र साहित्यिक शैलीविज्ञानअन्तर्गत राखेर अध्ययन गरी साहित्यिक सौन्दर्य र उत्कृष्टताको खोजी गरिन्छ (भण्डारी र अन्य, २०६७, पृ. २४) । यसरी सहित्यिक कृतिको शैलीवैज्ञानिक अध्ययनलाई नै साहित्यिक शैलीविज्ञान भनिन्छ । यसमा साहित्यिक कृतिमा निहित भाषिक एवं भाषिकेतर विभिन्न पक्षको अध्ययन हुन्छ ।

साहित्यिक शैलीविज्ञान अन्तर्गत साहित्यका विविध विधा जस्तै कथा, कविता, नाटक र निबन्ध आदि कृतिको शैलीवैज्ञानिक अध्ययनमा विशेष जोड दिइन्छ । यो शैलीविज्ञानकै पर्यायका रूपमा रहेको हुनाले यसले साहित्यिक पाठको शिल्प विधानका तहमा केन्द्रित रही शैलीको विश्लेषण गरिन्छ । सामान्य शैलीविज्ञानले विश्लेष्य पाठको आधार सामग्रीको तह र भाषिक प्रतीकको तहको आधारमा वैज्ञानिक अध्ययन गर्दछ भने साहित्यिक शैलीविज्ञानले यस बाहेक कला माध्यमको आधारमा पनि कृतिको अध्ययन विश्लेषण गर्दछ । साहित्यलाई सजीव संरचना मानेर त्यसको व्याख्या विश्लेषणमा यो केन्द्रित रहेको पाइन्छ ।

साहित्यिक शैलीविज्ञान साहित्यिक भाषाको वस्तुपरक अध्ययन गर्ने वैज्ञानिक समालोचनात्मक सिद्धान्त भएकाले यसमा कृतिमा प्रयुक्त भाषिक चयन, विचलन, समानान्तरता, व्याकरण व्यवस्था, शव्दव्यवस्था, ध्वनिव्यवस्था आदिको सौन्दर्यशास्त्रीय अध्ययन गर्दछ । शव्दका अन्तरतहमा लुकेर बसेको व्यङ्ग्यार्थबोध गराउँदै कृतिको आन्तरिक तथा वाह्य तहको मूल्याङ्कन गर्नु नै साहित्यिक शैलीविज्ञानको मूल उद्देश्य रहेको पाइन्छ ।

## २.३.४ शैलीविश्लेषण प्रक्रिया

भाषाको कलात्मक अभिव्यक्ति साहित्य हो । शैलीविज्ञानका दृष्टिबाट कृतिविश्लेषणका निम्ति भाषाविज्ञानका क्षेत्रमा प्राप्त विभिन्न भाषिक उपकरणको प्रयोग गरिन्छ । शैलीविज्ञानका दृष्टिबाट अध्ययन विश्लेषण गर्ने कृतिको प्रकृति (भाषागत, विधागत, शैलीगत, आकारगत) को जानकारी र विश्लेषणको क्षमता र आवश्यकताले पनि कृतिविश्लेषणको प्रारूप निर्धारणमा महत्त्वपूर्ण भूमिका खेल्दछ (ढुङ्गेल र अन्य,२०५८, पृ. १३६) । जुनसुकै साहित्यिक कृतिलाई स्वतन्त्र र स्वायत्त रचनाका रूपमा लिइन्छ । तसर्थ

साहित्यिक रचनाहरुको शैलीविश्लेषणका लागि सोहीअनुसारको सुझबुझ आवश्यक हुन्छ । साहित्यको शैलीवैज्ञानिक विश्लेषण गर्दा कम्तीमा यसमा निहित दुई तहको ख्याल राख्नुपर्छ । भाषिक संरचना र साहित्यिक संरचना (अधिकारी २०६१, पृ. ९) । भाषाको कलात्मक अभिव्यक्ति साहित्य हो । शैलीविज्ञानका दृष्टिबाट कृति विश्लेषणका निम्ति भाषाविज्ञानका क्षेत्रमा प्राप्त विभिन्न भाषिक उपकरणको प्रयोग गरिन्छ । शैलीविज्ञानका दृष्टिबाट अध्ययन विश्लेषण गर्ने कृतिको प्रकृति (भाषागत, विधागत, शैलीगत, आकारगत) को जानकारी र विश्लेषणको क्षमता र आवश्यकताले पनि कृति विश्लेषणको प्रारूप निर्धारणमा महत्त्वपूर्ण भूमिका खेल्दछ (ढुङ्गेल रअन्य,२०५८, पृ. १३६) । भाषिक संरचना ध्वनि, वर्ण, रूपदेखि सङ्कथनसम्मको एकाइमा आवद्ध एवं संरचित हुन्छ । यिनै भाषिक अवयवहरुलाई आधार सामग्रीका रूपमा उपयोग गरेर साहित्यिक संरचनाको निर्माण भएको हुन्छ । साहित्यमा भाषिक संरचना विशिष्टीकृत रूपमा शीर्षीकृत भएर आएको हुन्छ । यसरी भाषिक अवयवहरुको संरचनालाई साहित्यिक सुन्दरता दिन चयन, विचलन र समानान्तरताको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । शैलीविज्ञानले भाषा विज्ञानमा उपलव्ध प्रविधि र उपकरणका आधारमा कृति विश्लेषणको प्रारूप तयार गर्दछ । कृति विश्लेषणको प्रारूप अन्तर्गत मोहनराज शर्मा (२०५९, पृ. ६) ले निम्नलिखित प्रक्रिया रहने बताएका छन् :

<table>
<tr><td rowspan="9">कृति</td><td rowspan="2">साहित्यिक संरचना</td><td>बनोट</td><td></td></tr>
<tr><td>बुनोट</td><td></td></tr>
<tr><td rowspan="4">शैली</td><td>चयन</td><td></td></tr>
<tr><td rowspan="2">अग्रभूमिनिर्माण</td><td>सामानान्तरता</td></tr>
<tr><td>विचलन</td></tr>
<tr><td>विविधता</td><td></td></tr>
<tr><td rowspan="3">भाषा संरचना</td><td>व्याकरण व्यवस्था</td><td></td></tr>
<tr><td>शब्द व्यवस्था</td><td></td></tr>
<tr><td>ध्वनि व्यवस्था</td><td></td></tr>
</table>

यस आरेखमा आएका शैलीका उपकरणहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

### २.३.४.१ विकल्पन र चयन

शब्द आदि भाषिक एकाइको सुविचारित छनोटलाई चयन भनिन्छ (ढुङ्गेल र अन्य, २०५८, पृ. १३७) । कृतिगत शैलीको पहिचान गर्ने र सो आधारमा कृतिको मूल्याङ्कनका निम्ति चयनको महत्त्वपूर्ण भूमिका रहन्छ । विभिन्न विकल्पहरु मध्ये उपयुक्त छनौट गर्नु नै चयन हो । साहित्यिक अभिव्यक्तिमा विविधता सिर्जना गर्न भाषामा उपलब्ध विकल्पहरुले ठूलो भूमिका निर्वाह गर्दछन् । भाषामा उपलब्ध विकल्पहरुलाई शैलीका सर्जक मानिन्छ । यिनै विकल्पहरुमध्ये उपयुक्त कुनै एकको छनोट गर्नुलाई चयन भनिन्छ (अधिकारी, २०६०, पृ. ९) ।

विकल्पहरुको चयनमा एकको कार्यका लागि अर्काले काम चलाउन सक्ने स्थिति हुनुपर्छ । यसको मतलब विकल्पहरु समानान्तर वा समस्तर प्रकृतिको हुनु आवश्यक छ । वर्ण, रूप, शब्द, पदावली, उपवाक्य वा वाक्य जस्ता एकाइका समान तहमा मात्र नभएर उच्च-निम्न श्रेणीमा पनि विकल्पहरु उपलब्ध हुन सक्छन् अर्थात् रूपको विकल्प शब्द र शब्दको विकल्प पदावली र पदावलीको विकल्प उपवाक्य पनि हुन सक्छ (अधिकारी, २०६०, पृ. १०) । त्यसैले विकल्पहरुको चयनमा भाषिक श्रेणीहरूले फड्को मार्ने सम्भावना पनि हुन्छ । अभिव्यक्तिलाई प्रभावकारी बनाउन स्रष्टाले शाब्दिक वा अन्य तहको छनौट गर्न सक्छ । जस्तै नेपालीमा 'आमा' शब्दलाई जनाउने जननी, माता, महतारी आदि विभिन्न शब्दहरु प्रचलित छन् । यस्ता विविध विकल्पहरुमध्ये कुनै एकको छनौट गर्नु नै चयन हो । स्रष्टाले साहित्यिक कृतिको रचनाका क्रममा प्रयोग गर्ने यस प्रकारको चयन अर्थपूर्ण हुन्छ । यसलाई देश, काल, परिवेश, वातावरण एवं विषयले निर्धारण गर्ने तथा सर्जकको मनोवैज्ञानिक धरातलले पनि प्रभाव पारेको हुन्छ । यो सर्जकले योजनावद्ध रूपमा स्वतस्फूर्त रूपमा पनि प्रयोग गरेको हुन सक्छ । भाषिक एकाइहरुमध्ये पनि शब्द चयन बढी प्रचलित छ । साहित्यिक कृतिमा तुलनात्मक रूपमा शब्दगत वा अन्य चयनभन्दा वाक्य चयन बढी प्रभावकारी र स्तरीय हुन्छ । यसले सर्जकको भाषिक शिल्पको पहिचान समेत दिन्छ । भाषिक चयनमा शब्दचयन, वाक्यचयन, उखानटुक्काको चयन, निजी भाषाको चयन, चिह्नको चयन, व्यवहारिक चयन, व्याकरणिक चयन, पदवर्गको चयन, विम्बप्रतीकको चयन, अलङ्कारको चयन, शैलीकीय चयन, पर्यायवाची शब्द चयन, पारिभाषिक शब्द चयन, रूपान्तरणात्मक चयन आदि रहेका छन् (अधिकारी, २०६०, पृ. ११) ।

## २.३.४.२ अग्रभूमिनिर्माण

अग्रभूमिको प्रस्तुति मध्यभूमि वा पश्चभूमिभन्दा मुखर सुस्पष्ट र ध्यानाकर्षण हुन्छ । साहित्यकारले आफ्नो रचनामा वक्ता र श्रोताको अपेक्षालाई आधार बनाउँछ र व्याकरणिक नियमलाई बेवास्ता गर्दछ भने त्यहाँ अग्रभूमिनिर्माण हुन पुग्दछ । रचनाको कुनै अंशलाई विशिष्ट तुल्याउन सो अंशमा विशेष जोड दिनु नै अग्रभूमिनिर्माण हो (शर्मा, २०५९, पृ. ८) । कृति विश्लेषणका निम्ति शैलीविज्ञानको क्षेत्रमा नवीनतम अध्ययन पद्धतिको विकास स्वरूप ई. १९३० मा जे. मुकारोब्स्कीले अग्रभूमिको निर्माणसम्बन्धी धारणाको प्रवर्तन गरेका हुन् । पाश्चात्य काव्य समीक्षाका क्षेत्रमा शैलीविज्ञान अन्तर्गतको अग्रभूमिनिर्माण एक अधुनातन विधा हो । साहित्यिक कृतिको रचनाका क्रममा सर्जकले विषयअनुरूप जानीबुझीकन अथवा विविधतामयी रूपमा भाषाको विशिष्ट रूपको प्रयोग गर्दछ, वास्तवमा त्यहाँ अग्रभूमिको निर्माण हुन पुग्दछ । रचनाको कुनै भागलाई विशिष्ट बनाउन त्यो भागमा विशेष बल दिनु नै अग्रभूमिनिर्माण हो (ढुङ्गेल र अन्य, २०५८, पृ. १३८) । यो कुनै अभिव्यक्तिमा पाठक वा श्रोताको विशेष ध्यानाकर्षण गराउने युक्ति हो । शैलीविज्ञान तथा अग्रभूमिनिर्माणको प्रादुर्भाव गर्ने मुकारोब्कीले काव्य भाषाको सिर्जनामा यसलाई महत्त्वपूर्ण स्थान दिएका छन् । उनका अनुसार अग्रभूमिमा नवीनता, असामान्यता, अद्वितीयता, अप्राप्यता, अप्रत्याशितता जस्ता विशेषता रहेका हुन्छन् । साहित्यिक कृतिमा अग्रभूमिनिर्माण भनेको अभिव्यक्ति माध्यमका कुनै पक्षलाई भङ्गिमाका वक्रताद्वारा तिख्याउनु वा उध्याउनु हो (शर्मा, २०५९, पृ. २१) । साहित्यिक कृतिमा अग्रभूमिनिर्माण स्वचल होइन, स्वचलेतर भाषिक प्रयोगबाट हुन्छ । यस्तो प्रयोग सौन्दर्यपूर्ण, सार्थक, नौलो हुने हुँदा यसले सजिलै पाठकको ध्यानाकर्षण गर्छ र तिनलाई चमत्कृत समेत तुल्याउँछ ।

साहित्यिक कृतिमा अभिव्यक्तिको पुराव्यवस्थालाई तोडेर नव्यव्यवस्थालाई अँगाल्ने गरिन्छ । साहित्यिक कृतिमा अग्रभूमीकरण भनेको अभिव्यक्ति माध्यमका कुनै पक्षलाई भङ्गिमाको वक्रताद्वारा तिख्याउनु वा उद्याउनु हो । बढी प्रयोगका कारण रुढ र यान्त्रिक हुँदै गएका संवेदनाहरुलाई तोड्नु र तिनमा नयाँ रङ्ग भरेर वस्तुजगत्प्रतिको रुढ बोधमा सामिप्यता ल्याउनु यसको उद्देश्य हो (शर्मा र अन्य, २०६१, पृ. २५१) । साहित्यको भाषाले श्रोता वा पाठकमा बढी जिज्ञासा उत्पन्न गराउँछ । साहित्यकारले सम्पूर्ण व्याकरणिक नियमलाई मिच्न नसक्ने हुनाले जनअपेक्षा अनुरूपको भाषा चयन गर्दछ । परम्परित भाषा प्रयोगमा हुने स्वचलनको विपरीत यसले भाषा प्रयोगमा अवस्वचालन र अवपरिचयीकरण

गराएर नवीनता ल्याइदिन्छ । सामान्य भाषाको प्रयोगमा भाषा यस्तो स्वचालित र रुढ हुन्छ, त्यस्तो अभिव्यक्तिमा साहित्यिकता वा सौन्दर्य कमै अनुभव हुन्छ । तसर्थ साहित्यिक अभिव्यक्ति प्रचलित वा स्वीकृत मानकलाई व्यवस्थित रूपमा भङ्ग गरेर सिर्जना गरिन्छ (अधिकारी, २०६०, पृ. १३) । कलाको क्षेत्रमा प्रयोग हुने यस शब्दलाई साहित्यमा प्रचलित बनाएका मुकारोब्स्कीले अग्रभूमिनिर्माणलाई साहित्य सिर्जनाको महत्त्वपूर्ण कडीका रूपमा प्रस्तुत गरेका छन् । ज्यादै प्रचलनले गर्दा रुढ र यान्त्रिक हुन पुगेको प्रयोगलाई टुटाउन सर्जकले अग्रभूमिको निर्माण गरी विशिष्ट र नयाँनयाँ प्रयोग गर्दछ । यसका साथै प्रचलित प्रयोगभन्दा बढी स्तरीय हुनु, प्रभावशाली हुनु, महत्त्वपूर्ण हुनु, अनौठोपन वा वक्रताले गर्दा चर्चित वा काव्येय बन्न सक्नु अग्रभूमिलाई पहिचान गर्ने आधार मानिन्छ (अधिकारी, २०६०, पृ. १३) । काव्यमा भाषा रूपलाई जीवन्त बनाउन अग्रभूमिनिर्माण आवश्यक पर्दछ, जसले भाषामा लचकता ल्याउँछ । अग्रभूमिनिर्माण गर्दा शब्दको कोशीय अर्थलाई ख्याल गरिन्छ र वाक्यको विषयवस्तुलाई पनि ख्याल गरिन्छ । शब्दको कोशीय अर्थ र विषयवस्तुलाई ख्याल गरेर मात्र अग्रभूमिनिर्माण गरिन्छ ।

अग्रभूमिनिर्माणमा सर्जकले साहित्यमा प्रतीकात्मकता, आलङ्कारिकता, वक्रता तथा भाषाको अर्थगत विचलनलाई प्रमुख स्थान दिन्छ, जुन बोलीचालस्को भाषाबाट अनुबन्धित हुदैनन् । अग्रभूमिनिर्माण गर्दा भाषा त्यहाँ मात्र जीवन्त हुन सक्छ, जहाँ आमजनमानसले त्यो भाषालाई मूर्त रूप दिन्छ र पाठकले शब्दहरूका बिचको पारस्परिक सम्बन्धबाट अर्थबोध गर्दछ । साहित्यमा प्रयोग गरिएको काव्यात्मक भाषाले चित्रात्मक स्वरूप दिन्छ, त्यो कलात्मक हुन्छ र पाठकले  भाषा ग्रहण गर्दछ । अग्रभूमिनिर्माण गर्दा शब्दहरुको विचलन हुन्छ त्यसमा यदि काव्यात्मकता वा साहित्यिक सौन्दर्य रहन्छ भने विचलन आवश्यक पर्दछ । समयको अन्तरालसँगै व्याकरणिक र काव्यात्मक भाषा परिवर्तित हुदै जाने क्रममा अर्थमासमेत फरक हुँदै जान्छ ।

परम्परित प्रचलित संवेदना तोडेर विशिष्ट संवेदनाको  खोजी गर्नु, अभिव्यक्तिलाई छरितो धारिलो बनाउनु, वक्रोक्तिपूर्ण अभिव्यक्तिद्वारा ताजापन ल्याउनु, प्रचलित प्रयोगभन्दा नवीन आश्चर्यजनक प्रयोगमा विशेष ध्यान दिनु, प्रतीकात्मक, बिम्बात्मक एवं आलङ्कारिक कथनलाई बढी प्रभावकारी, स्मरणीय र महत्त्वपूर्ण बनाउनु नै अग्रभूमिनिर्माण गर्नु हो । पश्चभूमिमा रहेको सूचनालाई अग्रभागमा ल्याई नवीनता सिर्जना गर्नुलाई पनि अग्रभूमिनिर्माण भनिन्छ, जुन शैलीवैज्ञानिक प्रतिफलमूखी ठानिन्छ । रचनाको कुनै भागलाई

विशिष्ट बनाई सौन्दर्य प्रकट गर्न एवं अभिव्यक्तिमा अनौठो र प्रभावकारिता ल्याउन यसको महत्त्वपूर्ण स्थान रहेको छ ।

अतः अग्रभूमिनिर्माण भनेको पश्चभूमिमा रहेको सूचनालाई नवीन शैलीमार्फत् शीर्षीकृत गर्ने प्रक्रिया हो (चौधरी, इ. १९८३, पृ. २८७) ले शैलीवैज्ञानिक अध्ययनका प्रमुख तत्त्वहरूमा विचलन, अक्रमता, प्रयुक्ति, समानान्तरता, अस्पस्टता, असङ्गतता, वा विरोधाभास, भाषिक संरचनाको अन्तर, संरचनात्मक संक्षिप्तता, अर्थद्योतक ध्वनि प्रयोग, गति, यति र तुक तथा अप्रस्तुतविधान हुने कुरा बताएका छन् । यहाँ विचलनलाई स्पष्ट रूपमा क्रमशः उल्लेख गरिएको छ :

## २.३.४.२.१ विचलन

सामान्य नियम वा प्रचलित संरचनाको अतिक्रमणलाई विचलन भनिन्छ । प्रचलित पथ वा मानक प्रयोगलाई उल्लङ्घन गर्ने हुनाले यसलाई विपथन पनि भन्न सकिन्छ (अधिकारी, २०६०, पृ. १३) । यस्तो विचलन सोद्देश्यपूर्ण अथवा खास साहित्यिक कृतिमा विशिष्टता सिर्जना गर्न आएको हुन्छ । त्यसैले उद्देश्यविहीन विचलनलाई यसमा लिइँदैन । साहित्यिक कृतिको रचनाका क्रममा सर्जक असचेत रूपमा मानकबाट विचलित भइरहेको हुन्छ । यस प्रकारको विचलन भाषाको सामान्य नियमको परिधिबाहिर भए पनि आर्थी रूपमा भाषिक परिधिमा नै हुन्छ । भाषिक एकाइका विभिन्न तहमा विचलन देखिन्छ । विन्यासक्रमिक र सहचारक्रमिक दुवै प्रकृतिमा विचलनले शब्दहरूको प्रयोगमा यथास्थितिबाट प्रशस्त मात्रामा हलचल ल्याउन सक्छ । भाषा एक नियमशासित व्यवस्था हो । भाषामा सामान्य नियमको परिधिलाई उल्लङ्घन गर्दै स्रष्टाले काव्य भाषाको सिर्जना गर्दछ, जसमा सर्जकले मानक भाषाको अतिक्रमण गर्दछ । यसरी सर्जकले साहित्यिक कृतिको रचनाका क्रममा बाह्यान्तरिक सौन्दर्य प्रकटनका लागि मानक भाषामाथि अतिक्रमण गर्दछ त्यो नै विचलन हो । काव्यात्मक अभिव्यक्तिका रूपमा स्रष्टा ध्वनि-व्यवस्था, वाक्य-व्यवस्था र व्याकरण व्यवस्थाबाट कुनै न कुनै रूपमा मुक्त हुन्छ र उसले आफ्नो कल्पनाशीलताको माध्यमबाट भाषाको बिम्बात्मक, चित्रात्मक वा मानवीकृत स्वरूप निर्माण गर्दछ यसैलाई भाषिक विचलन भनिन्छ । यस्तो विचलन सर्जकले आफ्नो मनोवैज्ञानिक धरातल अनुरूप गर्दछ तर त्यस्तो विचलन भाषाको निश्चित नियमको

सुविचारित उल्लङ्घन भने होइन । यहाँ मानक भनेको भाषाको सामान्य व्यवस्था हो र मानकको अतिक्रमण भनेको भाषाको मानक भिन्न स्वच्छन्द प्रयोग हो ।

सामान्यत : भाषाको स्वीकृत वा मानक रूपलाई खज्मज्याएर वा उल्टोपाल्टो पारी प्रयोग गर्नु विचलन हो (ढकाल, २०६७, पृ. ५१) । कृतिमा नवीनता ल्याउने नाममा निरर्थक ढङ्गले भाषिक एकाइको प्रयोग गर्नु चाँहि पटक्कै युक्ति सङ्गत हुँदैन ।

विचलनको प्रयोगबाट सर्जकले कुनै स्थापित साहित्यिक मूल्य, मान्यतालाई अतिक्रमण गर्दछ । रुढ र परम्परागत प्रयोगबाट आफ्नो आशय अभिव्यक्त नहुने बेलामा कृतिकारले विचलनमार्फत आफ्नो आशय प्रष्ट पार्ने काम गर्दछ (ढुङ्गेल र अन्य, २०५८, पृ. १३८) । भाषाका वर्ण, रूप, शब्द, पद, पदावली, उपवाक्य, वाक्य र सङ्कथनका तहमा विभिन्न प्रकृतिका विचलनहरु प्राप्त हुन्छन् । संवेदनशील भाव वा सुक्ष्म विचारलाई प्रकट गर्न सामान्य भाषा असमर्थ भएपछि त्यसैका दबाबमा सर्जकले नयाँ ढाँचाको अभिव्यक्ति प्रणाली वरण गर्छ जसका कारण साहित्यिक भाषा जन्मन पुग्दछ ।

रुढ परम्परित र यान्त्रिक भाषा प्रयोगलाई तोडेर साहित्यिक कृतिको रचनाका क्रममा सर्जकले नवीन, कलात्मक, प्रतीकात्मक अभिव्यक्ति प्रदान गर्नका लागि विचलनको युक्ति अपनाउने गर्दछ । शैलीविज्ञानका सन्दर्भमा सौन्दर्य प्रदान गर्ने एउटा युक्तिका रूपमा विचलनलाई लिइएको पाइन्छ । विचलन सधैँ उद्देश्यपूर्ण र सार्थक हुनु पर्छ । त्यस्तो सार्थक विचलनले मात्र अग्रभूमिको निर्माण गर्न सक्छ । विचलन देखाउनका लागि नभएर साहित्यिक कृतिमा आकर्षण र सार्थक प्रयोगका सन्दर्भमा अभिव्यक्त भएको पाइन्छ (ढुङ्गेल र अन्य, २०५८, पृ. १३८) । सामान्य भाषामा प्रयुक्त सामान्य भाषिक नियमको अतिक्रमण अर्थात् मानवेतर प्रयोगलाई विचलन भनिन्छ (शर्मा, २०५९, पृ. २१) । वास्तवमा विचलन साहित्यिक रचनामा सौन्दर्य खडा गर्न प्रयोग गरिएको भाषाको मानवेतर प्रयोग हो । शब्द र अर्थका तहमा विविध प्रकृतिका सौन्दर्यको आविर्भावका लागि प्रयोग गरिएको विचलन नै सार्थक र उद्देश्यपूर्ण विचलन हो । भाषाको व्यवस्थाका बारेमा जानकारी नै नभई प्रयोग गरिने मानवेतर प्रयोग निरर्थक र त्रुटिपूर्ण विचलन हो । यस्ता प्रयोगले कृतिको सिर्जनात्मक मूल्यमा क्षति पुग्दछ । कृतिमा नवीनता प्रयोग गर्ने नाममा अर्थहीन ढङ्गले भाषिक एकाइको प्रयोग गर्नु हुँदैन । त्यसैले विचलनको प्रयोग सार्थक र उद्देश्यपूर्ण रूपमा साहित्यमा सौन्दर्य प्रदान गर्नमा केन्द्रित हुनु पर्दछ ।

विचलनले अनियमितता वा प्रचलित मानकलाई उल्लङ्घन गरेर अभिव्यक्तिमा आकर्षण पैदा गर्दछ (अधिकारी, २०६०, पृ. १५) । साहित्यको रचनाका क्रममा मानक अतिक्रमित विचलनयुक्त भाषिक प्रयोगले लक्ष्यार्थ वा व्यङ्ग्यार्थ प्रस्तुत गर्नाका साथै त्यसमा सौन्दर्य प्रदान गरेको हुन्छ । साहित्यिक कृतिको निर्माणका क्रममा विचलन भाषाका विभिन्न तहमा देखा पर्दछ । विचलनलाई प्रस्ट्याउने क्रममा विभिन्न विद्वान्हरुले भिन्नाभिन्नै ढङ्गले वर्गीकरण गरी अध्ययन गरेको पाइन्छ । मोहनराज शर्माद्वारा प्रस्तुत साहित्यिक कृतिको रचनाका क्रममा महत्त्वपूर्ण भाषिक अभिव्यक्ति विचलनलाई निम्नप्रकारमा बाँडेर अध्ययन गर्न सकिन्छ :

१ व्याकरणिक विचलन

२ कोशीय विचलन

३ ध्वनिप्रक्रियात्मक विचलन

४ लेखप्रक्रियात्मक विचलन

५ अर्थतात्त्विक विचलन

६ भाषिका विचलन

७ प्रयुक्ति विचलन ।

यिनीहरूलाई क्रमशः तल उल्लेख गरिएको छ :

**(क) व्याकरणिक विचलन**

व्याकरणिक नियमको उल्लङ्घन अर्थात् लिङ्ग, वचन, पुरुष, काल, भाव, पक्ष, वाच्य आदिमा रहेको व्यवस्थालाई उल्लङ्घन गर्ने कार्यलाई व्याकरणिक विचलन भनिन्छ । प्रत्येक भाषामा आफ्नो स्वरूप र संरचना अनुरूपको निश्चित व्याकरणिक व्यवस्था रहेको हुन्छ । साहित्यिक कृतिको रचनाका क्रममा सर्जकले सधैँभरि आफ्नो निश्चित भाषा वा व्याकरणिक व्यवस्थामा सीमित हुन चाँहदैन त्यसैले सर्जकले आफ्नो अभिव्यक्तिलाई प्रभावकारी बनाउन पदवर्ग, व्याकरणिक कोटि, पदक्रम आदि भाषिक एकाइको नियमसम्मत व्यवस्थामाथि अतिक्रमण गर्छ । लिङ्ग, वचन, पुरुष, काल, पक्ष, पदक्रम आदि व्याकरणिक कोटिमा हुने विचलनलाई व्याकरणिक विचलन भनिन्छ (शर्मा, २०५९, पृ. २१) । साहित्यका अन्य विधामा भन्दा कवितामा अभिव्यक्तिलाई प्रभावकारी तुल्याउन सर्जकले व्याकरणिक विचलनको प्रयोग गर्दछ । कवितामा अनुभूतिलाई गतिशील र जीवन्त तुल्याउन छन्द र लयको प्रादुर्भाव गर्न,

विभिन्न अलङ्कृत अभिव्यक्तिद्वारा सौन्दर्यवोध गराउन र संरचनात्मक एवं कथ्य ढाँचालाई निजत्व प्रदान गर्न सर्जक व्याकरणिक विचलनतर्फ अभिप्रेरित हुन्छ । स्रष्टाले आफ्नो विशिष्ट अभिव्यक्तिका क्रममा लिङ्ग, वचन, पुरुष, भाव, काल, पक्ष, वाच्य आदि व्याकरणिक कोटि र वाक्य, उपवाक्य, पदसङ्गति, पदक्रम आदि एकाइहरूको नियमितता र नियमसम्मत व्यवस्थामाथि अतिक्रमण गर्छ । वास्तवमा त्यही अतिक्रमण नै व्याकरणिक विचलन हो । काव्यमा सौन्दर्य प्रदान गर्न व्याकरणिक यान्त्रिकता तोडेर भाषिक अभिव्यक्ति प्रभावकारी बनाउन सर्जक सधैँ जहाँ तयार हुन्छ त्यहाँ व्याकरणिक विचलन हुन्छ । व्याकरणिक पक्षहरुको विविध सङ्गतिहरुमा देखिने विचलन विशेषतः लिङ्ग, वचन, पुरुष, काल, भाव, वाच्य, पक्ष, पदक्रम आदिको बिचमा देखिन्छ (ढुङ्गेल र अन्य, २०५८, पृ. १३८) ।

**(ख) कोशीय विचलन**

अन्त कतै र कसैले प्रयोग नगरेका वा सामान्य भाषिक प्रयोगमा नआएका शब्दहरुको निर्माण गरी प्रयोग गर्नु कोशीय विचलन हो (ढकाल, २०६७, पृ. ३६) । सामान्य बोलचाल वा लेखनका क्रममा प्रयोगमा आउन नसक्ने, मानक कोशमा प्रविष्टि नपाएका शब्दहरु स्रष्टा आफैँले निर्माण गरी आफ्नो अभिव्यक्तिलाई मूर्त र प्रभावकारी बनाउनका लागि प्रयोग गर्न सक्छ । नयाँनयाँ शब्दले अभिव्यक्तिमा नवीनता र भावगत गहनता ल्याउन सक्छ । नयाँ शब्दको निर्माण नै कोशीय विचलन हो (शर्मा, २०५९, पृ. २१) । काव्यमा सौन्दर्य सिर्जना गर्न तथा अभिव्यक्तिमा निजत्व ल्याउन अन्त कतै र कसैले प्रयोग नगरेका वा सामान्य भाषिक प्रयोगमा नआएका शब्दहरूको निर्माण गरी प्रयोग गर्नु कोशीय विचलन हो । नवीनतम शब्दको निर्माण तथा प्राचीन शब्दको नयाँ अर्थका लागि गरिने प्रयोगमार्फत कोशीय विचलन गरिन्छ । भाषामा मिठासपना ल्याउन तथा अभिव्यक्तिलाई प्रभावकारी बनाउन कोशीय विचलनको प्रयोग गरिन्छ । यो सामान्य भाषाको मानक रूपभन्दा भिन्न हुने शब्द हो । सामान्य भाषिक प्रयोगमा नआएका वा अरूबाट प्रयोग नभएका कारण कोशमा नरहेका नयाँ शब्दहरूको निर्माण गरेर प्रयोग गर्नु कोशीय विचलन हो (ढुङ्गेल र अन्य, २०५८, पृ. १३८) । यसमा नयाँ शब्द निर्माणमा मानक प्रक्रियाहरूको अतिक्रमण गरी स्वद्देश्यपूर्ण ढङ्गले नवीनतम शब्दहरू निर्माण तथा प्रयोग गर्ने कार्य गरिन्छ । कोशीय विचलन कोशीय शब्दको विचलित प्रयोग र कोशमा प्रविष्टि नपाएका नवीन शब्दको प्रयोग

हो । यसको प्रयोगबाट कृतिमा बाह्य वा आन्तरिक तहमा सौन्दर्य सिर्जना गरी अभिव्यक्तिलाई प्रभावकारी बनाइन्छ ।

### (ग) ध्वनिप्रक्रियात्मक विचलन

भाषाको कुनै खास एकाइको उच्चारणमा मानकसँग स्पष्ट रूपमा छुट्याउन सकिने अन्तर नै ध्वनिप्रक्रियात्मक विचलन हो । स्रष्टाले आफ्नो सिर्जनालाई उत्कृष्टता दिन मानक ध्वनिको स्थानमा अर्कै ध्वनिको स्थापना गर्छ । यसरी मानक भाषाको खास वर्णमा अतिक्रमण भई विचलन हुनु नै ध्वनि विचलन हो । ध्वनिविचलन मानक ध्वनिको स्थानमा ध्वनि परिवर्तन, ध्वनि लोप र ध्वनि आगमनबाट उत्पन्न हुन्छ । त्यसैले खास एकाइको उच्चारणमा पहिचान गर्न सकिने अन्तर नै ध्वनिप्रक्रियात्मक विचलन हो (शर्मा, २०५९, पृ. २१) । उच्चारणका क्रममा देखिने विचलनलाई ध्वनिप्रक्रियात्मक विचलन भनिन्छ ((ढुङ्गेल र अन्य, २०५८, पृ. १३८) । ध्वनि विचलनले अभिव्यक्तिलाई ताजा र जीवन्त बनाएको हुन्छ । अझ गद्य कवितामा विशिष्ट प्रयोजनका निम्ति तथा छन्दोबद्ध कवितामा परम्परित छन्दशास्त्रीय नियमको पालना गर्ने सन्दर्भमा ध्वनि विचलन हुने गर्छ ।

### (घ) लेखप्रक्रियात्मक विचलन

भाषामा लेख्यचिह्नको रखाइको अतिक्रमण गरेर शब्द वा वाक्यको अनियमितताबाट काव्यभाषामा सौन्दर्यको अन्वेषण गर्ने विशिष्ट प्रणाली नै लेखप्रक्रियात्मक विचलन हो । यसमा भाषालेखन प्रक्रियाको निश्चित व्यवस्थालाई अतिक्रमण गरिएको छ । सर्जकले आफ्नो अभिव्यक्तिमा डिकोलाई तलमाथि पारेर प्रस्तुत गर्छ भने त्यहाँ लेखप्रक्रियात्मक विचलन जन्मन्छ (ढकाल, २०६७, पृ. ५२) ।

शब्दको लेखाइका सन्दर्भमा देखिने विचलनलाई लेखप्रक्रियात्मक विचलन भनिन्छ (ढुङ्गेल र अन्य, २०५८, पृ. १३९) । सर्जकले साहित्यिक कृतिको रचनाका क्रममा अर्को भाषाका वर्ण लिपिको प्रयोग गरेमा वा वर्ण लिपिको बीचमा अङ्कको प्रयोग गरी चित्रकला, रङ्गलेखन पद्धतिको प्रयोग गरेर पनि लेखप्रक्रियात्मक विचलनको स्थिति जन्मन पुग्छ । यस्तो विचलनमा दृश्यचित्रको निर्माणका साथै सौन्दर्यमूलक चित्रात्मक प्रस्तुति पनि हुन सक्छ । लेखप्रक्रियात्मक विचलनमा शब्द र वाक्यलाई विभिन्न प्रक्रियामा सजाएर, भाँचेर, तोडमोढ गरेर, टुक्राएर, डिकोलाई तलमाथि पारेर भाषिक कलाको अनौठो स्वरूपलाई

प्रस्तुत गरिन्छ । शब्दका लेखिम वा लेखिमहरूमा पार्ने फरक नै लेखप्रक्रियात्मक विचलन हो (शर्मा, २०५९, पृ. २१) । कविताहरूमा अनियमित किनारा छोडाइ एवं चित्रात्मक प्रस्तुतिले पनि लेखप्रक्रियात्मक विचलनलाई देखाउँछ ।

**(ङ) अर्थतात्त्विक विचलन**

अर्थका सन्दर्भमा देखिने विचलनलाई अर्थतात्त्विक विचलन भनिन्छ (ढुङ्गेल र अन्य, २०५८, पृ. १३९) । सिधा वा अभिधा अर्थमा मात्र सीमित रहेर साहित्यिक कृतिले उच्चता तथा उत्कृष्टता हासिल गर्न सक्दैन । साहित्यिक कृतिको रचनाका क्रममा सर्जकले सामान्यार्थ वा कोशीय अर्थ वा अभिधेयार्थलाई कुल्चेर लक्ष्यार्थ वा व्यङ्ग्यार्थ अभिव्यक्त गर्दछ भने त्यहाँ अर्थतात्त्विक विचलन देखापर्दछ । साहित्यमा अर्थगत विचलन प्रभावोत्पादक तथा सौन्दर्यपूर्ण ठानिन्छ किनभने त्यसमा अभिव्यक्तिको बिछट्टै नौलो सौन्दर्य झल्किएको हुन्छ । यो बाह्य संरचनाका स्तरमा वाक्य पुरै तरहले व्याकरणिक रूपमा सुघटित हुन पनि सक्छ तर अर्थका स्तरमा प्राथमिक रूपमा स्वीकार्य भने हुँदैन । यो बिम्ब, प्रतीक एवं मिथकमा बढी व्यञ्जित तथा ध्वनित हुन्छ । त्यसैले यो साहित्यमा सर्वोच्च शक्तिको रूपमा आफ्नो स्थान सुरक्षित गर्न सफल रहेको छ ।

भाषाको अभिधार्थ वा कोशीय अर्थमा देखापर्ने विचलन नै अर्थतात्त्विक विचलन हो । साहित्यका अन्य विधाभन्दा कवितामा अभिव्यक्तिलाई तिख्खर, प्रभावकारी एवं प्रतीकात्मक बनाउन स्रष्टाले अर्थतात्त्विक विचलनको प्रचुर प्रयोग गर्दछ । विचार वा भावलाई ताजा वा नवीन तुल्याउन यसको भूमिका महत्त्वपूर्ण हुन्छ । सर्जकले यस्तो विचलनमार्फत अनुभूतिको तीव्रता र प्रकटीकरणगत सजीवता ल्याएका हुन्छन् । वाच्यार्थ र व्यङ्ग्यार्थलाई प्रस्तुत गर्न विभिन्न बिम्ब, प्रतीक र मिथक तथा शब्दालङ्कार एवं अर्थालङ्कारको समुचित प्रयोग गर्दा यस्तो खाले विचलन जन्मन पुग्दछ ।

**(च) भाषिका विचलन**

मानक वा स्तरीय भाषिकाका बीच बीचमा अन्य भाषिकागत विशेषताको प्रयोग गर्नु भाषिका विचलन हो (ढुङ्गेल र अन्य, २०५८, पृ. १३९) । स्रष्टाले साहित्यिक कृतिको रचना गर्दा मानक वा स्तरीय भाषाको प्रयोगसँगै त्यसका स्थानीय भाषिकाको प्रयोग समेत गर्दछ । साहित्यिक कृतिमा भाषाको मानक (शिष्ट) रूपको प्रयोग नगरेर कुनै भाषिका विशेषका

शब्दलाई अग्रभूमिमा ल्याएर नवीनता दिने प्रयास गरियो भने भाषिका विचलन हुन्छ ( ढकाल, २०६७, पृ. ५२) । अर्थात् साहित्यकारले आफ्नो कृतिको सिर्जना गर्ने क्रममा मानक वा स्तरीय भाषाको प्रयोगसँगै स्थानीय भाषिकाका शब्दहरुको प्रयोगसमेत गर्दछ अर्थात् नेपाली भाषाका सन्दर्भमा मानक नेपाली भाषाका साथसाथै माझाली, वरपच्छिमा वा परपच्छिमा आदि भाषिकाको प्रयोग गर्दछ । यसैलाई भाषिका विचलन भन्ने गरिन्छ । भाषिकागत विचलनले कुनै निश्चित क्षेत्रका स्थानीय घटना, परिवेश वा स्थानीयतालाई जीवन्तता दिन महत्त्वपूर्ण भूमिका खेल्दछ । भाषाको मानक वा सर्वस्वीकार्य रूपबाहेकका रूपहरु कृतिमा समावेश गर्नु भाषिका विचलन हो । सर्जकले आफ्नो रचनालाई विशिष्ट तथा आकर्षक बनाउनका लागि भाषिका तथा उपभाषिकाका शब्दहरुको यथोचित प्रयोग गर्न सक्छ । यस्तो प्रयोग रचनामा सार्थक एवं सोद्देश्यपूर्ण हुन आवश्यक छ । भाषिका विचलनमा भाषाका स्थानीय भेदहरूमा प्रचलित शब्दहरुलाई आवश्यकता अनुसार प्रयोग गरी मानक रूपबाट विचलन पैदा गराउने काम गरिन्छ । स्थानीय तहको परिवेशलाई जीवन्त, स्वाभाविक, विश्वासनीय, प्रभावकारी एवं आकर्षक तुल्याउन यस्तो विचलनको प्रयोग गरिन्छ । साहित्यका विशेषतः गद्य विधाहरुमा प्रचुर मात्रामा प्रयोग भएता पनि कविता विधामा समेत यसको प्रयोग भएको पाइन्छ । यस्तो विचलनले स्थानीयता, क्षेत्रीयता वा आञ्चलिकताको सिर्जनामा विशेष महत्त्व स्थापित गरेको हुन्छ ।

### (छ) प्रयुक्ति विचलन

एउटा प्रसङ्ग र परिस्थितिमा प्रयुक्त हुने शब्द भिन्न सन्दर्भमा प्रयोग हुन पुग्ने प्रवृत्ति प्रयुक्ति विचलन हो (ढकाल, २०६७, पृ. ५२) । भाषाको प्रयोग परिस्थिति, प्रसङ्ग, सन्दर्भ र विषय अनुरूप गरिन्छ । कुनै खास विषय वा क्षेत्रमा प्रयोग हुने भाषालाई अन्य विषय वा क्षेत्रमा प्रयोग गरी स्रष्टाले आफ्नो अभिव्यक्तिलाई गहन, उद्देश्यपूर्ण एवं प्रभावकारी बनाउने लक्ष्य राख्दछ भने त्यहाँ प्रयुक्ति विचलन हुन्छ । एउटा परिस्थितिमा वा प्रसङ्ग अनुरूपको भाषालाई अर्को परिस्थितिमा वा प्रसङ्गमा प्रयोग गर्नु नै प्रयुक्ति विचलन हो (ढुङ्गेल र अन्य, २०५८, पृ. १३९) । यसले साहितियक अभिव्यक्तिमा सौन्दर्य प्रदान गर्दछ र अभिव्यक्तिलाई गहन एवं प्रभावकारी तुल्याउँछ । एउटा परिस्थिति वा प्रसङ्ग अनुरूप भाषाको अर्को परिस्थिति वा प्रसङ्गमा प्रयोग (शर्मा, २०५९, पृ. २२) गरी साहित्यिक

कृतिलाई प्रभावकारी तथा आश्वादन योग्य एवं मिठासपूर्ण बनाउने काम प्रयुक्ति विचलनले गर्दछ ।

काव्यात्मक अभिव्यक्तिका क्रममा स्रष्टाले आफ्नो रुचि, परिवेश, विषय आदिका लागि उपयुक्त हुने विभिन्न विषय क्षेत्रका शब्द वा अभिव्यक्ति ढाँचाहरुको प्रयोग गर्दछन् तर प्रयुक्ति विचलन हुनका लागि साहित्यिक क्षितिज भने छोएको हुनुपर्छ । भाषामा विभिन्न विषय र प्रसङ्ग अनुरूप प्रयोग गरिने प्रयोजनपरक भेदहरू हुन्छन् । विज्ञानको भाषा, कानुनको भाषा, वाणिज्यशास्त्रको भाषा, इन्जिनियरिङ क्षेत्रको भाषा, भूगोलको भाषा, साहित्यको भाषा आदि भाषा प्रयोजनपरक आधारमा भिन्नाभिन्नै हुने गर्दछन् । साहित्यिक शैली निर्माणको क्रममा एउटा विषयको क्षेत्रको भाषालाई अर्कै सन्दर्भमा प्रयोग गरेर विचलनको सार्थकतालाई स्थापित गराइएको हुन्छ ।

# अध्याय तिन
# अनुसन्धान विधि

## ३.१ अनुसन्धानको ढाँचा

निश्चित नियमको अधिनमा रहेर कुनै विषयको बारेमा अध्ययन गर्ने काम अनुसन्धानको ढाँचाले गर्दछ । अनुसन्धानको ढाँचाले अनुसन्धान कार्यलाई सही दिशातर्फ डोऱ्याउँछ । कुनै पनि समस्याको समाधान गर्न उचित विधिको आवस्यकता पर्दछ । प्रस्तुत अनुसन्धानका लागि सैद्धान्तिक र विश्लेषणत्मक विधिलाई अनुसन्धानको मुख्य विषय बनाइएको छ । अध्ययनको क्रममा पुस्तकालयीय, वर्णनात्मक, व्याख्यात्मक विधिलाई उपयोग गरिएको छ । साथसाथै विभिन्न विद्वान्का राय, सल्लाह एवं मतलाई पनि यस अध्ययनको आधार बनाइएको छ ।

## ३.२ तथ्याङ्क सङ्कलनका स्रोत

वास्तविक तथ्यहरु भेला पार्ने काम अत्यन्त कठिन हुन्छ जुन अध्ययनको मुख्य आधार पनि हो । अध्ययनलाई प्रभावकारी, वस्तुनिष्ठ तथा उद्देश्यमूलक बनाउने कार्यमा सत्यतथ्य तथ्याङ्कले अहं भूमिका खेलेको हुन्छ । अतः यस कुरालाई विचार गर्दै अध्ययनको क्रममा प्राथमिक र द्वितीय स्रोतका तथ्याङ्कहरु उपयोग गरिएको छ ।

### ३.२.१ प्राथमिक स्रोत

अध्ययनको प्राथमिक स्रोत पुस्तक भएकाले सर्वप्रथमतः सम्बन्धित पुस्तकलाई नै उपयोग गरिएको छ । पुस्तकमा शीर्षकमा देखिएका विभिन्न विषय, भावलाई गहन रूपमा अध्ययन गरी प्राथमिक स्रोतको खुराकलाई खास प्रयोगमा ल्याइएको छ ।

### ३.२.२ द्वितीयक स्रोत

यस अध्ययनलाई अझ प्रभावकारी बनाउनका लागि द्वितीय स्रोतको रूपमा सम्बन्धित विषयका लेख, रचना साथै पुस्तकहरुको प्रयोग गरिएको छ । आवस्यक मात्रामा विभिन्न लेखक, विद्वान् तथा स्रष्टालाई पनि तथ्याङ्क सङ्कलनको माध्यम बनाइएको छ ।

## ३.३ तथ्याङ्क सङ्कलनका साधन

प्रस्तावित अध्ययनका लागि तथ्याङ्क सङ्कलन गर्न आमाको सपना कविता सङ्ग्रहलाई नै लिइएको छ । व्याकरणिक एवं भाषिक विचलनमा सम्बन्धित रहेका समालोचकका लेख, रचना, शोधग्रन्थ वा अन्य कृतिहरुको साथ सहयोगको अध्ययन पनि यसैसाथ समावेश रहेको छ । विद्वानले दिएका सल्लाह तथा सुझाव पनि तथ्याङ्क सङ्कलनको आधार बनाइएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलन प्रक्रिया

विषयको विश्लेषणको क्रममा तथ्याङ्क सङ्कलन गर्ने काममा सम्भव भएसम्म शोधकर्ता स्वयं उपस्थित भई प्रत्यक्ष भेटघाट तथा सम्पर्क स्थापित गरिएको छ । अध्ययनको विषयवस्तु र औचित्यको वारेमा विद्वानसँग स्पष्ट धारणा मागिनेछ साथै अन्य विशेषज्ञहरुको पनि राय सङ्कलन गरिएको छ । व्याकरणिक विचलनसँग सम्बन्धित बढीभन्दा बढी विषयको विस्तृत अध्ययन गर्ने कार्य पनि गरिएको छ । यिनै माध्यमहरु तथ्याङ्क सङ्कलन प्रक्रियामा अपनाइएको छ ।

## ३.५ तथ्याङ्क विश्लेषण प्रक्रिया

शोध अनुसन्धानका क्रममा प्राप्त भएका तथ्याङ्क अनि सामाग्रीहरूलाई जम्मा पारी गुणात्मक र तथ्यपरक ढङ्गले व्याख्या एवं विश्लेषण गरिएको छ । तथ्याङ्क विश्लेषण गर्न आगमनात्मक पद्धतिलाई अपनाइएको छ । त्यसैगरी भेला भएका तथ्याङ्कहरुलाई यथार्थ विश्लेषण गर्नका निम्ति वर्णनात्मक र व्याख्यात्मक विधिको प्रक्रिया अपनाइएको छ ।

# अध्याय चार

# अध्ययनको व्याख्या - विश्लेषण

## ४.१ व्याकरणिक कोटि विचलन

व्याकरणिक नियमको उल्लङ्घन अर्थात् लिङ्ग, वचन, पुरुष, काल, पक्ष, वाच्य आदिमा रहेको व्यवस्थालाई उल्लङ्घन गर्ने कार्यलाई व्याकरणिक विचलन भनिन्छ । व्याकरणिक धारा तथा व्याकरणिक एकाइहरुको व्यवस्थित अनुक्रममा हुने अतिक्रमण व्याकरणिक विचलन हो । नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियाविशेषणजस्ता शब्दका कार्यमूलक तहहरूमा हुने विचलन पनि व्याकरणिक विचलनभित्रै अन्तर्भूत हुन्छन् । (ढकाल, २०५०, पृ. १०२) व्याकरणिक कोटि, भाषिक एकाइ, शब्दवर्ग, पदक्रम, आदरार्थी आदिमा देखा पर्ने विचलन नै व्याकरणिक विचलन हो । (शर्मा, २०५९, पृ. २१) काव्यमा सौन्दर्य प्रदान गर्न व्याकरणिक यान्त्रिकता तोडेर भाषिक अभिव्यक्ति प्रभावकारी बनाउन सर्जक सधैं जहाँ तयार हुन्छ, त्यहाँ व्याकरणिक विचलन हुन्छ ।

'आमाको सपना' कवितासङ्ग्रहभित्र रहेका व्याकरणिक विचलनका विविध आयामहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### ४.१.१ लिङ्ग विचलन

लिङ्ग अभेदक, निर्जीव वस्तुमा लिङ्गबोध गराई वा लिङ्ग भेदक जातिमा व्याकरणिक लिङ्गव्यवस्था प्रतिकूल लिङ्ग प्रयोग गर्दा उत्पन्न हुने विचलनलाई लिङ्ग विचलन भनिन्छ । सामान्य भाषामा प्रचलित लिङ्ग व्यवस्थाको अतिक्रमण गरी कथनलाई भङ्गिमा र अर्थमा चमत्कार उत्पन्न गर्दा लिङ्ग विचलन हुन्छ । 'आमाको सपना' कविता सङ्ग्रहमा प्रयोग भएका लिङ्ग विचलनका उदाहरणलाई यहाँ प्रस्तुत गरिएको छ :

**सन्दर्भ र स्रोतहरू**

१. म आमा हुँ सारा सृजनशक्तिको मुख भएर
म भन्न सक्तछु
त्यो आउँछ
मैले यो कुनै अल्छी सपना देखेको होइन ।

(आमाको सपना, पृ. २)

यहाँ आमा स्त्रीलिङ्ग कर्तासँग 'देखेको होइन' पुलिङ्गी क्रियापदको प्रयोग गरी लिङ्ग सङ्गतिमा विचलन देखाइएको छ ।

२. पृथ्वी पनि त निद्राजस्ता गहिरा समुद्रको पानीमा
स्वर्गको दौलत चन्द्रमा र तारा पाउँछिन् ।

(सपनामा, पृ. ५)

यहाँ लिङ्गगत भेद नभएको पृथ्वीलाई स्त्रीलिङ्गी पाउँछिन् क्रियापदको प्रयोग गरी लिङ्ग विचलन देखाइएको छ ।

३. जो देख्छौ हालत भित्री तहको
तिमीलाई अन्य भनुँ म कसरी ?
जो सुन्छौ आवाज भित्री मनको
तिमीलाई वैरी कसरी भनुँ म कसरी ?
हे देवी दुर्गे, जगत्‌की आमा, पुकार हाम्रो सुनिदेऊ
हामी नेपाली हाम्रो यो भाव सबमा जगाइदेऊ

(गीत, पृ. १७ )

यहाँ देवी दुर्गे स्त्रीलिङ्गी नामका रूपमा आए पनि क्रियापदमा पुलिङ्ग बनाएर लिङ्ग सङ्गतिमा विचलन देखाइएको छ ।

४. लीलाले पनि मलाई अलमलाउन सकिनन् ।
लीलासित हरदम पाचुके नै छ ।

(मेरो प्रेमको कथा, पृ. २९)

यहाँ लिङ्गगत भेद नभएको 'लीला' लाई स्त्रीलिङ्गी क्रियापद 'सकिनन्' क्रियापदको प्रयोग गर्दा लिङ्ग विचलन उत्पन्न भएको छ ।

## ४.१.२ वचन विचलन

नेपाली व्याकरण व्यवस्थाअनुसार वचन नाम शब्दको गणनीयतासँग सम्बन्धित छ, यसले नाम वा सर्वनामको सङ्ख्या जनाउँछ । नेपाली व्याकरण व्यवस्थामा वचन एकवचन र वहुवचन गरी दुई प्रकारका छन् । स्रष्टाले साहित्यिक कृतिलाई उत्कृष्टता प्रदान गर्न वचनमा विचलन ल्याउँछ । 'आमाको सपना' कविता सङ्ग्रहका कविताहरूमा यस्ता प्रकारका विभिन्न उदाहरणहरु पाइन्छन् जसलाई यहाँ प्रस्तुत गरिएको छ :

१.	मेरो हरघडीका जपना,

तिमी सपनामा आए !

(सपनामा, पृ. ४)

यहाँ मेरो हरघडीको जपना वा मेरा हरघडीका जपनाहरू हुनुपर्नेमा सोको उपयुक्त प्रयोग देखिँदैन । षष्ठी विभक्तिको उचित प्रयोग नहुँदा वचन विचलन देखा परेको छ ।

२.	पृथ्वी पनि त निद्राजस्ता गहिरा समुद्रको पानीमा

स्वर्गको दौलत चन्द्रमा र तारा पाउँछिन् ।

(सपनामा, पृ. ५)

यहाँ निद्राजस्तो गहिरो समुद्र वा निद्राजस्ता गहिरा समुद्रहरू हुनुपर्नेमा विशेषण र विशेष्य बिचको वचनगत सङ्गति उपयुक्त नभएकाले वचन विचलन पैदा भएको छ ।

३.	मेरा परेला निद्राले भारी हुँदै आए

(सपनामा, पृ. ५)

यहाँ वहुवचनबोधक 'आए' क्रियापदको प्रयोग भए तापनि कर्ताका रूपमा आएको परेलामा 'हरू' वहुवचनबोधक विभक्तिको प्रयोग नगरेकाले वचन विचलन पैदा भएको छ ।

४.	अब ती घरका खर गहारा

हुरी-भुमरीमा घुम्छन्

हेर्न नसकी चुहिँदा यी आँखा

पग्लिन्छन् ; थुनिन्छन् !

('...' प्रति, पृ. १५)

यहाँ 'पग्लिन्छन्', 'थुनिन्छन्' जस्ता बहुवचनबोधक क्रियाको प्रयोग भएको छ तर उद्देश्य आँखा चाहिँ एकवचनबोधक छ । सङ्गति मिलाउन 'आँखाहरु' शब्दको प्रयोग हुनुपर्ने देखिन्छ ।

५.	नभन प्रिय यिनलाई पिन्चे आँसुकण

यही मेरो युगयुगको सञ्चित धन

होइनन् यी प्रिय ! विवशताका चिह्न

नैराश्यमा आँसु सुक्छन् म त उत्साही अविच्छिन्न

(आँसु, पृ. ८)

यहाँ विवशताको चिह्न वा विवशताका चिह्नहरू हुनुपर्नेमा सोको उपयुक्त प्रयोग देखिँदैन । षष्ठी विभक्ति को, का, की को उचित प्रयोग नहुँदा वचन विचलन भएको छ ।

६. यी कुरा मात्र साँचा हैनन्

अर्को कुरा पनि त्यत्तिकै सत्य छ

(यो के ?, पृ. २१)

यहाँ यी कुराहरू मात्र साँचा हैनन् वा यो कुरो मात्र साँचो होइन हुनुपर्नेमा सो अनुरूपको प्रयोग नगरी सार्वनामिक विशेषण र विशेष्यका बिचमा सङ्गति नमिलाउँदा वचनगत विचलन पैदा भएको छ ।

७. पोल्टामा सुखका सपनाहरु हालेर

हरेक पला दौडिरहेछ

गयो कि फर्कन जान्दैन

जीवन बितिरहेछ ।

(यो के ?, पृ. २१)

यहाँ सपनाहरुमा 'सपना' अदृश्य अगणनीय नामका पछाडि 'हरू' बहुवचन बुझाउने प्रत्यय जोडेकाले वचन विचलनको स्थिति उत्पन्न भएको छ ।

८. मेरा यी पाखुरामा कुन बल लुकेका रहेछन्

(गुनासो, पृ. २५)

यहाँ मेरो यो पाखुरामा वा मेरा यी पाखुराहरुमा हुनुपर्नेमा सोको उपयुक्त प्रयोग नहुँदा वचन विचलनको प्रयोग भएको छ ।

९. हिजोसम्म जो रोईरोई बाँचिरहेका थिए

आज तिनै हाँसीहाँसी मर्न तयार छन् ।

( परिवर्तन, पृ. ५० )

यहाँ हिजोसम्म जो रोईरोई बाँचेको थियो वा हिजोसम्म जोजो रोईरोई बाँचिरहेका थिए हुनुपर्नेमा त्यसको उचित प्रयोग नहुँदा वचन विचलनको प्रयोग भएको छ ।

१०. ए वन, ए फूल, ए उपवन

ए हरिया थुम्काहरु हो

प्रेमको तिमीहरु प्रतिमा 'वन'

( पिँजडाको क्यानरी पृ. ५९ )

यहाँ प्रेमको प्रतीक  वा प्रेमका प्रतीकहरू हुनुपर्नेमा यसको प्रयोग सही नहँदा वचन विचलनको प्रयोग भएको छ ।

## ४.१.३ आदर विचलन

व्याकरणिक विचलनका विविध पक्षहरुमध्ये आदर विचलन पनि एक हो । आदर सम्बोधन वा सम्मानसँग सम्बन्धित हुन्छ । नेपाली व्याकरणमा आदर निम्न, मध्यम र उच्च गरी जम्मा तीन प्रकारका हुन्छन् । प्रस्तुतिमा मिठास भर्नका लागि लेखकले आफ्नो साहित्यिक सिर्जनामा आदर विचलन  ल्याउने गर्दछन् । 'आमाको सपना' कविता सङ्ग्रहमा भएका केही आदर विचलनलाई यहाँ प्रस्तुत गरिएको छ :

१. बूढा ब्रह्मा नारी निर्माण गर्न लागेछन् ।
बनाइसकेपछि उनी हर्षले गद्गद् भएछन् ।

( नारी पृ. ४४ )

यहाँ नामले तृतीय पुरुषको लक्षण प्रस्तुत गर्ने हुनाले सर्वप्रथम निम्न आदरको प्रयोग गरिएको छ भने पछि पुन : उनी शब्द प्रयोग गरी द्वितीय पुरुषलाई समावेश गरी आदर विचलनको प्रयोग गरिएको छ ।

## ४.१.४ पदक्रम विचलन

व्याकरणिक विचलनका विविध रूपहरुमध्ये पदक्रममा भएको विचलनले साहित्यिक कृतिलाई उत्कृष्ट एवं प्रभावकारी बनाउन तथा महत्त्वपूर्ण शैलीगत विशिष्टता ल्याउन ठूलो भूमिका खेलेको पाइन्छ । पदविन्यासको प्रचलित अनुक्रम (कर्ता+कर्म+क्रिया) लाई उल्लङ्घन गरी भग्नक्रमको प्रक्रिया अपनाउन र अभिव्यक्तिको कुनै एक पक्षलाई विशेष जोड दिनका लागि 'आमाको सपना' कवितासङ्ग्रहमा प्रचुर मात्रामा प्रयोग गरिएको पाइन्छ । यस कृतिमा प्रयोग भएका केही पदक्रम विचलनका उदाहरणलाई यहाँ प्रस्तुत गरिएको छ :

**तालिका नं. १**

| क.सं. | पदक्रम विचलन | मानक अनुक्रम |
|---|---|---|
| १ | त्यो आउँछ कि आमा<br>मधुर उषाले मेरो हृदयलाई<br>कुत्कुत्याइसक्यो आमा<br>(आमाको सपना, पृ. २) | आमा ! त्यो आउँछ कि ? आमा मधुर उषाले मेरो हृदयलाई कुत्कुत्याइ सक्यो । |
| २ | नभन प्रिय ! यिनलाई पिन्चे आँशुकण<br>(आँसु, पृ. ८) | प्रिय ! यिनलाई पिन्चे आँसुकण नभन । |
| ३ | होइनन् यी प्रिय ! विवशताका चिह्न<br>(आँसु, पृ. ८) | प्रिय ! यी विवशताका चिह्न होइनन् । |
| ४ | म मानव मानवताको छ सीमा ममाथि त्यै सीमाको बाहिर पर्छ पूर्णताको मेरो भाग<br>(आँसु, पृ. ८) | म मानव मानवताको सीमा ममाथि छ । त्यै सीमाको बाहिर पूर्णताको मेरो भाग पर्छ । |
| ५ | म त्यतैतिर छट्पटिँदा भयो यिनको प्रपात<br>(आँसु, पृ. ८) | म त्यतैतिर छटपटिँदा यिनको प्रपात भयो । |
| ६ | गाँसी यी आँसुको हार<br>तिम्रोभ्रैं अनुहारलाई<br>सुहाउँदैन आँसुको श्रृङ्गार<br>(आँसु, पृ. ८) | यी आँसुको हार गाँसी तिम्रो भ्रैं अनुहारलाई आँसुको शृङ्गार सुहाउँदैन । |
| ७ | यै समीपताको जीवन जलमा<br>तिमीले प्रतिबिम्बित पायौ आफूलाई<br>(एक गीत, पृ. १०) | तिमीले यै समीपताको जीवनजलमा आफूलाई प्रतिबिम्बित पायौ । |
| ८ | सन्देह चिहाउँछ जब यो विश्वबिचमा<br>तिमी दूर हुन्छ्यौ ताराभ्रैं<br>(एक गीत, पृ. १०) | जब यो विश्वबिचमा सन्देह चिहाउँछ, तिमी तारा भ्रैं दूर हुन्छ्यौ । |

| | | |
|---|---|---|
| ९ | हरियोमाथि फूलहरु तर्किएभ्रैं<br>खेलिरहेका थिए हावामा ।<br>(मृत्यु, पृ. १३) | हरियोमाथि फूलहरु तर्किए भ्रैं हावामा खेलिरहेका थिए । |
| १० | एउटा तोते कलिलो बादल<br>हाम्रो प्यारको अङ्गालोमा हुर्क्यो<br>वसन्तको आगमन फुलेफलेसरि<br>हाँगोको अङ्गालोमा ।<br>(मृत्यु, पृ. १३) | एउटा तोते कलिलो बादल हाम्रो प्यारको अङ्गालोमा वसन्तको आगमन फुलेफलेसरि हाँगोको अङ्गालोमा हुर्क्यो । |
| ११ | जोसित प्यारो कानेखुसी गरी बढ्छौँ<br>संसारदेखि लुकीलुकी ?<br>(मृत्यु, पृ. १४) | जोसित संसारदेखि लुकीलुकी प्यारो कानेखुसी गरी बढ्छौँ । |
| १२ | कुन्नि (कुन अल्लारेपनमा)<br>कुन जून लिपेको सरमा,<br>कुन सूर्य फुलेको नभमा,<br>कुन पर्वतको काखमा,<br>कुन शान्ति-नदी तटमा<br>मैले चुनेथैं घर ।<br>('...' प्रति, पृ. १५) | मैले कुन्नि (कुन अल्लारेपनमा) कुन जून लिपेको सरमा, कुन सूर्य फुलेको नभमा, कुन परीको बोली फुटेको, कुन फूल फुलेको वनमा, कुन पर्वतको काखमा, कुन शान्तिनदी तटमा घर चुनेथैं । |
| १३ | जो देख्छौ हालत भित्री तहको<br>तिमीलाई अन्य भनूँ म कसरी ?<br>(गीत, पृ. १७) | जो हालत भित्री तहको देख्छौ, म कसरी तिमीलाई अन्य भनूँ ? |
| १४ | जो सुन्छौ आवाज भित्री मनको<br>तिमीलाई वैरी भनूँ म कसरी ?<br>(गीत, पृ. १७) | जो आवाज भित्री मनको सुन्छौ, म तिमीलाई कसरी वैरी भनूँ ? |
| १५ | यस्तो मोहजाल, यस्तो प्रकारको अज्ञान<br>कसलाई भएको हो साथी ?<br>(होश, पृ. २३) | साथी ! यस्तो मोहजाल, यस्तो प्रकारको अज्ञान कसलाई भएको हो ? |

| | | |
|---|---|---|
| १६ | मानव-वनमा कहिलेदेखि झर्न लाग्यो निर्झर<br>जसको इन्द्रधनुषले गर्दा जीवन भो सुन्दर-सुन्दर<br>(कवि हृदयमा, पृ. २४) | कहिलेदेखि मानवमनमा निर्झर झर्न लाग्यो ? जसको इन्द्रधनुषले गर्दा जीवन सुन्दर-सुन्दर भो । |
| १७ | यसको प्रवाहमा देखिन्छन् उज्ज्वल फीँज र फोका<br>(कवि हृदयमा, पृ. २४) | उज्ज्वल फीँज र फोका यसको प्रवाहमा देखिन्छन् । |
| १८ | स्वच्छ निर्मल आनन्दजस्तै अणुअणुसम्म सदा<br>कल्पनाको रङ्ग चढाई फुकिदिन्छ तिमीहरूलाई<br>जो उड्नेछन् सबको मनोगमनमा रुवाई हँसाई<br>(कवि हृदयमा, पृ. २४) | तिमीहरूलाई सदा (म) स्वच्छ निर्मल अनन्त जस्तै अणुवमसम्म कल्पनाको रङ्ग चढाई फुकिदिन्छ, जो सबको मनोगमनमा रुवाई हँसाई उड्नेछन् । |
| १९ | यिनले मलाई बचाइन् सपनामा पाउनेजस्तै (मेरो प्रेमको कथा, पृ. २९) | यिनले मलाई सपनामा पाउनेजस्तै बचाइन् । |
| २० | पूर्नेको जूनलाई किन पर्खेको ?<br>भेट्ने उनैलाई हो क्यारे !<br>(भेट, पृ. ३१) | पुर्नेको जूनलाई पर्खेको ? उनैलाई भेट्ने हो क्यारे ! |
| २१ | हिमालझैँ अटल यो, झुकेन यो कहिल्यै ।<br>लत्रेन यो कहिल्यै जङ्गी निसान हाम्रो ॥<br>(जङ्गी निसान हाम्रो, पृ. ३५) | यो हिमाल झैँ अटल (भएकाले) कहिल्यै झुकेन, हाम्रो यो जङ्गी निसान कहिल्यै लत्रेन । |
| २२ | जबसम्म चन्द्रसूर्जे आकाशमा रहन्छन्<br>तबसम्म हुन्छ आफ्नै रातो रगत यो हाम्रो<br>(जङ्गी निसान हाम्रो, पृ. ३५) | जबसम्म आकाशमा चन्दसूर्जे रहन्छन्, तबसम्म यो रातो रगत हाम्रो आफ्नै हुन्छ । |

| | | |
|---|---|---|
| २३ | आज हाम्रो समावेशले स्वर्ग हुन्छ<br>अझ सुखी<br>(रजत जयन्ती, पृ. ४०) | आज हाम्रो समावेशले स्वर्ग अझ सुखी हुन्छ । |
| २४ | आनन्द लुट्न कसैलाई<br>इरादा छ भने - स्वागतम् !<br>त्यो आओस् नेपालमा<br>(रजतजयन्ती, पृ. ४१) | स्वागतम् ! कसैलाई आनन्द लुट्ने इरादा छ भने त्यो नेपालमा आओस् । |
| २५ | लाटासुधा बोल्न थाल्छन् चल्न ओठ दुःखको<br>(एक दिन एकचोटि आउँछ, पृ. ५२) | दुःखको ओठ चल्न लाटासुधा बोल्न थाल्दछन् । |
| २६ | तिमी नरोऊ बस केही बेर पर्ख मात्र<br>(सान्त्वना, पृ. ५३) | तिमी केहीबेर पर्खेर मात्र बस, नरोऊ । |

## ४.१.५ विशेषण विचलन

विशेषण र विशेष्यका बिचको सामान्य नियमको अतिक्रमण गर्दा हुने विचलन नै विशेषण विचलन हो । गद्य साहित्यमा यस्तो विचलन कमजोर भए पनि पद्य साहित्य अझ कवितामा यो निकै सशक्त रूपमा आएको हुन्छ । यस प्रकारको विचलनमा विशेषणको असङ्गत प्रयोगले साहित्यिक सौन्दर्य झल्किन्छ । विशेषण विचलनमा मानवीकरण, वनस्पतीकरण आदिको प्रवृत्ति भेटिन्छ (तिवारी, ई. १९७७, पृ. ४८) । 'आमाको सपना' कविता सङ्ग्रहभित्र रहेका विशेषण विचलनका केही नमुनाहरू यहाँ प्रस्तुत गरिएको छ :

**तालिका नं. २**

| **क्र.सं.** | **सन्दर्भ र स्रोतहरू** | **अर्थगत भूमिका** |
|---|---|---|
| १ | त्यो आउँछ<br>मैले यो कुनै **अल्छी सपना** देखेको होइन !<br>त्यो आएपछि तिमी यसरी<br>मेरो काखमा आएर घोप्टिने छैनौ !<br>(आमाको सपना, पृ. २) | यहाँ २००७ सालको क्रान्तिको भविष्यवाणी गर्नका लागि 'अल्छी सपना' विशेषण विचलनको प्रयोग गरिएको छ । नेपालमा जहानियाँ राणाशासनको अन्त्य अवश्य भएकाले |

| | | |
|---|---|---|
| | | क्रान्तिपुरुषको आगमन हुने र ऊ आएपछि सबै नेपाली नडराइकन सशक्त भएर विद्रोह गर्ने कुरालाई बुझाइएको छ । |
| २ | **मधुर उषा**ले चराहरूको कण्ठलाई जस्तै<br>त्यो आउने आशाले मेरो हृदयलाई<br>कुत्कुत्याइसक्यो आमा !<br>हो, त्यो आउँछ<br>त्यो बिहानको सूर्यझैँ उज्याले छर्दै आउँछ ।<br>(आमाको सपना, पृ. २) | 'मधुर उषा' भन्ने पदावलीमा विशेषण विचलनको विशिष्ट अवस्था सिर्जना गरिएको छ । उषालाई मिठो वा स्वादिलो वस्तु फल ठानी राणाशासनको अन्त्यपछि नेपालमा सबैलाई समान हक अधिकार दिने प्रजातान्त्रिक युगको थालनी हुने कुराको सङ्केत गरिएको छ । |
| ३ | दन्त्यकथाकी राजकुमारी र एक गरीब<br>कसरी तिनका ठूला **लाम्चिला आँखा**हरू<br>एक जोडी ताराझैँ माथिबाट तल झरे<br>र त्यो गरीबको हृदयमा **स्वर्गीय जलन**<br>सल्काइ दिए<br>(दन्त्यकथा, पृ. ६) | क्षेत्रफलमा प्रयोग गरिने 'लाम्चिला' विशेषण शब्दलाई आँखाका लागि र आनन्द वा रमाइलो, खुसी जस्ता शब्दमा प्रयोग गरिने स्वर्गीय शब्दलाई जलनका लागि प्रयोग गरी राजकुमारी जस्ता धनी व्यक्ति र एउटा गरीब बिचको प्रेम सफल हुन नसक्ने कुराको आशङ्का व्यक्त गरिएको छ । |
| ४ | तिमी के भन्थ्यौ के गर्थ्यौं तिमी<br>गाँसी यी **आँसुको हार**<br>तिम्रो झैँ अनुहारलाई<br>सुहाउँदैन **आँसुको श्रृङ्गार**<br>(आँसु, पृ. ८) | यहाँ 'आँसुको हार' र 'आँसुको श्रृङ्गार' भन्ने यी दुई पदावलीमा विशेषण विचलनको विशिष्ट अवस्था सिर्जना गरिएको छ । आँसु कायरता वा दुःखको प्रतीक मात्र नभई यो परिवर्तनको सम्वाहक पनि हो भन्ने कुरालाई सङ्केत गरिएको छ । |

| | | |
|---|---|---|
| ५ | तिनीहरूको चञ्चल छायाँ<br>**मृत्युको कालो हाँसो** जस्तो थियो<br>त्यो दृश्य नै यही भन्दथ्यो ।<br>(मृत्यु, पृ. १३) | 'हाँसो' शब्दका लागि 'मृत्युको कालो' भन्ने विशेषणको प्रयोग गरी विशेषण विचलनको विशिष्ट अवस्थाको सिर्जना गरिएको छ । जसले मानव जातिको चोला कुनै न कुनै दिन कालको फन्दामा परि छाड्ने वास्तविकतालाई बुझाइएको छ । |
| ६ | एउटा **तोते कलिलो बादल**<br>हाम्रो प्यारको अङ्गालोमा हुर्क्यो<br>वसन्तको आगमन फुलेफलेसरि<br>हाँगोको अँगालोमा<br>(मृत्यु, पृ. १३) | साना बालबालिकाको बोलीका लागि प्रयोग गरिने 'तोते' तथा 'कलिलो' विशेषण विशेष शब्दलाई बादलका लागि प्रयोग गरी विशेषण विचलनको सिर्जना गरिएको छ । मानव जीवन हुर्किएसँगै काल (मृत्यु) पनि हुर्कदै जाने र उसकै शरणमा नपरी नहुने तितो यथार्थलाई यहाँ व्यक्त गरिएको छ । |
| ७ | रातो र चन्द्रसूर्जे जङ्गी निसान हाम्रो<br>**जिउँदो रगत**सरि यो, बल्दो यो सान हाम्रो<br>(जङ्गी निसान हाम्रो, पृ. ३५) | यहाँ प्राणी वा जीवका लागि प्रयोग गरिने जिउँदो विशेषण शब्दलाई निर्जीव अगणनीय रगत शब्दमा प्रयोग गरी विशेषण विचलनको विशिष्ट अवस्था सिर्जना गरिएको छ । नेपालीहरुको जीवन्तता तथा पहिचानको प्रतीक सूर्य र चन्द्र अङ्कित नेपाली झन्डा सदैव रहिरहने कुरालाई यहाँ सङ्केत गरिएको छ । |
| ८ | उसले टाढैबाट मतिर आँखा उदा-उँदाखेरि त म **आनन्दका टाकुरा**हरुमा उचालिन्छु भने मलाई थाहा छैन उसले | 'आनन्दका टाकुरा' पदावलीमा आनन्द र टाकुरालाई भेदक भेद्य सम्बन्ध स्थापित गराई विशेषण विचलनको प्रयोग |

| | | |
|---|---|---|
| | नजिक आएर हातले उठाउँदा म कुन<br>स्वर्गमा उकासिने हुँ ! मलाई थाहा छैन ।<br>(म भन्न सक्तिनँ, पृ. ३६) | गरिएको छ । नेपाली जनमानसमा क्रान्ति आउने कुरा सुन्दामात्र त अत्यन्त उत्साही भई विभिन्न प्रकारका आशाका भावहरू मनमा खेलाउन पुग्दछन् भने साच्चिकै क्रान्ति आए अत्यन्त उत्साही हुने कुरा यहाँ अभिव्यक्त भएको छ । |
| ९ | तिम्रो गहिराइमा, तिम्रो गम्भीरतामा<br>ओ सुन्दरी<br>मेरो **उत्ताउलो उचाइ** हराएको छ ;<br>('...' प्रति, पृ. ३७) | उत्ताउलो शब्दको प्रयोग मानिस वा मानिसको व्यवहारसँग गर्नु पर्नेमा यहाँ उचाइका लागि प्रयोग गरी विशेषण विचलनको विशिष्ट अवस्था सिर्जना गरिएको छ । समग्रमा प्रेमिकाको संसर्गमा रहँदा प्रेमीले आफ्नो अस्तित्व नै गुमाउने कुरालाई यहाँ प्रस्ट्याइएको छ । |
| १० | उसको **मीठो अधर**मा अब साँझको<br>हावाले हल्लाएको<br>दीप-शीखरजस्तो मुस्कान खेल्नेछ<br>अनि आफ्नो प्रेमीका अङ्गालोमा बाँधिएर<br>हल्लिदो **मुटुको पीङ** खेलेर उसको<br>नानीमा ऊ<br>आफूलाई निहारेर हेर्नेछ ।<br>(नारी, पृ. ४२) | मीठो शब्दको प्रयोग फलफूल वा खाद्य पदार्थसँग गर्नु पर्नेमा यहाँ अधर (ओठ) शब्दसँग गरिएको छ । त्यसैले यहाँ विशेषण विचलनको प्रयोग गरी नारीको खुसी उसको ओठ र अनुहारमा स्पष्टसँग झल्केको हुने कुरालाई सङ्केत गरिएको छ । |
| ११ | नारी के गर्छे !<br>ऊ चन्द्रले समुद्रमा झैँ हृदयोदधिमा<br>हाँसो र **आँसुको ज्वारभाटा** उमाल्छे । | चन्द्रमाका आकर्षणले समुद्रमा उठ्ने छाल ज्वारभाटा शब्दका लागि आँसुको भेदक विशेषणको प्रयोग गरी विशेषण |

| | | |
|---|---|---|
| | (नारी, पृ. ४५) | विचलनको प्रयोग गरिएको छ । नारी कमजोर नभई ऊ चन्द्रमा जस्तै समाजमा परिवर्तन ल्याउन सक्ने समाज परिवर्तनकी सम्वाहक पनि हो । भन्ने कुरालाई यहाँ सङ्केत गरिएको छ । |
| १२ | अनि एक किसिमले बिहान<br>जब सूर्यले आफ्नो पहिलो **सुनौलो तीर**<br>आकाशतिर हानेका मात्र के थिए<br>मलाई **मीठो थाहा** भयो ।<br>(आमाको वेदना, पृ. ४७) | मानव जीवन वा मानव भविष्यका लागि प्रयोग गरिने सुनौलो विशेषण शब्दलाई तीरका लागि प्रयोग गरेर र फलफूल तथा खाद्य पदार्थका लागि प्रयोग गरिने मीठो विशेषण शब्दलाई अगणनीय, भाववाचक नाम थाहाका लागि प्रयोग गरी विशेषण विचलनको विशिष्ट अवस्थाको सिर्जना गरिएको छ । राणाकालीन क्रुर शासनको अन्त्यका लागि नेपाली जनतामा चेतना वृद्धि भएकाले तिनीहरूको अन्त्य अवश्य हुने कुराको आशा यहाँ व्यक्त गरिएको छ । |
| १३ | तिमी नरोऊ, बस केही बेर पर्ख मात्र<br>संसार हाँक्दै अघि बढ्ने तिम्रो योद्धा<br>भरे तिम्रो सानो कोठामा आइपुग्नेछ,<br>तिम्रै अङ्गालोमा अटाउन आइपुग्नेछ,<br>उसको त्यो **धप्प बलेको अनुहार**<br>भरे तिम्रै मधुरो दियालोमा देखिने हुनेछ ।<br>(सान्त्वना, पृ. ५३) | आगो वा बत्ती शब्दका लागि प्रयोग गरिने धप्प बलेको विशेषण शब्दलाई अनुहार शब्दमा प्रयोग गरी विशेषण विचलनको विशिष्ट अवस्था सिर्जना गरिएको छ । क्रान्तिका लागि जीवन समर्पण गरेको क्रान्ति योद्धाले प्रत्येक नेपालीका घर आँगनसम्म क्रान्तिको अनुभूति गराउने कुराको आशा यहाँ |

| | | |
|---|---|---|
| | | व्यक्त गरिएको छ । |
| १४ | म अहिल्यै त नमरूँ<br>मेरो एउटै **जिउँदो गुनासो**<br>नमरेको यो धोको यही एउटा धीत<br>म अहिल्यै त नमरूँ, नमरूँ ।<br>(गुनासो, पृ. २५) | सजीव प्राणीका लागि प्रयोग गरिने जिउँदो विशेषण शब्दलाई गुनासो शब्दमा प्रयोग गरी विशेषण विचलनको विशिष्ट प्रयोग गरिएको छ । नेपालमा क्रान्तिकारी परिवर्तन नभई वा क्रान्तिको अनुभव नभई कविको नमर्ने अठोट यहाँ व्यञ्जित भएको छ । |

## ४.१.६ क्रिया विचलन

क्रियापदको अनियमित वा विशेष प्रयोग नै क्रिया विचलन हो । सामान्य व्याकरणिक नियमको उल्लङ्घन भई क्रियाले साहित्यिक स्तर छोएपछि क्रिया विचलन हुन्छ । मानवीय कर्तामा अमानवीय क्रिया तथा अमानवीय कर्तामा मानवीय क्रियाको प्रयोगबाट साहित्यिक अभिव्यक्तिलाई प्रखर तुल्याउन क्रिया विचलनको प्रयोग गरिन्छ । 'आमाको सपना' कवितासङ्ग्रहमा रहेका क्रिया विचलनका उदाहरणलाई यहाँ प्रस्तुत गरिएको छ :

१. दुई थोपा शीतजस्ता गरीबका आँखामा
स्वर्गले आफ्नो छाया देख्यो

(दन्त्यकथा, पृ. ६)

यहाँ सामान्य व्याकरणिक नियमको उल्लङ्घन भई क्रियाले साहित्यिक ओज स्थापित गरेको छ । स्वर्गजस्तो अमूर्त र निर्जीव नामसँग 'देख्यो' भन्ने क्रियापदले अभिव्यक्तिलाई विशिष्ट तुल्याइदिएको छ ।

२. तर यो मीठो कुरा दिन
दन्त्यकथा कन्जुसी गर्दछ
दन्त्यकथा खालि यत्ति भन्छ
उनीहरुको प्रेम पऱ्यो !

(दन्त्यकथा, पृ. ६)

यहाँ दन्त्यकथालाई कर्ताका रूपमा प्रयोग गरी उक्त कर्तासँग मानवीय क्रिया 'भन्छ' को प्रयोग गरिँदा क्रिया विचलन हुन पुगेको छ ।

३.	सन्देह चियाउँछ जब यो विश्वविचमा
	तिमी दुर हुन्छ्यौ ताराझैँ

(एक गीत, पृ. १०)

'सन्देह' जस्तो अमूर्त र निर्जीव नामसँग मानवीय क्रिया चियाउँछको प्रयोग गरिँदा क्रिया विचलन उत्पन्न भएको छ ।

४.	स्वर्गयुगझैँ अङ्कित स्मृतिमा
	त्यो क्षण कृष्णयुगझैँ फर्केन
	अमृत प्यालाझैँ पाएको त्यो फूल
	हलाहलझैँ बारबार मिलेन ।

(फूल र क्षण, पृ. १२)

यहाँ क्षण र फूल जस्ता निर्जीव नामसँग फर्केन, मिलेन जस्ता सजीव क्रियाको प्रयोग हुँदा क्रिया विचलन पैदा भएको छ ।

५.	अब ती घरका खर गहारा
	हुरी-भुमरीमा घुम्छन्
	हेर्न नसकी चुहिँदा यी आँखा
	पग्लिन्छन्, थुनिन्छन् !

('...' प्रति, पृ. १५)

यहाँ खर र गहरा जस्ता निर्जीव नामसँग घुम्छन् जस्तो सजीव क्रियाको प्रयोग भएकाले क्रिया विचलन पैदा भएको छ ।

६.	मेरी रानी, साँचो बोल, यो के ?
	समय दगुरिरहेछ, पर्खनलाई बेला ज्यादै कम छ,

(यो के ?, पृ. २१)

यहाँ 'समय' जस्तो अमूर्त, अगणनीय नामसँग 'दगुरिरहेछ' भन्ने मूर्त, सजीव क्रियापदको प्रयोग गर्दा क्रिया विचलन उत्पन्न भएको छ ।

७.	प्रतिध्वनि गाउँछ - 'हो ओहो ! कति राम्रो !'
	संसार गाउँछ - हो 'ओहो ! कति राम्रो !'

(तिमी र म, पृ. ३३)

यहाँ निर्जीव अगणनीय नाम प्रतिध्वनि तथा निर्जीव नाम संसार शब्दका लागि सजीव मानवीय गाउँछ क्रियापदको प्रयोग गरी क्रियाविचलन उत्पन्न भएको छ ।

८. ऊ टाढै हुँदा मबाट सपनाहरु पह्लाउन थाले ।

(म भन्न सक्तिनँ, पृ. ३६)

यहाँ सपनाहरू जस्तो अमूर्त अगणनीय नामसँग सजीव पह्लाउन थाले क्रियापदको प्रयोग गरी अभिव्यक्तिलाई प्रभावकारी तुल्याउन क्रियाविचलनको प्रयोग गरिएको छ ।

९. यता त्यसलाई जन्माउँदा हुर्काउँदा भोगेको
सारा वेदना
छातीभित्र रहीरही चिच्याइरहेछ ।

(आमाको वेदना, पृ. ४९)

यहाँ वेदना जस्तो अमूर्त, अगणनीय नामसँग चिच्याइरहेछ भन्ने सजीव मानवीय क्रियापदको प्रयोग गरेर क्रियाविचलन उत्पन्न भएको देखिन्छ ।

१०. छाती फुलिरहेछ ।
पृथ्वी, तँ आज खुम्चिन छाड्
तेरो यो सानू देहले
हाम्रो छाती र कानलाई
ठाउँ पुऱ्याउन सक्ला र ?

(रजतजयन्ती, पृ. ४०)

यहाँ निर्जीव 'पृथ्वी' नाम कर्ताका लागि सजीव छाड् क्रियापदको प्रयोग गर्दा क्रियाविचलन उत्पन्न भएको छ ।

## ४.१.७ कारक विचलन

कारक विचलन भनेको वाक्यमा संरचित कारकीय सम्बन्धको असामान्य प्रयोग हो । सामान्य भाषामा रहेको कारकको भूमिकालाई सार्थक ढङ्गले अतिक्रमण गर्दै आर्थी सम्बन्धमा नयाँनयाँ सम्भावनाहरूको खोजी गरी अभिव्यक्ति ढाँचालाई प्रभावकारी बनाउँदा कारक विचलन हुन्छ । 'आमाको सपना' कविता सङ्ग्रहका कविताहरुमा प्रयुक्त कारक विचलनका उदाहरणहरुलाई यहाँ प्रस्तुत गरिएको छ :

१. तर त्यो मीठो गीतले तिमीलाई बाँसुरी बनाएनछ ।

(आमाको सपना, पृ. १)

गीतलाई मानवीकरण गर्दै कर्ताका रुपमा प्रयोग गरी नेपाली जनतामा क्रान्तिचेतना जगाउन नसकिएकाले राणाशासनलाई फाल्न नसकिएको सन्दर्भार्थ प्रस्तुत गरिएको छ ।

२. भाग्यचक्रले विरही दिनमा
सात समुद्रपारिकी
परीलाई झैँ ल्यायो ।

(फूल र क्षण, पृ. १२)

भाग्यचक्रलाई मानवीकरण गर्दै सजीव कर्ताका रुपमा प्रयोग गरी कारक विचलनको प्रयोग गरिएको छ । यहाँ जीवनमा सुख र समृद्धि प्राप्त गर्नका लागि अनेकौँ दुःख कष्ट बेहोर्नुपर्ने सन्दर्भार्थ प्रस्तुत भएको छ ।

३. एउटा तोते कलिलो कालो बादल
हाम्रो प्यारको अङ्गालोमा हुर्क्यो

(मृत्यु, पृ. १३)

यहाँ वादल कर्ताकारका रुपमा प्रयोग हुन पुगेको छ । बादललाई मानवीकरण गर्दै मानव जीवन एक न एक दिन मृत्युको शरणमा नपरी नहुने सन्दर्भार्थ प्रस्तुत गरिएको छ ।

४. तिनीहरुको मीठो छायाँ
मृत्युको कालो हाँसोजस्तो थियो
त्यो दृश्य नै यही भन्दथ्यो ।

(मृत्यु, पृ. १३)

यहाँ अधिकरणबाट कर्ताकारकको सम्बन्ध स्थापित हुन पुगेको देखिन्छ । दृश्यलाई मानवीकरण गरी मान्छेको छायाँमा उसको मृत्यु लुकेको हुने कुरालाई व्यक्त गरिएको छ ।

५. मलाई त क्रान्तिसित खेल्ने बानी छ
त्यसैले क्रान्तिले मेरो छहारी सकार्नु छ

(मेरो प्रेमको कथा, पृ. ३०)

यहाँ 'क्रान्ति' लाई मानवीकरण गरी कर्ताकारकको रूपमा प्रयोग गरिएको छ । कवि आफू सधैँ नेपालमा क्रान्तिको चाहना राख्ने गरेको तर आजसम्म पनि क्रान्ति नभएकाले त्यसको महसुस गर्न नपाएको कुरालाई सन्दर्भार्थ प्रस्तुत गरिएको छ ।

६.	आज तिनैको मौनता पनि बोल्छ ।

(परिवर्तन, पृ. ५०)

यहाँ भाववाच्य नाम मौनतालाई कर्ताकारकको रूपमा प्रयोग गरी कारक विचलनको प्रयोग भएको छ ।

७.	शीतको थोपाले नारीको आँखाको नानीजस्तो

कालो भमरालाई सुनाएछ ।

(नारी, पृ. ४४)

शीतको थोपालाई मानवीकरण गरी कर्ता कारकमा विचलन गर्दा अभिव्यक्ति प्रभावकारी बन्न पुगेको छ ।

माथि प्रस्तुत भएका व्याकरणात्मक कोटि विचलनका विभिन्न उदाहरणहरुलाई हेर्दा रिमालको 'आमाको सपना' कविता सङ्ग्रहभित्र व्याकरणात्मक कोटी विचलनको अवस्था देखिन्छ । पदक्रम विचलन, विशेषण विचलन, क्रिया विचलन, लिङ्ग विचलन र कारक विचलनको प्रयोग अत्यन्त सान्दर्भिक र सोद्देश्यपूर्ण रहेको छ । विशेष गरी पदक्रम विचलन र विशेषण विचलनले कविताको अभिव्यक्तिलाई प्रभावकारी तथा लाक्षणिक एवं व्यञ्जनात्मक बनाएका छन् । जसले गर्दा अभिव्यक्तिमा नवीनता सिर्जना भई कविको मौलिकता झल्केको छ भने यहाँ वचन विचलन केही शिथिल रहेको छ । अन्य प्रकारका विचलन भने कवितामा नगन्य रूपमा रहेका छन् । निष्कर्षमा भन्नुपर्दा व्याकरणिक कोटी विचलनले बाधकको काम होइन, कवितामा मौलिकता, सुन्दरता, नौलोपन, आलङ्कारिकता, भावसम्प्रेषणमा विशिष्टता तथा साहित्यिक सौन्दर्यको सिर्जनाका लागि साधकको भूमिका निर्वाह गरेको छ ।

उल्लिखित व्याकरणिक कोटी विचलन वाहेक 'आमाको सपना' कविता सग्रहमा  आदर, पुरुष, काल, पक्ष, भाव, वाच्यको अवस्था सामान्य नै लाग्छ । यी विचलन कवितामा देखिदैनन् । व्याकरणिक कोटी विचलन सँगसँगै आमाको सपना कविता सङ्ग्रहमा अन्य विभिन्न भाषिक विचलनको अवस्था पनि सिर्जना भएको छ । अतः सो विचलनलाई यहाँ क्रमिक रूपमा अध्ययन गरिएको छ ।

## ४.२ कोशीय विचलन

नयाँ शब्दको निर्माण नै कोशीय विचलन हो (शर्मा, २०५९, पृ. २१) । केही विद्वान्हरुले यसलाई शब्द विचलनको रूपमा पनि उल्लेख गरेको पाइन्छ । भाषाविशेषमा प्रचलित अथवा शब्दकोशमा समाविष्ट शब्दभन्दा भिन्न नयाँ शब्दको निर्माण र प्रयोगलाई कोशीय विचलन भनिन्छ (लुइटेल, २०६२, पृ. ८१) । यसलाई शब्द निर्माण प्रक्रियाको सामान्य परम्पराभन्दा भिन्न असामान्य तरिका मानिन्छ । स्रष्टाले आफ्ना रचनामा भाषाको सामान्य स्रोतलाई अतिक्रमण गरी स्पष्टतः सम्बद्ध भाषाका शब्दकोशमा समाविष्ट भएका नयाँ शब्दको निर्माण तथा प्रचलित शब्दको आकृतिमा परिवर्तन गरी प्रयोग गर्न सक्छ । निरर्थक र भ्रान्ति विचलनले कृतिलाई कमजोर बनाउँछ भने सोद्देश्यपूर्ण विचलनले अभिव्यक्तिलाई विशिष्ट बनाउँछ । 'आमाको सपना' कविता सङ्ग्रहभित्र रहेका कोशीय विचलनका नमुनाहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका नं. ३**

| **क.सं.** | **सन्दर्भ र स्रोतहरू** | **अर्थगत भूमिका** |
|---|---|---|
| १ | तिमी उनीहरुलाई मार, मलाई हर अथवा मलाई **झुक्यान**मा पारेर यस्तो बेलामा आइपुग (सपनामा, पृ. ५) | यहाँ 'हर' र 'झुक्यान' यी दुबै शब्द शब्दकोशका लागि नयाँ शब्द हुन् । 'हरण'लाई 'हर' का रूपमा प्रयोग गरिएको छ । 'झुक्याउनु' लाई 'झुक्यान' का रूपमा प्रयोग गरी क्रान्तिका लागि छलकपट पनि गर्न तयार हुनुपर्ने कुरा व्यक्त गरिएको छ । |
| २ | दन्त्यकथाकी राजकुमारी र एक गरीब कसरी तिनका ठूला **लाम्चिला** आँखाहरु एक जोडी ताराझैँ माथिबाट तल झरे र त्यो गरीबको हृदयलाई स्वर्गीय जलन सल्काइदिए ? (दन्त्यकथा, पृ. ६) | यहाँ 'लाम्चो' विशेषण शब्दलाई 'इला' प्रत्यय लगाई 'लाम्चिला' शब्दको निर्माण गरिएको छ, जसले लामो भन्ने अर्थलाई व्यक्त गरेको छ । |

| | | |
|---|---|---|
| ३ | दुई दिनपछि<br>घाममा हाँसिरहेका ती फूलहरू<br>छायामा **निदाउरिँदै** सुक्दै गए ।<br>(मृत्यु, पृ. १३) | यहाँ 'निद्' धातुमा 'आउरी' प्रत्यय लगाई अपूर्ण कालिक पक्ष 'दै' प्रत्यय लगाई 'निदाउरिँदै' शब्दको निर्माण गरिएको छ । जसले आइलाउने वा खुम्चिने भन्ने अर्थ दिएको छ । |
| ४ | जब कल्पनाको सुनौलो संसार<br>जूनकीरीसरि अँध्यारोमा<br>**पिलपिलिँदै** हराउँदै जान्छ<br>अनि मृत्यु देखिन्छ - यही देखेँ ।<br>(मृत्यु, पृ. १३) | 'पिलपिलिँदै' शब्द 'पिलपिल' अनुकरणात्मक शब्दमा 'इ+दै' लगाएर निर्माण गरिएको छ । जसले पिलपिलाउँदै भन्ने अर्थ प्रदान गरेको छ । |
| ५ | अब ती घरका खर **गहारा**<br>हुरी-भुमरीमा घुम्छन्<br>हेर्न नसकी चुहिँदा यी आँखा<br>पग्लिन्छन् ! थुनिन्छन् !<br>('...' प्रति, पृ. १५) | यस उदाहरणमा आएको 'गहारा' शब्द शब्दकोशका लागि नयाँ शब्द हो । गरा/गरो भन्ने अर्थका लागि यस शब्दको प्रयोग गरिएको छ । |
| ६ | हाम्रो देशको नाउँ के ? खसभीर<br>खुसी, **खुसियाशैल** ।<br>(गोपालप्रसाद रिमालले बोलिरहेको खसकुरा, पृ. १६) | 'खुसियाशैल' शब्द खुसी+इया भएर बनेको छ भने खुसियाको शैल विग्रहलाई समास गरी निर्माण गरिएको छ । जसको अर्थ खुसीले भरिएको भन्ने हुन्छ । |
| ७ | त्यसैले मेरो यो भुजाको बलले<br>मेरो हृदयमा जागेको **जहरिलो** घृणाले<br>मेरो धारिलो मस्तिष्कको चोटले<br>मेरो दुश्मनमाथि म आफ्नो पनि माया मारेर<br>निस्फिक्री नबज्रेसम्म<br>(गुनासो, पृ. २५) | यहाँ प्रयुक्त 'जहरिलो' शब्द जहरमा 'इलो' प्रत्यय लगाई निर्माण गरिएको छ । जसले बलवान्, शक्तिशाली भन्ने अर्थ प्रदान गरेको छ । |

| | | |
|---|---|---|
| ८ | यहाँ हामीलाई आफ्नो **अशक्यता** नै प्रिय छ<br>(तिमी को ?, पृ. २७) | यहाँ अ+शक्+य+ता मिलाई अशक्यता शब्दको प्रयोग गरिएको छ । जसले अशक्तता वा गर्न नसकिएको भन्ने अर्थ प्रदान गरेको छ । |
| ९ | लीलाले पनि मलाई अलमलाउन सकिनन् लीलासित हरदम **पाचुके** नै छ ।<br>(मेरो प्रेमको कथा, पृ. २९) | यहाँ प्रयोग भएको पाचुके शब्द शब्दकोशका लागि नयाँ हो । पार्पाचुके शब्दका लागि पाचुके शब्दको प्रयोग गर्दा कोशीय विचलन उत्पन्न भएको छ । |
| १० | जब संसारबाट **उप्केर** मेरा आँखा आकाशतिर हेर्न लागेका हुन्छन्<br>(तिमी र म, पृ. ३३) | यहाँ प्रयुक्त 'उप्केर' मा नयाँ धातु 'उप्क' मा 'एर' प्रत्यय लगाई नवीन शब्दको निर्माण गरिएको छ । जसले उठेर भन्ने अर्थ प्रदान गरेको छ । |
| ११ | हरे ! म कसरी तिमीलाई भनूँ कि यो मेरो **बेवसी** हो : मेरो कमजोरी हो ;<br>(तिमी र म, पृ. ३४) | यहाँ प्रयुक्त बेवसी शब्द विवशता वा बाध्यता अर्थ व्यक्त गर्नका लागि प्रयोग भएको छ । यो शब्दकोशका लागि नयाँ प्रयोग हो । |
| १२ | आज हामी **आनन्दी** छौँ !<br>आज हामी सुखी छौँ !<br>संसारमा आज हाम्रै कथा छ ।<br>(रजतजयन्ती, पृ. ४१) | यहाँ 'आनन्द' शब्दमा 'ई' प्रत्यय लगाई आनन्दी शब्दको निर्माण भएको छ । जसले आनन्दित वा सन्तुष्टि भन्ने अर्थ प्रदान गरेको छ । |

माथिका उदाहरण प्रयुक्त पदहरूले 'आमाको सपना' कवितासङ्ग्रहमा रहेको कोशीय विचलनको स्थितिलाई स्पष्ट ढङ्गले प्रतिविम्बित गरेका छन् । सामान्यतया झुक्यान, हर, लाम्चिला, अशक्यता, पाचुके, उप्केर, बेवसी, आनन्दी जस्ता शब्दहरुको निर्माण प्रक्रिया प्रचलित व्याकरणिक पद्दतिभन्दा केही फरक र असामान्य रहे पनि सार्थक र सोद्देश्यपूर्ण देखिन्छ । रिमालद्वारा स्वनिर्मित यी शब्दहरू नेपाली भाषाको मानक शब्दभण्डारमा नयाँ छन्, जसले कविताको शैलीगत पक्षमा एउटा नवीनतम् सौन्दर्यको प्रतिपादन गरेका छन् ।

यी नयाँ शब्दहरुले अभिव्यक्तिमा नवीन सौन्दर्य प्रदान गरी कवितालाई लाक्षणिक बनाएका छन् ।

## ४.३ अर्थ विचलन

प्रसङ्ग र प्रयोगअनुसार भाषाका अनेक अर्थ हुन्छन् ती मध्ये कविता भाषाको विशिष्ट अर्थ व्यक्त गर्नका लागि प्रयोग गरिन्छ । सामान्यार्थ वा अभिधेयार्थ वाक्यले दिने अर्थभन्दा लक्ष्यार्थ, व्याङ्ग्यार्थ वाक्यले दिने अर्थमा फरक पर्दछ । सामान्यार्थ वा कोशीय अर्थभन्दा भिन्न लाक्षणिक एवम् व्यञ्जनात्मक अर्थ व्यक्त गर्ने साहित्यिक विधामध्ये कविता विधा एक विशिष्ट विधा हो । साहित्यिक कृतिमा अर्थका दृष्टिले हुने विचलन अर्थतात्त्विक विचलन हो । अभिव्यक्तिका क्रममा सामान्यार्थलाई कुल्चेर लक्ष्यार्थ वा व्याङ्ग्यार्थ प्रकट भएको अवस्थामा अर्थतात्त्विक विचलन पैदा हुन्छ । साहित्यमा अर्थतात्त्विक विचलनलाई सौन्दर्यपूर्ण प्रभावोत्पादक ठानिन्छ । त्यसमा अभिव्यक्तिको बिछटै नौलो सौन्दर्य झल्लिएको हुन्छ र यसमा नै साहित्यको प्राणतत्त्व पनि रहेको हुन्छ । सामान्यार्थ वा अभिधार्थ वा कोशीय अर्थमा सीमित रहेर साहित्यले उच्चता हासिल गर्न सक्दैन । त्यसैले अभिधार्थभन्दा भिन्न विशिष्ट अर्थ व्यक्त गर्ने क्रममा यो विचलन देखापर्दछ । साहित्यमा अर्थगत विचलन प्रभावोत्पादन तथा सौन्दर्यपूर्ण ठानिन्छ किनभने त्यसमा अभिव्यक्तिको बिछट्टै नौलो सौन्दर्य झल्किएको हुन्छ । यो कविता विधामा बिम्ब, प्रतीक एवम् मिथकमा बढी व्यञ्जित तथा ध्वनित हुन्छ । त्यसैले यो कवितामा सर्वोच्च रूपमा आफ्नो स्थान सुरक्षित गर्न सफल रहेको छ । कविले आफ्नो भनाइलाई प्रभावकारी एवम् व्यञ्जनात्मक बनाउन विभिन्न बिम्ब, प्रतीक, ध्वनि, अलङ्कार, रीति, बक्रोक्ति र मीथकको माध्यमबाट कवितामा विशिष्ट किसिमको अर्थ व्यक्त गर्दछन् ।

यसरी एउटा विषयको उठानबाट अर्कै विषय ध्वनित गर्न कवितामा अर्थ विचलनको स्थिति पैदा भएको पाइन्छ । यस्ता अनेक उदाहरण कवि गोपालप्रसाद रिमालद्वारा रचित 'आमाको सपना' कविता सङ्ग्रहमा सङ्ग्रहित कविताहरुमा प्रशस्त मात्रामा पाइन्छ । यसमा प्रयुक्त अर्थतात्त्विक विचलनका उदाहरणलाई यहाँ प्रस्तुत गरिएको छ :

**तालिका नं. ४**

| क्र.सं. | सन्दर्भ र स्रोतहरू | अर्थगत भूमिका |
|---|---|---|
| १ | "त्यो हिउँ र आगोभन्दा पनि बढ्ता छोइने भएर आउँछ ।" (आमाको सपना, पृ. १) | यहाँ हिउँ र आगोजस्ता शब्दको प्रयोग गरी वस्तु र चेतना बिचमा साम्य सिर्जना गरिएको छ । समग्रमा नेपालमा क्रान्ति नेपाली जनताले अनुभव र अनुभूति गर्न सक्ने तथा नेपाली जनजीवनलाई प्रभावित नपारी नछाड्ने गरी आउने कुराको सङ्केत गरिएको छ । |
| २ | 'मधुर उषाले चराहरुको कण्ठलाई जस्तै त्यो आउने आशाले मेरो हृदयलाई कुत्कुत्याइसक्यो आमा !' (आमाको सपना, पृ. २) | बिहानीको आगमनसँगै चरालाई चिरबिराउन मन लागेझैं नेपालीलाई पनि क्रान्ति नायकको आगमनको आशामा आतुर भएको कुरालाई यहाँ उजागर गरिएको छ । |
| ३ | म मानव, मानवताको छ सीमा ममाथि<br>त्यै सीमाको बाहिर पर्छ पूर्णताको मेरो भाग<br>उरमा प्रतिबिम्बित पारी त्यै पूर्णताको अनुहार<br>म त्यतैतिर छटपटिँदा भयो<br>यिनको प्रपात<br>(आँसु, पृ. ८) | आँसु हिनताबोध, विवशता वा निराशाको प्रतीक नभएर यो त मानवमूल्यको प्राप्तिका लागि अनवरत सङ्घर्ष गर्दा निस्किएको अमूल्य वस्तु हो भनिएको छ । |
| ४ | जब भिखारीको हातसरि<br>फुक्नेछ तिम्रो सुन्दर तन<br>के ठानी के दिऊँ तिमीलाई<br>भन न भन कली !<br>(एक गीत, पृ. १०) | सौरभ दान गर्ने कलीको सुन्दर तन भिखारीका हात झैं फैलिँदा उसलाई दिने उपहार कविसँग केही पनि नभएको कुरा यहाँ व्यक्त गरेका छन् । |

| | | |
|---|---|---|
| ५ | "फूल झर्दछ, फुल्दछ<br>फुल्दछ, झर्दछ "<br>तर त्यो फूल जसले<br>छाती थापी फक्रेथ्यो<br>त्यो थोपालाई तृप्ति दिने<br>जब जगमा अमृत झरेथ्यो<br>के त्यो फूल फुल्यो ?<br>(फूल र क्षण, पृ. १२) | यहाँ फूल र अमृत जस्ता प्रतीकको प्रयोग गरी मानव जीवनको चित्रण गरिएको छ । फूलको फुल्ने र झर्ने प्रक्रियालाई क्षणमा आउने र जाने निरन्तर क्रम भएको बताउँदै समयको असीम र अनन्त प्रवाहमा लामो समयदेखि प्रतीक्षा गर्दा पनि फूल क्षण अथवा सुनौलो जीवन पाउन नसकेको कविको छटपटी यहाँ व्यक्त भएको छ । |
| ६ | पानीको छलबलमा<br>छरिरहेको घामझैँ<br>हरियोमाथि फूलहरु तर्किएझैँ<br>खेलिरहेका थिए हावामा ।<br>तिनीहरूको चञ्चल छाया<br>मृत्युको कालो हाँसोजस्तो थियो -<br>त्यो दृश्य नै यही भन्दथ्यो ।<br>दुई दिनपछि<br>घाममा हाँसिरहेका ती फूलहरु<br>छायामा निउरिदै सुक्दै गए ।<br>(मृत्यु, पृ. १३) | पानीको छलबल, मृत्युको कालो हाँसो, निदाउँरिदा फूलजस्ता पदावलीको प्रयोग गरी अभिव्यक्तिलाई प्रभावकारी तुल्याउने काम कविले गरेका छन् । अर्थात् प्रकृति र मानव जीवनमा मृत्युको कालो हाँसो व्याप्त रहेको छ । घाममा हाँसिरहेका फूलहरुलाई दुई दिनपछि छायामा ओइलिँदै सुक्दै गएको कविले देखेका छन् । घाममा फक्रिएको फूल दुई दिनमा ओइलाएर गए झैँ सुनौलो मानव जीवन पनि दुई दिनपछि मृत्युको कालो हाँसोको आहारा बन्नु पर्ने तितो यथार्थ यहाँ व्यक्त भएको छ । |
| ७ | या बिजुलीका कणझैँ प्राण वरिपरि<br>पञ्चभूतको आवरण बेह्री<br>तिमी बर्सने बादलझैँ<br>ओर्ह्लदा कर्म जगत्मा<br>कुनै विपरीत हुरीले<br>फेरो मार्‍यो र पथमा ?<br>नेपाली ...<br>(प्रश्न, पृ. १९) | यहाँ बिजुलीका कण, पञ्चभूतको आवरण, बर्सने बादल र हुरी जस्ता पद तथा पदावलीको प्रयोग गरी अभिव्यक्तिलाई प्रभावकारी तुल्याइएको छ । समग्रमा राष्ट्रिय उत्थानमा लाग्दा शासकहरुबाट बाधा अवरोध पुर्‍याएपछि बर्सने बादलझैँ कामको खोजीमा लाग्दा कुनै विपरीत हुरीले हुर्‍याइएर पथभ्रान्त भई नेपालीहरु प्रबासिएको हुन सक्ने कुरालाई |

| | | |
|---|---|---|
| | | यहाँ कविले सङ्केत गरेका छन् । |
| ८ | मानव वनमा कहिलेदेखि झर्न लाग्यो निर्झर<br>जसको इन्द्रधनुषले गर्दा जीवन भो सुन्दर-सुन्दर<br>(कवि हृदयमा, पृ. २४) | यहाँ मानव-वन, निर्झर, इन्द्रधनुषजस्ता शब्दको प्रयोग गरी कविले अभिव्यक्तिलाई सारपूर्ण तथा खँदिलो बनाएका छन् । कविको मन वन हो, त्यस वनबाट रसको झरना (कविता) बग्छ, त्यही वनमा निहित इन्द्रधनुषी सौन्दर्य वा कल्पनाका कारणले मानव जीवन सुन्दर बन्ने कुरा यहाँ व्यक्त गरिएको छ । |
| ९ | मैले नहिर्काई चित्तै नबुझ्ने गरी थाहा पाएँ -<br>मेरा यी पाखुरामा कुन बल लुकेका रहेछन् -<br>म बालिजत्तिकै बली रहेछु -<br>मलाई हटाउन रामले जस्तै<br>लुकेर प्रहार गर्नुपर्ने रहेछ ।<br>(गुनासो, पृ. २५) | यहाँ 'रामायण' महाकाव्यका पात्र बालि र रामको प्रसङ्गलाई उठाएर अभिव्यक्तिलाई अर्थपूर्ण तथा खँदिलो बनाइएको छ । अर्थात् शासकहरूले कमजोर, निरीह र निर्बल ठानेका जनतामा पनि बल भएको र अब नेपाली जनतालाई जित्न सोझो चालले नभई रामले बालिलाई मार्न छल गरेझैँ गर्नु पर्ने कुरा व्यक्त गर्दै जनता अब निरीह नभई क्रमिक रूपमा शक्ति सम्पन्न बन्दै गएको कुरालाई मीथकका माध्यमबाट प्रस्ट्याइएको छ । |
| १० | हामीलाई हाम्रो हार नै प्रिय छ,<br>त्यसैलाई हामी जयमाला बनाउन चाहन्छौँ,<br>"तिमी जितेका छैनौ, जित्ने त अर्कै छ" भन्ने तिमी को ?<br>(तिमी को ?, पृ. २७) | २००७ सालको कथित क्रान्ति क्रान्ति नभएर त्यो हार हो भन्दै यो जित हाम्रो जित नभएर अर्काकै जित हो अर्थात् स्वदेशी राष्ट्रभक्त जनताको जित नभएर नेपाली जनताका शत्रु वा विदेशीको जित हो भन्ने कविको भनाइ यहाँ अरण्यरोदन बन्न पुगेको कुरा व्यक्त भएको छ । |
| ११ | मलाई त क्रान्तिसित खेल्ने बानी छ | नेपाली जनता सधैँ परिवर्तनगामी भएकाले सदैव परिवर्तनको प्रतीक क्रान्तिको पूजा |

| | | |
|---|---|---|
| | त्यसैले क्रान्तिले मेरो छहारी सकार्नु छ ।<br>(मेरो प्रेमको कथा, पृ. ३०) | गर्दछन् त्यसैले अब क्रान्ति वा परिवर्तनले चाहिँ नेपाली जनजीवनका प्रत्येक पलमा साथ दिन बाँकी रहेको कुरा यहाँ प्रस्तुत गरिएको छ । |
| १२ | म त्यसैले जोडा छु, जोडा हुन्छु,<br>क्रान्तिले मलाई नमस्कार गर्न बाँकी नै छ ।<br>(मेरो प्रेमको कथा, पृ. ३०) | परिवर्तनको अपेक्षा गरेर एकजुट भई जहानियाँ राणा शासनका विरुद्धमा २००७ सालको क्रान्तिमा पङ्क्तिवद्ध भए तापनि वास्तविक क्रान्ति प्रत्येक नेपालीका घरघरमा पुगेर त्यसमा होमिएका मान्छेलाई परिवर्तनको महसुस गराउन नसकेको कुरा यहाँ व्यक्त भएको छ । |
| १३ | मैले त क्रान्तिलाई सलामी दिसकेँ<br>क्रान्तिले मर्द भएर सलाम फर्काउन बाँकी नै छ ।<br>म त्यसैले प्यासो छु, त्यसैको प्रेमी छु,<br>क्रान्तिले मलाई प्रेम गर्न बाँकी नै छ ।<br>(मेरो प्रेमको कथा, पृ. ३०) | कवि क्रान्तिलाई सलामी दिएर उभिएको हुनाले क्रान्तिले सजीव एवं मर्द भएर सलाम फर्काएको हेर्न आतुर छन्, त्यसैले क्रान्तिका प्रेमी, क्रान्ति प्यासी एवं क्रान्तिका भोका कवि क्रान्तिको उत्साही प्रेम पाउन बाँकी रहेकाले त्यसकै आशामा बाँचेको कुरा यहाँ व्यक्त गरेका छन् । |
| १४ | बरु तिमीले दिएको जहर सिनित्तै म रित्याइदिउँला<br>तर तिम्रो दयाको एक थोपा पनि मलाई चाहिन्न ।<br>(तिमी र म, पृ. ३३) | यहाँ 'तिमी' राणाशासनको प्रतीक र 'जहर' पीडाको प्रतीकका रूपमा प्रयोग भई अर्थगत विचलन पैदा भएको छ । तिमीप्रति सम्बोधन गर्दै कविले तात्कालीन राणाशासनले दिएका अनगिन्ती पीडाहरूलाई सहेर बस्न सक्ने तर उनीहरूको दया, माया वा करुणा आफूलाई नचाहिने कुरा व्यक्त गरेका छन् । |
| १५ | रातो र चन्द्र सुर्जे, जङ्गी निसान | यहाँ 'जङ्गी निसान' तथा 'जिउँदो रगत' जस्ता |

| | | |
|---|---|---|
| | हाम्रो ।<br>जिउँदो रगतसरि यो बल्दो यो सान हाम्रो ॥<br>(जङ्गी निसान हाम्रो, पृ. ३५) | पदावलीमा रूपकको प्रयोग भई अर्थगत विचलन गराई अभिव्यक्तिलाई प्रभावकारी तुल्याइएको छ । यो ब्रह्माण्डमा जहिलेसम्म आकाशमा चन्द्र र सूर्य रहिरहन्छन् त्यतिन्जेलसम्म प्रत्येक नेपालीको रगत रातो रहने अर्थात् आकाशमा चन्द्र र सूर्य रहुन्जेल सूर्य र चन्द्र अङ्कित नेपाली झन्डा र नेपालको अस्तित्व रातो रगत भएका वीर नेपालीले राख्ने देशभक्ति भावना यहाँ व्यक्त भएको छ । |
| १६ | हिमालझैँ अटल यो, झुकेन यो कहिल्यै ।<br>लत्रेन यो कहिल्यै जङ्गी निसान हाम्रो ॥<br>(जङ्गी निसान हाम्रो, पृ. ३५) | हिमाल अटल, स्थिर भएकाले कहिल्यै झुक्दैन वा हलचल हुँदैन, त्यसैगरी नेपालको राष्ट्रिय झन्डा पनि कसैसामु कहिल्यै नझुक्ने र नलत्रिने कुरा यहाँ व्यक्त भएको छ । |
| १७ | यो जन्मदै जगत्मा कैयौँ प्रहार आए साम्राज्य दुई हारे हारेन सान हाम्रो ।<br>(जङ्गी निसान हाम्रो, पृ. ३५) | अङ्ग्रेज र चिनियाँ दुई साम्राज्यवादी शक्तिहरूले नेपाललाई आक्रमण गरेर झुकाउन खोज्दा नेपाल हारेन बरु शत्रुहरू नै पराजित हुन पुगे भन्ने राष्ट्रियताको प्रखर अभिव्यक्ति यहाँ व्यक्त भएको छ । |
| १८ | ऊ टाढै हुँदा मबाट सपनाहरू पह्लाउन थाले ।<br>(म भन्न सक्तिनँ, पृ. ३६) | यहाँ सपनाहरु पलाउने कुरा व्यक्त गरेर भावनालाई प्रकृतिकरण गरिएको छ । क्रान्ति वा परिवर्तन हुनुभन्दा अगाडि नै नेपालमा जहानियाँ राणाशासनको अन्त्य हुने आशालाई यहाँ सपनाहरु पलाउने कुरा व्यक्त गरेर अर्थगत विचलन गरिएको छ । |
| १९ | तिम्रो गहिराइमा, तिम्रो गम्भीरतामा, ओ सुन्दरी | यहाँ गहिराइ, गम्भीरता, उत्ताउलो उचाइ जस्ता पद एवं पदावलीको प्रयोग गरी |

| | | |
|---|---|---|
| | मेरो उत्ताउलो उचाइ हराएको छ । ('...' प्रति, पृ. ३७) | अभिव्यक्तिलाई प्रभावकारी तुल्याइएको छ । यौन आनन्द वा वासनाका आवेगमा प्रेमिकासँग एकाकार हुँदा उसका गहिराइमा आफ्नो उचाइ हराएको कुरा कविले व्यक्त गरेका छन् । |
| २० | ओ युवती ! ओ रूपवती,<br>प्रेम त जङ्गलमा पनि हुन्छ,<br>यो गाउँघरमा, यो शहरमा<br>प्रेम मात्र पर्याप्त छैन,<br>('...' प्रति, पृ. ३७) | युवतीप्रति सम्बोधित यस कवितामा वासनात्मक प्रेम त जङ्गलमा अथवा पशुजगत्मा पनि हुने भएकाले ग्रामीण सहरिया सभ्यतामा हुर्केको मानव समाजमा त्यस्तो वासनात्मक तथा रागात्मक प्रेम अपर्याप्त रहने कुरा यहाँ व्यक्त गरिएको छ । |
| २१ | यहाँ स्वच्छ गर्भाधान हुनुपर्छ<br>यहाँ बुद्ध जन्माउनुपर्छ, यहाँ लेनिन जन्माउनुपर्छ ।<br>('...' प्रति, पृ. ३७) | यौन सन्तुष्टिका लागि मात्र गरिने प्रेम निरुद्देश्य निरर्थक र तुच्छ भएकाले प्रेम शान्तिका अग्रदूत बुद्ध र क्रान्तिका पर्याय लेलिन जस्ता महामानव जन्माउन सक्ने किसिमले अर्थपूर्ण र गौरवशाली हुनुपर्दछ भन्ने भाव यहाँ व्यक्त भएको छ । |
| २२ | दशै इन्द्रियहरू आफ्ना-आफ्ना थान्का लाग<br>तिमीहरुको घमण्डको पखेटा<br>आज काटि दिन्छु ।<br>(रजतजयन्ती, पृ. ३९) | यहाँ इन्द्रियहरू थान्का लाग, घमण्डको पखेटा जस्ता पदावलीको प्रयोग गरी अभिव्यक्तिलाई तिख्खर तुल्याइएको छ । राजा त्रिभुवनको रजतजयन्तीमा अभूतपूर्व दृष्य, श्रव्य र सुरभिको अनुभव गर्नुपर्ने भएकाले मानवका दसै शारीरिक इन्द्रियहरूले त्यस्तो क्षमता राख्न नसक्ने भएकाले यी इन्द्रियहरूको काम नभएको कुरा प्रस्तुत गर्दै यो उत्सवमा अपूर्व दिव्यदृष्टि र बोध चाहिने कुरा प्रस्तुत गरिएको छ । |

| | | |
|---|---|---|
| २३ | "आज हाम्रो आनन्द दिवस हो- यो दिन ननिभ्ने गरी उज्ज्वल छ :, आज रजतजयन्ती ।" (रजतजयन्ती, पृ. ३९) | रजतजयन्तीको उज्ज्वल र आनन्दमय अवसरमा कवि आफू दु:ख-सुख सबैलाई बिर्सिएर एक अतीन्द्रिय आनन्दको अनुभूतिमा डुब्न पुगेको कुरा व्यक्त गरिएको छ । |
| २४ | फेरि हिमालको अग्लो टुप्पाबाट<br>शङ्ख आज फुक्तछु !<br>आनन्द लुट्न कसैलाई<br>इरादा छ भने - स्वागतम् !<br>त्यो आओस् नेपालमा ।<br>(रजतजयन्ती, पृ. ४१) | हिमालको अग्लो टुप्पा र आनन्द लुट्नु जस्ता पदावलीको प्रयोग गरी अभिव्यक्तिलाई व्यङ्ग्यात्मक बनाइएको छ । विश्वका सम्पूर्ण खुसीयाली तथा आनन्दमा रमाउने सबै मान्छेहरूलाई सर्वोच्च शिखर सगरमाथाको टुप्पाबाट शङ्ख फुकेर डाकी नेपालमा आउनलाई आग्रह गर्दै आफू सधैं नेपालमा स्वागत गर्न तत्पर रहेको कुरा कविले यहाँ व्यक्त गरेका छन् । |
| २५ | यस्तै आनन्दी आज,<br>र आजजस्तो भोलिले<br>भरिएको छ<br>युगयुगको नसानसा<br>(रजतजयन्ती, पृ. ४१) | रजतजयन्तीको उत्सवको आनन्द आजलाई मात्र सीमित नभई यो लामो समयसम्म जीवन्त एवं युगीन आनन्द र खुसीको रूपमा सञ्चार भइरहने कुरा यहाँ अभिव्यक्त भएको पाइन्छ । |

## ४.४ ध्वनिप्रक्रियात्मक विचलन

उच्चारणका क्रममा देखिने विचलन ध्वनिप्रक्रियात्मक विचलन हो । खास एकाइको उच्चारणमा पहिचान गर्न सकिने अन्तरलाई ध्वनि विचलन भनिन्छ (शर्मा, २०५९, पृ. २७) । भाषाको कुनै खास एकाइको उच्चारणमा मानकसँग स्पष्ट रूपमा छुट्याउन सकिने अन्तर नै ध्वनिप्रक्रियात्मक विचलन हो । ध्वनि विचलनको सिर्जनात्मक प्रयोग साहित्यिक भाषामा पाउन सकिन्छ तर यो अपेक्षाकृत रूपमा ज्यादै कम मात्रामा प्राप्त हुन्छ (तिवारी, १९७७, पृ. ४३) । ध्वनि विचलन मानक ध्वनिको स्थानमा ध्वनि परिवर्तन, ध्वनि लोप र ध्वनि आगमबाट उत्पन्न हुन्छ । स्रष्टाले आफ्नो सिर्जनालाई उत्कृष्टता दिन मानक ध्वनिको स्थानमा अर्कै ध्वनिको स्थापना गर्दछ । भाषा भनेको यादृच्छिक वाक् प्रतीकहरुको सार्थक र

सुव्यवस्थित शृङ्खला भएकाले यसका सबैभन्दा प्राथमिक संरचकतत्त्वहरू भनेका ध्वनि तथा वर्णहरू हुन् । त्यसैले प्रत्येक भाषामा आफ्नै प्रकारको ध्वन्यात्मक व्यवस्था हुन्छ, जुन निश्चित नियमद्वारा अनुशासित हुन्छ । वाक्यीय संरचनाको तहमा अनेक प्रकारका विचलनयुक्त वर्णात्मक ढाँचा पाइन्छ र त्यो सामान्य अभिव्यक्तिको वर्गात्मक अभिलक्षणभन्दा पृथक हुन्छ (लुइटेल र अन्य, २०६२, पृ. ८६) । ध्वनि विचलनले अभिव्यक्तिलाई ताजा र जीवन्त बनाएको हुन्छ । **आमाको सपना** कविता कृतिमा रहेका केही ध्वनि प्रक्रियात्मक विचलनका प्रतिनिधि नमुनाहरु निम्नानुसार छन् :

१. किन त्यो मेरो कलीझैं
**रोइने हाँसिने** भएन
समीप भएन ?

(एक गीत, पृ. १०/११)

२. तर त्यो फूल जसले
छाती थापी **पक्रेथ्यो**
त्यो थोपालाई तृप्ति दिने
जब जगमा अमृत **झरेथ्यो** ।

(फूल र क्षण, पृ. १२ )

३. घाममा हाँसिरहेका ती फूलहरु
छायामा **निदाउरिँदै** सुक्दै थिए

(मृत्यु, पृ. १३)

४. अब ती घरका खर **गहारा**
हुरी-भुमरीमा घुम्छन्

('...' प्रति, पृ. १५)

५. हाम्रो उचाइ कति ? नोर्के थुम्कोजति
हाम्रो आदर्श के ? **गोरखा**

(गोपालप्रसाद रिमालले बोलिरहेको खसकुरा, पृ. १६)

६. हे देवी **दुर्गे** जगत्की आमा, पुकार हाम्रो सुनिदेऊ
हामी नेपाली हाम्रो यो भाव सबमा जगाइदेऊ ।

(गीत, पृ. १७)

७. तिम्रै वनमा **पलेटी** कसेर
सफल **भएथ्यो** ऋषिहरूको जपना

(प्रश्न, पृ. १८)

८. सत्य छुन बढेका
या सत्यका रूप **भै** उठेका
मनका लहर्भैं सुन्दर

(प्रश्न, पृ. १८)

९. पञ्चभूतको आवरण **बेह्री**
तिमी बर्सने बादलभैँ
**ओह्लँदा** कर्म - जगत्मा

(प्रश्न, पृ. १९)

१०. पोल्टामा सुखका सपनाहरू हालेर
हरेक **पला** दौडिरहेछ

(यो के ? पृ. २१)

११. यो **वैराग** कसलाई भएको हो साथी
म सर्वसम्पन्न अर्थात् ईश्वर हुँ

(होश, पृ. २२)

१२. कामी, क्रोधीहरू आफ्नो मनोकामना
पूर्ण **गर्ना**का लागि अन्यायपूर्वक
धन जम्मा गर्ने चेष्टा गर्छन्

(होश, पृ. २३)

१३. मानव-वनमा कहिलेदेखि भर्न लाग्यो निर्भर
जसको इन्द्रधनुषले गर्दा जीवन **भो** सुन्दर - सुन्दर

(कवि हृदयमा, पृ. २४)

१४. निर्भर पर्वत, वनहरूमा सौन्दर्यको जति छाप छ
मानव-आत्मामा उत्तिकै **त्यै** रमणीयताको भाग छ !

(कवि हृदयमा, पृ. २४)

१५.	म अहिल्यै त नमरूँ नमरूँ !
मेरो यही एउटा इच्छा, यही एउटा पुकार
एउटै यो जिउँदो गुनासो रहीरही **ठुँग्ने** यो
एउटै पीर

(गुनासो, पृ. २५)

१६.	यस्तो प्रेम आखिर लीला न हो
लीलाले पनि मलाई **अलमलाउन** सकिनन्

(मेरो प्रेमको कथा, पृ. २९)

१७.	मलाई त क्रान्तिसित खेल्ने बानी छ
त्यसैले क्रान्तिले मेरो छहारी **सकार्नु** छ

(मेरो प्रेमको कथा, पृ. ३०)

१८.	मैले त क्रान्तिलाई सलामी **दिसकेँ**
क्रान्तिले मर्द भएर सलाम फर्काउन बाँकी नै छ ।
म त्यसैको **प्यासो** छु, त्यसैले प्रेमी छु ।

(मेरो प्रेमको कथा, पृ. ३०)

१९.	पूर्नेको जूनलाई किन पर्खेको ?
भेट्ने **उनै**लाई हो क्यारे,

(भेट, पृ. ३१)

२०.	उनको लाज नै उनको घुम्टो होस्
तिम्रो **अङ्गालो**ले उनलाई छोपोस्

(भेट, पृ. ३२)

२१.	हरे ! म कसरी तिमीलाई भनूँ कि यो मेरो
**बेवसी** हो, मेरो कमजोरी हो,
कि फूलले भन्दा पहिले संसारलाई
आफ्नो हृदयले **सिंगार**

(तिमी र म, पृ. ३३)

२२.	रातो र चन्द्र**सूर्जे** जङ्गी निसान हाम्रो ।
जिउँदो रगतसरि यो बल्दो यो सान हाम्रो ॥

(जङ्गी निसान हाम्रो, पृ. ३५)

२३. ... म कल्पना गर्न सक्तिनँ लहराजस्तै उसको वरिपरि
**बेह्रिन** पाउँदा मेरो कुनकुन तालमा नाच्ने होला ।

(म भन्न सक्तिनँ, पृ. ३६)

२४. पृथ्वी तँ आज खुम्चिन छाड् !
तेरो यो **सानू** देहले
हाम्रो छाती र कानलाई
ठाउँ पुऱ्याउन सक्ला र ?

(रजतजयन्ती, पृ. ४०)

२५. आज हामी **आनन्दी** छौँ !
आज हामी सुखी छौँ !

(रजतजयन्ती, पृ. ४१)

२६. अनि आफ्नो प्रेमी **अङ्गालो**मा बाँधिएर
हल्लिँदो मुटुको पीङ खेलेर उसको नानीमा ऊ
आफूलाई **निहारेर** हेर्नेछ,

(नारी, पृ. ४२)

२७. घाम-जून, जल-थल, आकाश-समीर **सब**ले
त्यसको स्याहारमा **सगाइदिए** ।

(आमाको बेदना, पृ. ४८)

२८. हिजोसम्म जसको क्षुद्रता नै सर्वस्व थियो
जो त्यही क्षुद्रतालाई **कुच्चीकुच्ची**
कायरताको ढालले बचाएर हिँड्थे

(परिवर्तन, पृ. ५१)

२९. हाहाकार **मच्छ** यहाँ पाप खुल्न थाल्दछ
सक जुगमा एक दिन एकचोटि आउँछ

(एक दिन एकचोटि आउँछ, पृ. ५२)

माथिका '१' देखि '२९' सम्मका तथ्याङ्कहरु (पक्रेथ्यो, झरेथ्यो, रोइने, हाँसिने, निदाउँरिदै, गहारा, गोरखा, दुर्गे, सब, भएथ्यो, भै, बेह्री, ओर्ह्लदै, पर्ला, वैराग, गर्नाका, भो,

त्यै, ठुँग्ने, अलमलाउन, सकार्नु, दिसकैँ, पूर्ने, उनैलाई, अङालो, बेवसी, सिंगार, सुर्जे, बेह्निन, सानू, आनन्दी, निहारेर, भमरा, सगाइदिए, कुच्रीकुच्री, मच्छ) मा ध्वनिप्रक्रियात्मक विचलनका अनौठा र स्वाभाविक दुबै प्रकारका दृष्टान्तहरु प्रशस्त मात्रामा रहेका देखिन्छन् । 'आमाको सपना' कविता सङ्ग्रहमा ध्वनिप्रक्रियात्मक विचलनलाई केही तथ्यसहित स्पष्टीकरण दिइएको छ :

**तालिका नं. ५**

| क.सं. | ध्वनिक्रमिक | विचलन |
|---|---|---|
| १ | पक्रेथ्यो (प्+अ+क्+र्+ए+थ्+य्+ओ) | पक्रेको थियो (प्+अ+क्+र्+ए+क्+आ+थ्+इ+य्+ओ) |
| २ | रोइने (र्+ओ+इ+न्+ए) | रुने (र्+उ+न्+ए) |
| ३ | हाँसिने (ह्+आ+ ँ +स्+इ+न्+ए) | हाँस्ने (ह्+आ+ ँ +स्+न्+ए) |
| ४ | गहारा (ग्+अ+ह्+आ+र्+आ) | गरा (ग्+अ+र्+आ) |
| ५ | नाउँ (न्+आ+उ + ँ ) | नाम (न्+आ+म्+अ) |
| ६ | गोरखा (ग्+ओ+र्+अ+ख्+आ) | गोर्खा (ग्+ओ +र्+ख्+आ) |
| ७ | अर्निको (अ+र्+न्+इ+क्+ओ) | अरनिको (अ+र्+अ+न्+इ+क्+ओ) |
| ८ | सब (स्+अ+ब्+अ) | सबै (स्+अ+ब्+अ+इ) |
| ९ | भएथ्यो (भ्+अ+ए+थ्+थ्+ओ) | भएको थियो (भ्+अ+ए+क्+ओ+थ्+इ+थ्+ओ) |
| १० | भै (भ्+अ+इ) | भई (भ्+अ+ई) |
| ११ | ओह्र्लँदा (ओ+ह्+ल्+अ+ ँ +र्+द्+आ) | ओर्लदा (ओ+र्+ल्+अ+द्+आ) |
| १२ | पला (प्+अ+ल्+आ) | पल (प्+अ+ल्+आ) |
| १३ | वैराग (व्+अ+इ+र्+आ+ग्+अ) | वैराग्य (व्+अ+इ+र्+आ+ग्+य्+अ) |
| १४ | भो (भ्+ओ) | भयो (भ्+अ+य्+ओ) |
| १५ | ठुँग्ने (ठ्+उ+ ँ +ग्+न्+ए) | ठुङ्ने (ठ्+उ+ङ्+न्+ए) |
| १६ | अशक्यता(आ+श्+अ+क्+थ्+अ+त्+आ) | अशक्तता (अ+श्+अ+क्+त्+अ+त्+आ) |

| | | |
|---|---|---|
| १७ | सकार्नु (स्+अ+क्+आ+र्+न्+उ) | स्विकार्नु (स्+व्+इ+क्+आ+न्+र्+उ) |
| १८ | पूर्ने (प्+अ+र्+न्+ए) | पूर्णिमा (प्+ऊ+ण्+र्+इ+म्+आ) |
| १९ | अङ्गालो (अ+ङ्+आ+ल्+ओ) | अँगालो (अ+ ँ +ग्+आ्+ल्+ओ) |
| २० | भन्या (भ+अ+न्+य्+आ) | भनेको (भ्+अ+न्+ए+क्+ओ) |
| २१ | बेवसी (ब्+ए+व्+अ+स्+ई) | बेहोसी (ब्+ए+ह्+ओ+स्+ई) |
| २२ | सिनित्तै (स्+इ+न्+इ+त्+त्+अ+इ) | सिनिक्क (स्+इ+न्+इ+क्+क्+अ) |
| २३ | बेह्रिन (ब्+ए+ह्+र्+इ+न्+अ) | बेरिन (ब्+ए+र्+इ+न्+अ) |
| २४ | पह्लाउन (प्+अ+ह्+ल्+आ+उ+न्+अ) | पलाउन (प्+अ+ल्+आ+उ+न्+अ) |
| २५ | टोहल्याएर (ट्+ओ+ह्+ल+आ+ए+र्+अ) | टोलाएर (ट्+ओ+ल्+आ+ए+र्+अ) |
| २६ | सगाइदिए (स्+अ+ग्+आ+इ+द्+इ+ए) | सघाइदिए(स्+अ+घ्+आ+इ+द्+इ+ए) |

यसरी माथिको तालिकामा प्रस्ट्याइएअनुसार कतै स्वाभाविक र कतै अनौठा प्रकारका ध्वनिप्रक्रियात्मक विचलन देखिन्छन् । अकारीभवन, आकारीभवन, उकारीभवन, ङकारीभवन, ध्वनिआगम, ध्वनिलोप आदि विभिन्न ध्वनिप्रक्रियात्मक विचलनका अवस्थाले 'आमाको सपना' कविता सङ्ग्रहमा अभिव्यक्तिगत सौन्दर्य, अर्थगत चमत्कार तथा अर्थगत वक्रता र आकर्षण पैदा भएको छ । यस्ता विभिन्न प्रकारका स्थानीय भाषिका तथा व्यक्तिभाषाको प्रयोगले अभिव्यक्तिमा मिठासपना उत्पन्न गरेको देखिन्छ ।

## ४.५ भाषिका विचलन

मानक वा स्तरीय भाषिकाका बिचबिचमा अन्य भाषिकागत विशेषताको प्रयोग गर्नु भाषिका विचलन हो (ढुङ्गेल र अन्य, २०५८, पृ. १३९) । स्रष्टाले साहित्यिक कृतिको रचना गर्दा मानक वा स्तरीय भाषाको प्रयोगसँगै त्यसका स्थानीय भाषिकाको प्रयोग समेत गर्दछ । सामान्यतया साहित्य सिर्जना भाषाको मानक रूपमै गरिन्छ तापनि कतिपय सन्दर्भमा विभिन्न प्रयोजनबाट सर्जकले मानकेतर अन्य भाषिकाका भाषिक एकाइहरुको पनि प्रयोग गर्न सक्छ (लुइटेल, २०६२, पृ. ९०) । यसरी लोकमा अथवा काव्यमा परिस्थिति अथवा प्रसङ्गानुकूलको भाषा प्रयोगलाई भाषिका विचलन भनिन्छ (चौधरी, ई. १९८३, पृ. २८४) । कहिलेकाहीँ स्रष्टाले भाषाको मानक शब्दबाट उसले आफ्नो अभिव्यक्त गर्न नपाइरहेको

अनुभूति गर्दछ, यस्तो स्थितिमा उसले मानक भाषाको शब्दलाई छोडी अमानक शब्दको शरण लिन पुग्दछ । वास्तवमा यो नै भाषिका विचलन हो ।

भाषिका विचलनमा भाषाका स्थानीय भेदहरूमा प्रचलित शब्दहरूलाई आवश्यकताअनुसार प्रयोग गरी मानक रूपबाट विचलन पैदा गराउने काम गरिन्छ । यस्ता विचलनले स्थानीयता, क्षेत्रीयता वा आञ्चलिकताको सिर्जनामा विशेष महत्त्व राख्दछ । साहित्यिक कृतिमा यस्तो विचलन सोद्देश्यपूर्ण र सार्थक हुन आवश्यक छ । रिमालद्वारा लिखित 'आमाको सपना' कवितासङ्ग्रहका कविताहरुमा रहेका शब्दगत कथ्यगत अभिलक्षण वा भाषिका विचलनका केही तथ्याङ्कहरूलाई तल प्रस्तुत गरिन्छ :

(क) नरुझिई आँसुले पाए
ताप्न जसले सुन्दर घाम
ती **देउता** हुन् वा ढुङ्गा हुन्

(आँसु, पृ. ९)

(ख) जब जगमा अमृत **झरेथ्यो**
के त्यो फूल फुल्यो ?

(फूल र क्षण, पृ. १२)

(ग) हाम्रो छाती कत्रो ? हिमालजत्रो
हाम्रो बारीको **नाउँ** के ? नेपाल

(गोपालप्रसाद रिमालले बोलिरहेको खसकुरा, पृ. १६)

(घ) तिमीलाई देख्नेबित्तिकै म **सास** लिएजत्तिकै
सपना लिन लाग्दछु ।

(यो के ?, पृ. २०)

(ङ) ... जसको इन्द्रधनुषले गर्दा जीवन **भो** सुन्दर-सुन्दर

(कवि हृदयमा, पृ. २४)

(च) मानव-आत्मामा उत्तिकै **त्यै** रमणीयताको भाग छ !

(कवि हृदयमा, पृ. २४)

(छ) एउटी काली **ठिटी** थिइन् बोल्नै सकिनन्
मेरो रवाफ सहनै सकिनन् ।

(मेरो प्रेमको कथा, पृ. २९)

(ज) मैले त क्रान्तिलाई सलामी **दिसकेँ** ।

(मेरो प्रेमको कथा, पृ. ३०)

(झ) **पूर्नेको** जूनलाई किन पर्खेको ?
भेट्ने उनैलाई हो क्यारे

(भेट, पृ. ३१)

(ञ) **भैगो भन्या' भैगो**
तिम्रो दया मलाई चाहिन्न

(तिमी र म, पृ. ३३)

(ट) जबसम्म चन्द्र**सूर्जे** आकाशमा रहन्छन् ।
तबसम्म हुन्छ आफ्नै रातो रगत यो हाम्रो ।

(जङ्गी निसान हाम्रो, पृ. ३५)

(ठ) नारीलाई लुकेर हेरेको सम्झँ, ऊ **सिँगार** गर्न लागेकी छ ।

(नारी, पृ. ४२)

(ड) ... अनि फेरि ऐनामा प्रतिबिम्बित आफ्नो हरेक
अङ्गलाई **टोलाउँदै निहार्दी** रहिछ

(नारी, पृ. ४२)

(ढ) ऊ **झाँक्रो** फिंजाएर युद्धमा आँधी भएर आउँदा
संसारलाई मसान तुल्याउँदै **हुर्रिएकी** पनि छ ।
यो त कथा **भो** सुनेको कथा **भो** ।

(नारी, पृ. ४३)

(ण) म हारेको अनुहार हेर्दिनँ
लडाइँबाट पीठ फर्काउनेको निम्ति
मेरो घरको **दैला** खुल्दैन ।

(सान्त्वना, पृ. ५५)

माथि 'क' देखि 'ण' सम्म प्रस्तुत गरिएका उदाहरणहरुमा विभिन्न नेपाली भाषिकाका शब्दगत तथा कथ्यगत विचलन पैदा गरिएको छ । सामाजिक वर्ग, संस्कृति, शिक्षा, धर्म, जाति, स्तर आदिको भिन्नताबाट नेपाली भाषाको सामाजिक भेदका विशेषताहरूलाई पनि कवि गोपालप्रसाद रिमालको 'आमाको सपना' कविता सङ्ग्रहका कवितामा प्रयोग गरेको

पाइन्छ । यहाँ प्रयोग भएका उदाहरणलाई भाषिका विचलन र सन्दर्भगत मानकका रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ

**तालिका नं. ६**

| क्र.सं. | भाषिका विचलन | सन्दर्भगत मानक |
|---|---|---|
| १ | झरेथ्यो | झरेको थियो |
| २ | नाउँ | नाम |
| ३ | भो | भयो |
| ४ | त्यै | त्यही |
| ५ | ठिटी | केटी |
| ६ | पूर्ने | पूर्णिमा |
| ७ | उनैलाई | उनलाई |
| ८ | भन्या | भनेको |
| ९ | सूर्जे | सूर्य |
| १० | टोह्लाउँदै | टोलाउँदै |
| ११ | भो | भयो |
| १२ | पीठ | पिठ्युँ, ढाड |

यसरी उल्लिखित उदाहरणहरु 'आमाको सपना' कविता सङ्ग्रहमा प्रयोग भएका भाषिक विचलनहरू हुन् । नेपाली भाषाका विभिन्न भाषिका तथा सामाजिक भाषिक भेदको प्रयोग कविताहरुमा यत्रतत्र भएको पाइन्छ । यस्ता नेपाली जनबोलीका झर्रा शब्दको प्रयोगले 'आमाको सपना' कविता सङ्ग्रह निकै उत्कृष्ट बन्न पुगेको छ ।

## ४.६ सुझाव

यस शोधका क्रममा विभिन्न प्रकारका व्याकरणिक कोटि विचलनहरुलाई यहाँ अध्ययन गरी सकिएको छ । स्त्रीलिङ्ग क्रियापदलाई पुलिङ्ग बनाएर कविले केही स्थानमा प्रयोग गरेका छन् । त्यसैगरी षष्ठी विभक्तिको उचित प्रयोग नहुँदा वचन विचलनको समस्या देखिएको छ । कतिपय स्थानमा कर्ता र वचन मिल्दैनन् । यो पनि अर्को व्याकरणिक

कोटि विचलनको समस्याको रूपमा देखिन्छ । पदक्रमको विचलन व्याकरणको नियम अनुसार बेठिकै भए पनि साहित्यिक प्रयोजनका दृष्टिले सुन्दर लाग्दछन् । कोशीय विचलनका कारणले कतिपय वाक्यगत अर्थ अस्पष्ट हुन पुगेको पाइन्छ । त्यसैगरी अर्थ विचलको कारण एउटा विषयको उठानबाट अर्कै विषय ध्वनित भएको पाइन्छ । कारक, ध्वनि प्रक्रियात्मक ,भाषिका विचलनले पनि कविता सङ्ग्रहका धेरै स्थानमा समस्या सिर्जना गरेको देखिन्छ ।

त्यसैले कुनै पनि साहित्यिक स्रष्टाले कुनै कृति रचना गर्दा यी विचलनहरुलाई बढी ख्याल गर्नु पर्ने देखिन्छ । भाषा नै अभिव्यक्तिको माध्यम भएकाले अर्थको अनर्थ पनि लाग्न सक्छ । भाषिक विचलनलाई सुक्ष्म रूपमा अध्ययन गर्दै साहित्यक विधाको बिजारोपण गर्नुपर्ने आवश्यकता यस अध्ययनबाट पुष्टि हुन्छ ।

# अध्याय पाँच
# सारांश, निष्कर्ष र उपयोगिता

## ५.१ सारांश

कवि गोपालप्रसाद रिमाल नेपाली साहित्यका क्षेत्रमा उत्कृष्ट व्यक्तित्व हुन् । वि.सं. २०१९ सालको मदन पुरस्कार प्राप्त गर्न सफल यो 'आमाको सपना' रिमालको उत्कृष्ट एकमात्र कवितासङ्ग्रह हो । व्याकरणिक कोटी विचलनका दृष्टिले 'आमाको सपना' कवितासङ्ग्रहको अध्ययनमा केन्द्रित भएर गरिएको प्रस्तुत शोधपत्रको अध्ययनलाई निष्कर्षमा निम्न अनुसारले प्रस्तुत गरिएको छ :

शैलीवैज्ञानिक समीक्षकले साहित्यिक भाषाको बाह्य तथा आन्तरिक सौन्दर्यको उद्घाटन गर्दछ । सर्जकले आफ्नो लेखनशैली भाषाको माध्यमबाट प्रकट गर्दछ जुन भाषा आफ्नो प्रचलित संरचनागत मार्गबाट भिन्न भई स्रष्टाको विषयगत दृष्टिबाट सञ्चालन हुन थाल्दछ, यसको अध्ययन शैलीविज्ञानले गर्दछ ।

साहित्यिक भाषामा व्याकरणिक कोटि विचलन एउटा विशिष्ट प्रक्रिया हो । प्रचलित परम्पराका कारण रुढ र यान्त्रिक बन्न पुगेको अभिव्यक्तिको सामान्य भाषिक पद्दतिका विरुद्ध काव्यिक शैलीमा विलक्षण र नवीनतम प्रयोगहरू, वक्रोक्तिको विशिष्ट कौशल तथा अभिव्यञ्जनाको नवीन ढाँचालाई प्रस्तुत  गर्ने प्रणाली नै व्याकरणिक विचलन हो ।

पञ्चभूमिमा रहेको सूचनालाई अग्रभागमा ल्याई नवीनताको सिर्जना गर्नु नै अग्रभूमिनिर्माण हो । रचनाको कुनै भागलाई विशिष्ट बनाई सौन्दर्य प्रकट गर्न यसको प्रयोग उत्कृष्ट हुन्छ । साहित्यिक कृतिमा अग्रभूमि अभिव्यक्तिका कुनै पक्षलाई भङ्गिमाको वक्रताद्वारा तिख्याउनु वा उध्याउनु हो । बढी रुढ तथा यान्त्रिक भएका संवेदनालाई तोडी त्यसमा सजीवता ल्याउनु नै यसको उद्देश्य हो । यस प्रविधिलाई सार्थक तुल्याउने विचलन र समानान्तरता गरी दुई पद्दति रहेका छन् ।

विचलनका प्रकारका बारेमा विभिन्न विद्वान्हरुका बिचमा मतभिन्नता भए तापनि व्याकरणिक विचलनलाई प्रमुख बनाएर त्यसैका आधारमा 'आमाको सपना' कवितासङ्ग्रहको विश्लेषण गरिएको छ ।

'आमाको सपना' कविताको भाषिक संरचना र अर्थ सङ्गतिमा उद्देश्यपूर्ण विचलनहरु प्रशस्त मात्रामा रहेका छन् । प्रभावकारी अभिव्यक्तिका लागि व्याकरणिक कोटी विचलन र

अर्थ विचलन नै बढी शक्तिशाली अवस्थामा रहेका छन् । भाषिक सौन्दर्यमा देखा परेको गुणात्मकतालाई यिनै विचलनका दुई पद्धतिले सार्थक र सोद्देश्यपूर्ण बनाइदिएका छन् । यस अतिरिक्त अन्य विचलनले सौन्दर्य चेतना, जीवन चेतना र भाषिक शिल्पमा नवीनताका आयामहरू थप्ने कार्य भने गरेका छन् ।

व्याकरणिक नियमको उल्लङ्घन गर्नु व्याकरणात्मक विचलन हो । 'आमाको सपना' कवितासङ्ग्रहमा पदक्रम विचलन, विशेषण विचलन, क्रिया विचलन, लिङ्ग विचलन, कारक विचलनको प्रयोग सोद्देश्यपूर्ण ढङ्गले गरिएको पाइन्छ । पदक्रम विचलनको उदाहरण जस्तै : नभन प्रिय यिनलाई पिन्चे आँसुकण । होइनन् प्रिय ! यी विवशताका चिह्न । विशेषण विचलनको प्रयोग राणाशासकको क्रुरता, तीव्र क्रान्तिको चाहना तथा मानवीय संवेदनहीनता जस्ता कुरालाई व्यङ्ग्य गर्नका लागि प्रयोग गरिएको छ । जस्तै : उत्ताउलो उचाइ, आनन्दका टाकुरा, आँसुको ज्वारभाटा आदि ।

यस कृतिमा क्रियापदको अनियमित प्रयोग गरिएको छ । निर्जीव नामका साथ सजीव क्रियाको प्रयोगले क्रियाविचलन सिर्जना हुन पुगेको हो । जस्तैः स्वर्गले आफ्नो छाया देख्यो । त्यस्तै वचनगत विचलन, कारक विचलन, लिङ्ग विचलन जस्ता व्याकरणिक विचलनका उदाहरणहरु प्रशस्त रूपमा पाइन्छन् । जसले अभिव्यक्तिलाई प्रभावकारी तथा लाक्षणिक एवं व्यञ्जनात्मक बनाएका छन् ।

यस कृतिमा व्याकरणिक कोटीमा पर्ने आदर, पुरुष, काल, पक्ष, भाव, वाच्यका तहमा विचलन देखिएको छैन । यसका अलवा अन्य व्याकरणिक कोटीका तहमा भने स्पस्ट रूपमा विचलनको अवस्था सिर्जना भएको देखिन्छ ।

'आमाको सपना' कवितासङ्ग्रहका कविताहरुमा अर्थ विचलन पनि निकै सशक्त रूपमा आएका छन् । वाक्यले दिने अभिधामूलक अर्थलाई अस्वीकार गरी विशिष्ट अर्थमा व्यञ्जित हुनुले कवितामा अर्थ विचलनको स्थिति देखापर्दछ । कवि रिमालले आफ्ना कवितामा अर्थ विचलनलाई विशेषगरी सामाजिक, आर्थिक र राजनैतिक परिवर्तनका लागि प्रयोग गरेका छन् ।

'आमाको सपना' कवितासङ्ग्रहका कविताहरूमा ध्वनि प्रक्रियात्मक विचलन पनि अन्य विचलन सँगसँगै निकै सशक्त रूपमा प्रयोग भएका छन् । यस्ता विचलनले विशेषगरी सामाजिक, राजनैतिक, प्रशासनिक आदि क्षेत्रका विकृति र विसङ्गति व्यक्त गर्नका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । 'आमाको सपना' कविता सङ्ग्हमा व्याकरणिक

विचलनको अवस्था समग्रमा सहज, सुन्दर र ठिक देखिन्छ । विचलनले कृतिको उचाईमा, भाषिक सुन्दरतामा कुनै कमी ल्याएको छैन ।

## ५.२ निष्कर्ष

'आमाको सपना' कवितासङ्ग्रहमा विभिन्न प्रकारका कोटि विचलन रहेको कुरा यस अध्ययनले स्पष्ट पारेको छ । यस कविता सङ्ग्रहमा व्याकरणिक कोटि विचलनका कारण भाषा अधिक मात्रामा लाक्षणिक र व्यञ्जनायुक्त तथा परिष्कृत बन्न पुगेको छ । क्रियापदविहीन वाक्य, आशययुक्त शीर्षक, छोटाछरिता पङ्क्तिले कवितामा निखारता ल्याएको छ । विचार प्रवाह गर्न शब्दकोश र व्याकरण बाधक बने त्योभन्दा माथिबाट रिमालले विचारलाई प्रवाह गरेका छन् । नेपालीहरुको क्रान्तिचेतना, स्वतन्त्रता प्राप्तिको चाहना, प्रजातन्त्रप्रतिको लगाव तथा क्रान्तिको उत्कट अभिलाषा उनका कवितामा खहरे गड्गडाएझै उर्लीएर आएका छन् । फरक किसिमका यथार्थपरक बिम्ब र प्रतीकको चोटिलो संयोजनले  कवितासङ्ग्रह सुन्दर एवं उत्कृष्ट बन्न पुगेको छ ।

## ५.३ उपयोगिता

यस शोधबाट 'आमाको सपना' कविता सङ्ग्रहमा व्याकरणिक कोटी विचलनका सम्बन्धमा अध्ययन गर्न चाहने लेखक, पाठक वा स्रष्टालाई लाभदायी हुने देखिन्छ । त्यसैगरी  कविता लेखनतर्फ आकर्षित हुन चाहने हरेक व्यक्तिका निम्ति  व्याकरणिक कोटि विचलनका बारेमा सचेत रहदै सही ढङ्गले कविता सिर्जना गर्न सकिने मार्गदर्शन पनि प्राप्त गर्न सकिन्छ ।

समग्रमा यस अध्ययनबाट व्याकरणिक विचलनका बारेमा ज्ञान हाँसिल गर्दै अन्य कृतिमा पनि केकस्ता विचलन छन् भन्ने कुराको खोज एवं अनुसन्धान गर्न सहज भएको छ ।  त्यसैगरी अन्य विभिन्न विचलनका बारेमा अनुसन्धान गर्न चाहने अनुसन्धातालाई मार्ग प्रशस्त पनि गरेको छ ।

# सन्दर्भ सामग्रीहरू


अधिकारी, इन्द्रविलास (२०६१), **पश्चिमी साहित्य सिद्धान्त**, ललितपुर : साझा प्रकाशन ।

अधिकारी, हेमाङ्गराज (२०६०), शैलीविज्ञान : पृष्ठभूमि र विश्लेषण प्रक्रिया, **सम्प्रेषण** (वर्ष १, अङ्क १)

चौधरी, सत्यदेव (इ. १९८३), **भारतीय शैलीविज्ञान**, दिल्ली : अलङ्कार प्रकाशन ।

जोशी, रत्नध्वज (२०२१), नयाँ जीवन र नयाँ कविता, **कविता** (वर्ष १, अङ्क १) ।

ढकाल, विप्लव (२०६७), 'समकालीन नेपाली कवितामा भाषिक विचलन', **प्रज्ञा**, काठमाडौँ :

ढुङ्गेल, भोजराज र दाहाल दुर्गाप्रसाद ( २०५८ ) **प्रायोगिक भाषा विज्ञान**, काठमाडौं : एम. के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

तिवारी, भोलानाथ (इ.१९७७), **शैलीविज्ञान**, दिल्ली : शब्दाकार ।

थापा, हिमांशु (२०३६), **साहित्य परिचय,** ललितपुर : साझा प्रकाशन ।

पोखरेल, भानुभक्त (२०५९), **सिद्धान्त र साहित्य** ललितपुर : साझा प्रकाशन ।

बन्धु, चूडामणि, सम्पा. (२०६२), **अनुसन्धान विधिका केही पक्ष**, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

बन्धु, चूडामणि, सम्पा. (२०६२), **नेपाली कविता भाग ३**, ललितपुर : साझा प्रकाशन ।

भण्डारी, पारसमणि र पौडेल, माधवप्रसाद (२०६७), **प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

रिमाल विशेषाङ्क (२०३२) **नौलो नेपाली** , पाक्षिक (वर्ष ९, अङ्क २) ।

रिमाल, गोपालप्रसाद (२०७०) **आमाको सपना,** ललितपुर : साझा प्रकाशन ।

लुइँटेल, खगेन्द्रप्रसाद (२०६२), **कविताको संरचनात्मक विश्लेषण**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०५९), **शैलीविज्ञान**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

# व्यक्तिगत विवरण



**नाम** : एकराज गिरी

**जन्ममिति** : २०३८।०६।१८

**पिताको नाम** : मानबहादुर गिरी

**माताको नाम** : देवकुमारी गिरी

**ठेगाना**

स्थायी : कनकाई-१, सुरुङ्गा प्रजापति

अस्थायी : बिर्तामोड -१,जगतवस्ती शान्तिटोल

**सम्पर्क** :

मोबाइल : ९८४२६३४१६१/९८०७९४४६४४

इमेल : yekrajgiri@gmail.com

**नागरिकता** : नेपाली

**धर्म** : हिन्दू

**मातृभाषा** : नेपाली

**भाषिक क्षमता** : नेपाली, हिन्दी, अंग्रेजी

**वैवाहिक स्थिति** : विवाहित

**श्रीमति** : सुजाता आचार्य (गिरी)

**छोरी** : समृद्धि गिरी

**शैक्षिक योग्यता** :

| क्र.सं. | तह | अध्ययन गरेको संस्था | उत्तीर्ण वर्ष | श्रेणी |
|---|---|---|---|---|
| १ | प्रवेशिका | श्री भृकुटी मा.वि., घैलाडुब्बा, झापा | २०५४ | द्वितीय |
| २ | प्रवीणता प्रमाणपत्र | श्री गोमेन्द्र बहुमुखी कलेज, बिर्तामोड झापा | २०५७ | द्वितीय |
| ३ | स्नातक | श्री कनकाई बहुमुखी कलेज, सुरुङ्गा, झापा | २०६५ | द्वितीय |
| ४ | स्नातकोत्तर | श्री कनकाई बहुमुखी कलेज सुरुङ्गा,झापा | २०६७ | |

**तालिम** :

१.इन्टल कम्प्युटर र प्यासिफिक कम्प्युटर इन्स्टीच्यूटबाट छ महिने कम्प्युटर तालिम

२. पत्रकारिता,खोज पत्रकारिता,असल शासन,सामाजिक अभियन्ता, शान्तिका लागि सहजकर्ता लगायतका दर्जनौ तालिम

**अनुभव**

१. २०५४ सालदेखि पूर्वाञ्चल दैनिकबाट पत्रकारिता सुरु ।
हाल पूर्वाञ्चल दैनिकको सम्पादक र रेडियो नेपालको झापा संवाददाता । त्यसवीचमा विभिन्न राष्ट्रिय पत्रिकाको जिल्ला संवाददाता तथा स्यानीय एफ एममा सम्पादकको भूमिका निर्वाह ।

**प्रकाशित कृति**

१. जनआन्दोलन-२

**संलग्नता**

१.नेपाल पत्रकार महासंघ झापा- सचिव

२. नेपाल रेडक्रस सोसाइटी बिर्तामोड- सचिव

३. राष्ट्रिय उपभोक्ता मञ्च झापा- सहसचिव

४. नेपाल भारत मैत्री संघ- आजीवन सदस्य

**पुरस्कार**

१. भ्रष्ट्राचारविरुद्धको पूर्वाञ्चलस्तरीय पत्रकारिता पुरस्कार (टान्सपरेन्सी इन्टरनेशनल बिराटनगर २०६१)

२. राष्ट्रिय स्वास्थ्य पत्रकारिता पुरस्कार (स्वास्थ्य मन्त्रालय सन् २००५)

३. राष्ट्रिय शिक्षा पत्रकारिता लेखनवृत्ति पुरस्कार(शिक्षा मन्त्रालय र नेपाल पत्रकार महासंघ २०६५)

४.हरित क्रान्ति पत्रकारिता पुरस्कार (हरियाली बचाउ आन्दोलन २०६६)

५. राष्टिय शिक्षा पत्रकारिता पुरस्कार(पूर्वाञ्चल क्षेत्रका लागि) (शिक्षा मन्त्रालय र नेपाल पत्रकार महासंघ २०६९)

६. वातावरण पत्रकारिता राष्ट्रिय पुरस्कार (वातावरण मन्त्रालय २०७०)

७. लक्ष्मी मावि उत्कृष्ट शिक्षा पत्रकारिता पुरस्कार २०७१

८. बालसुबोधिनी निमावि उत्कृष्ट शिक्षा पत्रकारिता पुरस्कार २०७१

९. सहकारी पत्रकारिता पुरस्कार(डिभिजन सहकारी कार्यालय झापा २०७१)

**सम्मान, कदर तथा प्रशंसा पत्र**

१. विभिन्न दुई दर्जन बढी संस्थाबाट सम्मान,कदर तथा प्रशंसा पत्र प्राप्त